
सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक, २०८३



संघीय संसद सचिवालय

संसद भवन

सिंहदरबार

उद्देश्य र कारण

सार्वजनिक खरिद सम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयमा थप प्रतिस्पर्धा एवं स्वच्छता कायम गर्दै ईमान्दारीता र जवाफदेहीता प्रवर्द्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढङ्गबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्न र सार्वजनिक निकायले निर्माण कार्य गर्दा गराउँदा, मालसामान, परामर्श सेवा तथा अन्य सेवा खरिद गर्दा त्यस्तो खरिदको व्यवस्थापन क्षमता अभिवृद्धि गरी उत्पादक, बिक्रेता, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवाप्रदायकलाई विना भेदभाव सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुने समान अवसर सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्न सार्वजनिक खरिद ऐनमा रहेका व्यवस्थाहरूलाई संशोधन गर्न आवश्यक भएकोले "सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक २०८३ " प्रस्ताव गरिएको हो।

यस विधेयकमा आयोजना सञ्चालन गरी सम्पन्न गर्न लाग्ने समयावधिलाई मध्यनजर गरी बोलपत्र आह्वान देखि अन्य म्यादलाई उल्लेख्य रूपमा घटाइएको छ। मल, औषधि र सूचना प्रविधि जस्ता अत्यावश्यक र संवेदनशील वस्तुका लागि विशेष कार्यविधि बनाएर खरिद गर्न सकिने लचिलो व्यवस्था गरिएको छ। सार्वजनिक खरिदमा स्वदेशी मालसामान खरिदलाई प्राथमिकता दिने, सार्वजनिक खर्च कटौति गर्न ई-मार्केटप्लेस को अवधारणा लागू गर्ने, भेरिएशन आदेश जारी गर्ने अधिकारलाई जिम्मेवार बनाउने जस्ता प्रावधानहरु समावेश गर्न आवश्यक परेकोले संशोधन विधेयक प्रस्ताव गरिएको हो।

वालेन्द्र शाह
प्रधानमन्त्री

आर्थिक टिप्पणी

प्रस्तुत विधेयकमा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकार, मन्त्रिपरिषद्ले स्वीकृत गरेको नर्म्स अनुसार गर्नु पर्नेछ। "बोल अङ्क घटाघट गर्ने (रिभर्स अक्सन) खरिद विधि" अनुसार खरिद गर्न सकिने व्यवस्था, प्रतिष्पर्धालाई सङ्कुचित र सीमित गर्ने गरी वा खरिद विधि परिवर्तन हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न निषेध गरेको, बोलपत्रदाताको योग्यता गणना गर्दा बोलपत्र पेस गर्नु अघि दुई वा सो भन्दा बढी कम्पनी वा फर्म एकीकरण भएकोमा त्यसरी एकीकरण हुनुभन्दा अघि कायम रहेका कम्पनी वा फर्मको योग्यतालाई एकीकरण भई कायम भएको फर्म वा कम्पनीको योग्यतामा गणना गरिने, सूचना प्रकाशन गर्दा राष्ट्रियस्तरको बोलपत्र वा पूर्व योग्यता निर्धारणको प्रस्ताव आह्वानको सूचनाको हकमा **कम्तीमा तिस दिन** र अन्तर्राष्ट्रियस्तरको बोलपत्र वा पूर्व योग्यता निर्धारणको प्रस्ताव आह्वानको सूचनाको हकमा **कम्तीमा तिस दिनको** अवधि दिनुपर्नेछ, सार्वजनिक निकायले गर्ने खरिदमा स्वदेशी मालसामानलाई तोकिए बमोजिम प्राथमिकता दिनु पर्नेछ। यसरी प्राथमिकता दिने कुरा बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गर्नु पर्नेछ, सार्वजनिक खरिद अनुगमन कार्यालयबाट तयार गरिएको सरकारी ई-मार्केटप्लेसमा प्रकाशित मालसामान तथा सेवा तोकिए बमोजिमको रकमसम्म सोझै खरिद गर्न सकिने, सार्वजनिक निकायले व्यापारिक वा व्यावसायिक प्रयोजनको लागि जग्गा खरिद गर्नुपर्ने भएमा तोकिएबमोजिमको कार्यविधि अपनाई खरिद गर्न सक्ने जस्ता व्यवस्थाको कारण सार्वजनिक कोषको सदुपयोग हुने र सार्वजनिक खरिद थप मितव्ययी हुनेछ। सार्वजनिक निकायले व्यापारिक वा व्यवसायिक प्रयोजनका लागि खरिद गर्न सकिने जग्गा लगायतका खरिद सामाग्रिको लागत यति नै हुन्छ भनेर अहिले नै एकिन गर्न नसकिने तर सो खरिद गर्दा कानूनी प्रक्रिया पुरा गरी मितव्ययी ढंगले गरिने विश्वास गरिएको छ।

प्रस्तुत विधेयकबाट मौजुदा संरचनाको सदुपयोग गरी काम कारवाही हुने भएकोले यसैको कारण थप आर्थिक दायित्व पर्न जाने देखिदैन। आगामि दिनमा सार्वजनिक कोषको थप सदुपयोग भई राष्ट्रिय अर्थतन्त्र थप आत्मनिर्भर हुने गरी प्रस्तुत "सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक २०८३ " प्रस्ताव गरिएको छ।

वालेन्द्र शाह
प्रधानमन्त्री

"सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक २०८३ " को व्याख्यात्मक टिप्पणी

"सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक २०८३ " मा रहेका प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी देहाय बमोजिम रहेको छ।

व्याख्यात्मक टिप्पणी

दफा नं.	दफा शिर्षक	व्याख्यात्मक टिप्पणी
२	परिभाषा	• यस दफामा ऐनमा पटक पटक प्रयोग भएका शब्दहरूलाई परिभाषित गरिएको छ।
४क	पूर्वतायारी गर्नुपर्ने	• पूर्वतयारीबिना खरिदसम्बन्धी प्रक्रिया अगाडि बढाउँदा खरिद कार्य असफल भई रूग्न हुन सक्ने सम्भावना भएकोले सो अवस्था हटाउनको लागि यो प्रावधान ऐनमा राखी बाध्यात्मक बनाइएको।
५	लागत अनुमान तयार गर्नपर्ने	• विभिन्न निकायहरुबाट नर्म्स तयार गरि नेपाल सरकारबाट स्विकृत गराउँदा एउटै कामको लागि पनि फरक फरक नर्म्स भएको देखिएकोले एकरुपता ल्याउनको नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्विकृत हुन मनासिब देखिएकोले ।
७	खरिद कार्यको जिम्मेवारी	• सम्बन्धित सार्वजनिक निकाय, निर्माणकर्ता, आपूर्तिकर्ता, परामर्शदातालाई बढी जिम्मेवार बनाउनु पर्ने देखिएकोले ।
८	खरिद विधि छनौट गर्नुपर्ने	• यस दफामा सार्वजनिक निकायले खरिद गर्दा अपनाउनु पर्ने विधिको व्यवस्था गरेकोमा यस संशोधनबाट नयाँ विधि कबोल अङ्क घटाघट गर्ने) रिभर्स अक्सन (खरिद विधि थप गरिएको छ। • छोटो समयमा छोटो खरिद प्रक्रिया अपनाई साना खरिद गर्ने प्रयोजनले यो विधि थप गरिएको हो। • साथै यस दफामा टुक्रा टुक्रा पारी खरिद गर्नु हुँदैन भनी रहेको व्यवस्थालाई संशोधन गरी प्रतिष्पर्धालाई सङ्कुचित र सीमित गर्ने गरी ठूला ठूला प्याकेज बनाई वा प्रतिष्पर्धालाई सङ्कुचित र सीमित गर्ने गरी वा खरिद विधि परिवर्तन हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने गरी भन्ने व्यवस्था राखिएको छ।
१०	बोलपत्रदाता वा प्रस्तावदाताको योग्यता	• बोलपत्रदाताको क्षमता अनुसार मात्र खरिद कार्यको लागि छनौट गर्नुपर्ने व्यवस्था गर्न उपयुक्त देखिएकोले।

दफा नं.	दफा शिर्षक	व्याख्यात्मक टिप्पणी
११	बोलपत्रका प्रक्रिया र चरण	• दुई खाम प्रणालीको व्यवस्था ऐनमा नै उल्लेख गर्न उपयुक्त देखिएकोले तथा एक खाम प्रणालीलाई समेत थप स्पष्ट व्यवस्था गर्न उपयुक्त देखिएकोले।
१३	बोलपत्र सम्बन्धी कागजात तयार गर्नुपर्ने	• बोलपत्रको मूल्याङ्कन गर्दा बोलपत्रदाताको विगतको कार्यसम्पादन स्तरलाई समेत आधार बनाउन उपयुक्त हुने हुँदा थपिएको • मालसामान खरिद कार्यमाvalue for money लाई विचार गर्नको लागि सुरू लागत बाहेक त्यसको सञ्चालन खर्च तथा पुनः बिक्री मूल्यलाई समेत मूल्याङ्कन गर्न आवश्यक भएकोले
१४	बोलपत्र आह्वन	• विद्युतीय खरिद प्रणालीमा बोलपत्र आव्हान गरिसकेपछअन्य माध्यममा बोलपत्र आव्हानको सूचना प्रकाशन नगर्दा मितव्ययी हुने। • वेव साइटमा सूचना प्रकाशन गर्ने सम्बन्धी व्यवस्थालाइ थप स्पष्ट पारिएको ।
२५	बोलपत्त मुल्याङ्कन	• दुई खाम र एक खामसम्बन्धी व्यवस्था विस्तृत गरिएको
२६	बोलपत्र अस्वीकृत गर्ने वा खरिद कारबाही रद्द गर्ने	• बोलपत्रदाताले कबोल गरेकोअङ्क लागत भन्दा सारभुतरुपमा बढी भइ खरिद कारवाही रद्द गरि पुन बोलपत्र आव्हान गर्दा खरिद प्रक्रियामा ढिलाइ भइ समयमा खरिद गर्न नसकिने हुनाले न्यून कबोल गर्ने बोलपत्रदाताले बोलअङ्क घटाउन सहमत गरेको खण्डमा सो बोलअंक घटाउँदा खरिद कारवाही रद्द गर्नुपर्ने अवस्था नहुने हुनाले समयमा नै खरिद गर्न सकिने हुँदा सो लागि आवश्यक प्रावधान राखिएको ।
२७	बोलपत्रको स्वीकृती र खरिद सम्झौता	• दुई वा दुई भन्दा बढी सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताहरुको बोलअङ्क बराबरहुन आएमा निर्णय हुन कठीन हुने अवस्था देखिएकोले आवश्यक व्यवस्था गरिएको । • साथै औसत अङ्कसँग बराबर नजिक हुने गरी कम र बढी समेत कबुल गर्न सकिने भएकोले सो सम्बन्धमा स्पष्ट पार्न समेत व्यवस्था गर्न आवश्यक भएको।
३०	खुला रुपमा आसयपत्र माग गरि संक्षिप्त सूची तयार गर्नु पर्ने	• खरिद प्रणाली विद्युतीय खरिद प्रणालीमा आबद्ध भएकोले । • विद्युतीय खरिद प्रणाली मार्फत आशयपत्र आह्वान नगरिएको अवस्थामा सूचना प्रकाशन गर्ने सम्बन्धमा व्यवस्था गर्न

दफा नं.	दफा शिर्षक	व्याख्यात्मक टिप्पणी
३६	प्रस्ताव अस्वीकृत गर्ने र खरिद कारबाही रद्द गर्ने	• छनौट भएको प्रस्तावदाताको लागत सारभूत रुपमा बढी भएमा, सो भन्दा कम अङ्क प्राप्त गर्ने प्रस्तावदाताको कबोल रकम लागत अनुमान र उपलब्ध बजेटभन्दा सारभूतरूपमा बढी नभएमा छनोट गर्न सक्ने व्यवस्था थप भएको।
३८	खरिद सम्झौता गर्ने	• परामर्शदाताहरुबाट समेत सम्झौताबमोजिम कार्य सम्पन्न नगर्ने प्रवृति बढिरहेको सन्दर्भमा थप जिम्मेवार बनाउन आवश्यक भएकोले परामर्शदातालाई समेत कार्यसम्पादन जमानतको व्यवस्था गर्न आवश्यक भएको • परामर्शदाताको व्यक्तिगत त्रुटिका कारण भएको क्षतिलाई बिमाको बाट पूर्ति गर्न आवश्यक देखिएको
४०	सिलबन्दी दरभाउपत्र सम्बन्धि व्यवस्था	• विद्युतीय खरिद प्रणालीमा सिलबन्दी दरभाउपत्र आव्हान गरिसकेपछि अन्य माध्यममा प्रकाशन नगर्दा मितव्ययी हुने ।
४१	सोझै खरिद सम्बन्धी व्यवस्था	• प्रोप्राइटरी स्वरुपको मालसामान वा सेवा खरिद आधिकारिक आपूर्तिकर्ता वा सेवाप्रदायकबाट पनि गर्न सकिने प्रावधान राख्न उपयुक्त हुने देखिएकोले
४१क	सरकारी ई-मार्केटप्लेस सम्बन्धी व्यवस्था	• सार्वजनिक खरिदको लागि छोटो समयमा नै खरिद प्रक्रिया टुंगाउन आवश्यक देखिएको र नयाँ विधिको प्रयोग गर्न पनि आवश्यक देखिएले सार्वजनिक खरिद अनुगमन कार्यालयबाट विद्युतीय प्रणाली मार्फत नयाँ खरिद विधि थप गरिएको ।
४२क	खरिद सम्बन्धी विशेष व्यवस्था	• यो ऐन विषय क्षेत्रसँग सम्बन्धित सबै सार्वजनिक निकायले खरिद गर्दा प्रयोग गरिने छाता ऐनको रूपमा रहेको हुँदा कुनै क्षेत्रमा खरिद गरिने मालसामान वा सेवाको हकमा यो ऐनका व्यवस्था र प्रक्रिया सान्दर्भिक र व्यावहारिक नभएको हुँदा त्यस्तो विशेष क्षेत्रको हकमा छुट्टै खरिद कार्यविधि बनाई लागु गर्न सकिने व्यवस्था गर्न आवश्यक भएको।
४३क	जग्गा खरिद गर्ने सम्बन्धी व्यवस्था	• व्यवसायिक प्रयोजनको लागि जग्गा खरिद गर्न को लागि स्पष्ट कानूनी व्यवस्था नभएको हुँदा सोकार्यको लागि कानूनी व्यवस्था यस ऐनमा राख्न उपयुक्त देखिएको ।
४४	उपभोक्ता समिति वा लाभग्रही समूहबाट काम गराउन सकिने	• सबै किसिमको कामहरु उपभोक्ता समिति बाट गराउने प्रचलन दिनप्रतिदिन बढ्दै गएको र समस्याहरु पनि थपिदै गएको कारण उपभोक्ता समितिबाट गराउन सकिने कामलाइ ऐनमा नै स्पष्ट पार्न आवश्यक देखिएकोले ।

दफा नं.	दफा शिर्षक	व्याख्यात्मक टिप्पणी
४५	अमनतबाट काम गर्न वा गराउन सकिने	• अमानतबाट काम गर्न वा गराउन सक्ने कुरालाई थप स्पष्ट पारिएको।
५०	पुनरावलोकनको तरिका	• Cross referencingमिलाइएको
५२क	पेश्की सम्बन्धी व्यवस्था	• खरिद कार्यको लागि सार्वजनिक निकायबाट उपलब्ध गराइने पेश्कीको दुरुपयोग हुन नदिन पेश्की कुन कुन कार्यको लागि प्रयोग गर्ने हो भन्ने सम्बन्धमा स्पष्ट हुने गरी व्यवस्था गर्न आवश्यक भएकोले।
५२ख	सामाजिक सुरक्षा कोषमा आबद्धता सम्बन्धी व्यवस्था	• सामाजिक सुरक्षामा सम्पूर्ण श्रमिकहरूलाई समावेश गराई संवैधानिक अधिकार सुनिश्चित गर्न ।
५२ग	सब कन्ट्रयाक्टर,सहायक आपूर्तिकर्ता तथा सहायक सेवा प्रदायक सम्बन्धी व्यवस्था	• निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकले सम्झौता बमोजिमको कार्य गर्ने सिलसिलामा कुनै सब-कन्ट्रयाक्टर, सामग्री आपूर्तिकर्ता, उपकरण आपूर्तिकर्ता, सहायक सेवा प्रदायक वा अन्य व्यक्ति वा संस्था नियुक्त वा संलग्न गराई आफू सम्झौताबमोजिम कार्य गर्ने प्रति गैर जिम्मेवार हुने प्रवृत्ति बढेकोले सोलाई नियन्त्रण गर्न आवश्यक भएकोले यो व्यवस्था गरिएको।
५२घ	खरिद सम्झौताका शर्त विपरित हुने गरि दवाब दिन नहुने वा अधिकार परित्याग गराउन नहुने	• सार्वजनिक निकायले निर्माणव्यवसायी, आपूर्तिकर्ता वा परामर्शदातालाई सम्झौता विपरीत हुने कुनै कार्य गराउने वा सम्झौत विपरीत हुने गरी कुनै निर्णय लिने अवस्थालाई नियन्त्रण गर्न आवश्यक भएकोले
५४	भेरियशन आदेश	• भेरियसन आदेश स्विकृती सम्बन्धी प्रक्रिया सहज गर्न
५५	खरिद सम्झौतामा मुल्य समायोजन	• हालको मूल्य समायोजन व्यवस्था सामान्य बजार उतारचढाव र प्रचलित सूचकाङ्कमा आधारित भएकाले अन्तर्राष्ट्रिय कारण, युद्ध, आपूर्ति शृङ्खलामा अवरोध, महामारी, नाकाबन्दी वा अन्य विशेष परिस्थितिबाट सिर्जना हुने अस्वाभाविक मूल्यवृद्धिलाई पर्याप्त रूपमा सम्बोधन गर्न सक्दैन। यस्तो अवस्थामा निर्माण सामग्री, श्रम, इन्धन, उपकरण तथा ढुवानी लागत अत्यधिक बढ्दा खरिद सम्झौताको आर्थिक सन्तुलन बिग्रने, निर्माण कार्य अवरुद्ध हुने र आयोजना कार्यान्वयनमा प्रतिकूल असर पर्ने जोखिम रहन्छ। प्रचलित मूल्य समायोजन प्रणालीबाट यस्तो मूल्यवृद्धि समुचित

दफा नं.	दफा शिर्षक	व्याख्यात्मक टिप्पणी
		रूपमा सम्बोधन हुन नसक्ने अवस्थामा तोकिए बमोजिमको आधार र कार्यविधि अनुरूप विशेष मूल्य समायोजन गर्न सकिने व्यवस्था गरी आयोजना कार्यान्वयनको निरन्तरता, सार्वजनिक हित र राज्यको आर्थिक क्षति न्यूनीकरण गर्न आवश्यक भएकाले।
५८क	सार्वजनिक निर्माण कार्यको निरन्तरता,ससजिकरण , जिम्मेवारी सम्बन्धी व्यवस्था	• सार्वजनिक निर्माण कार्यहरू कार्यस्थल उपलब्धता, पहुँच मार्ग, निर्माण सामग्री आपूर्ति, वन क्षेत्र प्रयोग, रुख हटाउने अनुमति, वातावरणीय स्वीकृति, सेवा तथा पूर्वाधार स्थानान्तरण, यातायात तथा सुरक्षा व्यवस्थापन र अन्तरनिकाय समन्वयको अभावका कारण लामो समय अवरुद्ध हुने गरेको छ। यस्ता अवरोधले राज्यलाई आर्थिक क्षति पुऱ्याउने, सार्वजनिक सेवा प्रवाह प्रभावित गर्ने र आयोजना लागत तथा समय बढाउने जोखिम रहन्छ। साथै, निर्माण व्यवसायी वा अन्य सम्झौता पक्षले पेश्की, भुक्तानी वा उपलब्ध रकम सम्झौताको उद्देश्य विपरीत प्रयोग गर्ने, झूटा विवरण पेश गरी भुक्तानी लिने, काम परित्याग गर्ने वा बदनियतपूर्वक राज्यलाई हानि पुऱ्याउने अवस्थालाई स्पष्ट रूपमा उत्तरदायी बनाउन आवश्यक छ। अर्कोतर्फ, निकाय वा पदाधिकारीले आफ्नो अधिकारक्षेत्रभित्र गर्नुपर्ने निर्णय, स्वीकृति, सहमति, सिफारिस, समन्वय वा सहजीकरण समयमै नगर्दा पनि आयोजना अवरुद्ध हुने भएकाले त्यस्तो दायित्वहीनतामा उत्तरदायित्व स्थापित गर्न आवश्यक छ। सार्वजनिक निर्माण कार्यको निरन्तरता, अन्तरनिकाय सहजीकरण, contractor-side accountability र official-side accountability सुनिश्चित गर्न यो व्यवस्था आवश्यक भएकाले।
५९	खरिद सम्झौताको अन्त्य र सोको उपचार	• खरिद सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पूरै कार्यसम्पादन जमानत जफत गर्न। सम्झौताको अन्त्य गरिएको अवस्थामा उक्त अद्यावधिक लागत अनुमान बमोजिमको बाँकी कार्य पूरा गर्न सार्वजनिक निकायले बोलपत्र आह्वान गर्न बाधा पर्नेछैन।"
६१क	विभागिय कारबाही हुने	• खरिद प्रक्रिया तथा सम्झौता कार्यान्वयनमा सम्बन्धित पदाधिकारीले समयमै आवश्यक निर्णय, सिफारिस, असुली, जफत, कालोसूचीको प्रक्रिया, म्याद थप, भुक्तानी, साइट/डिजाइन

दफा नं.	दफा शिर्षक	व्याख्यात्मक टिप्पणी
		उपलब्धता तथा मूल्याङ्कनसम्बन्धी जिम्मेवारी पूरा नगर्दा सार्वजनिक खरिद प्रक्रिया अवरुद्ध हुने, राज्यलाई आर्थिक क्षति पुग्ने र सार्वजनिक सेवा प्रभावित हुने अवस्था देखिएको छ। त्यसैले अनुगमनका क्रममा त्यस्तो जिम्मेवारी पालना नगरेको पाइएमा सम्बन्धित पदाधिकारीउपर विभागीय कारबाहीका लागि लेखी पठाउने व्यवस्था स्पष्ट गरी सार्वजनिक खरिदमा समयबद्ध निर्णय, उत्तरदायित्व र अनुशासन कायम गर्न आवश्यक भएकाले।
६१ख	कर्मचारीलाई प्रोत्साहन सुविधा दिन सक्ने	• कर्मचारीलाई प्रोत्साहन सुविधा दिई खरिद कार्य समयमा सम्पन्न गर्न तथा थप पारदर्शी बनाउन उत्प्रेरित गराउनको लागि आवश्यक देखिएकोले ।
६२क	निर्माण व्यवसायीलाई पुरस्कार र प्रशंसापत्र दिन सक्ने	• निर्माण ब्यवसायीलाई प्रोत्साहन सुविधा दिई खरिद कार्य थप पारदर्शी तथा व्यवस्थित बनाउन।
६३	कालोसूचीमा राख्न र फुकुवा गर्ने	• अदालतको आदेशले वा समयावधि समाप्त भएर स्वतः फुकुवा हुने भएकोले मापदण्ड आवश्यक नभएको। सिलबन्दी दरभाउपत्रदातालाई समेत कालोसूचीमा राख्नु पर्ने देखिएकोले। खण्ड (क१), (क२) थप गरी तथा खण्ड (ख) मा संशोधन गरी कालोसूची सम्बन्धी व्यवस्थालाई थप परिष्कृत गर्न।
६५	सार्वजनिक खरिद अनुगमन कार्यालयको काम कर्तव्य र अधिकार	• सार्वजनिक निकायले खरिद कारबाही सञ्चालन गर्न प्रयोग गर्नुपर्ने बोलपत्र सम्बन्धी कागजात (स्टाण्डर्ड बिडिङ डकुमेन्ट), पूर्व योग्यता सम्बन्धी कागजात (स्टाण्डर्ड प्रिक्वालिफिकेसन डकुमेन्ट) र खरिद सम्झौता सम्बन्धी कागजात (स्टाण्डर्ड कन्ट्रयाक्ट डकुमेन्ट)र प्रस्ताव माग गर्ने सम्बन्धी कागजात (रिक्वेस्ट फर प्रपोजल) को स्टाण्डर्ड नमूना **जारी गर्ने** काम कर्तव्य र अधिकार थप गरेको।
६६क	ई.पी.सी.(ईन्जिनियरिङ्ग ,प्रोक्युमेन्ट एण्ड कन्ट्रक्सन), डिजायन र निर्माण, टर्न की र संरचनात्मक सम्झौता सम्बन्धी विशेष व्यवस्था	• ई.पी.सी (ईन्जिनियरिङ, प्रोक्युर्मेन्ट एण्ड कन्स्ट्रक्सन), डिजाइनरनिर्माण वा टर्न कि सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले।

दफा नं.	दफा शिर्षक	व्याख्यात्मक टिप्पणी
६६ख	सरकारी खरिद सेवा कार्यालयको स्थापना	• सरकारी खरिद सेवा कार्यालयको व्यवस्था ऐनमा नै गर्न आवश्यक भएकोले
६७	यस ऐन बमोजिमको खरिद प्रक्रिया अपनाउनु नपर्ने	• विदेशमा खरिद गर्ने कार्य सहज बनाउन आवश्यक भएकोले • विदेश स्थित नेपाली राजदूतावास, नियोग जस्ता सार्वजनिक निकायले मालसामान वा सेवा बाहेक जग्गा, भवन, अर्पाटमेन्ट समेत खरिद गर्नुपर्ने देखिएको र विद्यमान कानून अपर्याप्त भएको।
७४	नियम बनाउने अधिकार	संघ, प्रदेश र स्थानीय तहको प्रशासनिक संरचना एकआपसमा नमिल्ने हुँदा प्रदेश र स्थानीय तहको प्रशासनिक संरचना अनुसार निर्णय गर्ने पदाधिकारी तिनै निकायको कानूनले तोक्न मिल्ने व्यवस्था गरिएको ।

वालेन्द्र शाह
प्रधानमन्त्री

प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

"सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक २०८३ " मा रहेका प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी देहाय बमोजिम रहेको छ।

क्र.सं.	दफा	प्रत्यायोजित व्यवस्थापनको कारण	प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाईने कानूनको प्रकृति र सिमा	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
१.	८(१) (१क)	बोल अंक घटाघट सम्बन्धि थप व्यवस्था गर्न परेकोले।	घटाघट सम्बन्धि व्यवस्था रहने।	खरिद लागत कम हुने।
२.	१०(२) (२ख)	प्राविधिक र आर्थिक प्रस्तावको अंकभार निर्धारण सम्बन्धमा थप व्यवस्था गर्न पर्ने भएकोले।	प्राविधिक र आर्थिक प्रस्तावको अंकभार निर्धारण भएको हुने।	मुल्याङ्कन गर्न सहज हुने।
३.	११(४) (५) र (६)	प्राविधिक र आर्थिक प्रस्ताव राख्ने खाम पेश सम्बन्धमा थप स्पष्टता गर्नुपर्ने भएकोले।	अलग अलग खाममा रहने।	सार्वजनिक खरिद प्रतिस्पर्धी हुने।
४.	३० (१)	सूचना प्रकाशनलाई प्रभावकारी बनाउन थप व्यवस्था गर्नुपर्ने भएकाले।	सूचना प्रकाशन प्रभावकारी हुने खालको कानूनी व्यवस्था हुने।	सूचना समयमै प्राप्त हुने।
५.	३८(७)	पेशागत दायित्व विमा सम्बन्धमा थप व्यवस्था गर्न परेकोले।	पेशागत दायित्व विमा तोकिने ।	खरिदमा हुने जोखिम घट्ने।
६.	४१(क)	मालसामान तथा सेवा सोझै खरिद गर्ने विषयलाई थप प्रस्ट पार्नु पर्ने भएकोले ।	मालसामान तथा सेवाको खरिदमा स्पष्टता हुने।	खरिदमा प्रक्रिया सहज हुने।
७.	४२(क) (छ)	माथि उल्लिखित प्रकृतिका अन्य सामान खरिद गर्दा	कार्यविधि स्पष्ट हुने।	खारिद प्रक्रिया सहज हुने

		थप विधि आवश्यक पर्न सक्ने भएकाले।		
८.	४३(क)	सार्वजनिक निकायले जग्गा खरिद गर्नु पर्दा अपनाउनु पर्ने कार्यविधि आवश्यक भएकोले।	कार्यविधि स्पष्ट हुने।	खरिद प्रक्रिया सहज हुने।
९.	४४	उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा लागत अनुमान तोक्नुपर्ने भएकोले।	कार्यविधि स्पष्ट हुने।	खरिद प्रक्रिया सहज हुने।
१०.	६५	खरिद विज्ञ र खरिद तालिम सम्बन्धि थप व्यवस्था गर्नु पर्ने भएकाले।	खरिद विज्ञ र खरिद तालिम सम्बन्धि कार्यविधि सहज हुने।	विशेषज्ञता बढ्ने भएकाले।
११.	६६(१)(क) र (ख)	ई.पी.सी (ईन्जिनियरिङ, प्रोक्युर्मेन्ट एण्ड कन्स्ट्रक्सन), डिजाइन र निर्माण वा टर्न कि सम्बन्धी थप व्यवस्था गर्नुपर्ने भएकोले।	ई.पी.सी (ईन्जिनियरिङ, प्रोक्युर्मेन्ट एण्ड कन्स्ट्रक्सन), डिजाइनरनिर्माण वा टर्न कि सम्बन्धी व्यवस्था हुने	जोखिम सुरक्षित हुने र खरिद प्रक्रिया सहज हुने।

वालेन्द्र शाह
प्रधानमन्त्री

सार्वजनिक खरिद ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना:- सार्वजनिक खरिद ऐन, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "सार्वजनिक खरिद (दोस्रो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ मा संशोधन :** सार्वजनिक खरिद ऐन, २०६३ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ग) र (च) को सट्टा देहायका खण्ड (ग) र (च) राखिएका छन् :-

"(ग) "मालसामान" भन्नाले चल वा अचल, सजीव वा निर्जीव, मूर्त वा अमूर्त जुनसुकै किसिमको वस्तु सम्झनु पर्छ र सो शब्दले त्यस्तो वस्तु आपूर्ति गर्ने कार्यको आनुषङ्गिक सेवालाई समेत जनाउँछ।

(च) "अन्य सेवा" भन्नाले सवारी साधन, उपकरण वा मालसामान भाडामा लिने, ढुवानी गर्ने, मालसामान मर्मत सम्भार गर्ने, विज्ञापन गर्ने, सुरक्षा सेवा लिने, सरसफाइ सेवा लिने, हवाई टिकट लिने, पूर्वाधार व्यवस्थापन, सञ्चालन तथा मर्मत गर्ने लगायत परामर्श सेवामा नसमेटिएका अन्य गैर परामर्श सेवाहरू सम्झनु पर्छ।"

३. खण्ड (न) पछि देहायको खण्ड (न१) थपिएको छ :-

"(न१) "स्वदेशी मालसामान" भन्नाले स्वदेशी श्रम र कच्चा पदार्थ प्रयोग गरी उत्पादन गरिएको वा अन्य देशबाट पैठारी गरिएको कच्चा पदार्थमा स्वदेशी श्रम, स्वदेशी कच्चा पदार्थ र सामग्रीको कम्तीमा तिस प्रतिशत मूल्य बराबरको हिस्सा अभिवृद्धि हुने गरी स्वदेशी उद्योगबाट उत्पादन भएको मालसामान सम्झनु पर्छ।

तर विदेशबाट पैठारी गरी नेपालमा ब्रान्डिङ भएका मालसामानलाई स्वदेशी मालसामान मानिने छैन।"

४. **मूल ऐनमा दफा ४क. थप :** मूल ऐनको दफा ४ पछि देहायको दफा ४क. थपिएको छ :-

"**४क. पूर्वतयारी गर्नु पर्ने :** (१) सार्वजनिक निकायले खरिदको लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारबाही सुरु गर्नु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बहुवर्षीय सम्झौता बमोजिम गरिने खरिदको हकमा पहिलो वर्षको लागि आवश्यक बजेट व्यवस्था भई अन्य वर्षको लागि श्रोत सुनिश्चित भएपछि खरिद कारबाही सुरु गर्न सकिनेछ।

(३) सार्वजनिक निकायले देहायबमोजिम नभई बोलपत्र आह्वान गर्नु हुँदैन :-

(क) निर्माण स्थलको व्यवस्था,

(ख) निर्माण स्थलबाट हटाउनु पर्ने रुख बिरुवा लगायतका संरचना हटाउने सुनिश्चितता,

(ग) मुआब्जा वा क्षतिपूर्ति वितरण गर्नु पर्नेमा सोको लागि बजेटको सुनिश्चितता, र

(घ) प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत।

५. **मूल ऐनमा दफा ५ मा संशोधन :** मूल ऐनको दफा ५ को उपदफा (१) पछि देहायको उपदफा (१क), (१ख), (१ग) र (१घ) थपिएका छन्:-

"(१क) उपदफा (१) बमोजिम सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकार, मन्त्रिपरिषद्ले स्वीकृत गरेको नर्म्स अनुसार गर्नु पर्नेछ।

तर त्यस्तो नर्म्स बमोजिम काम गर्दै जाँदा खास कामको लागि खास प्रकारको नर्म्स आवश्यक परेमा सम्बन्धित सार्वजनिक निकायको प्रमुखले त्यस्तो निकायको प्राविधिकबाट र त्यस्तो प्राविधिक नभए अन्य सार्वजनिक निकायका सम्बन्धित प्राविधिकबाट आवश्यक नर्म्स तयार गर्न लगाउनु पर्नेछ। यसरी तयार भएको नर्म्स सम्बन्धित विभागीय प्रमुखले स्वीकृत गर्नु पर्नेछ।

(१ख) परामर्श सेवा वा अन्य सेवाको लागत अनुमान तयार गर्दा दफा (२) को खण्ड (ख) को उपखण्ड (१) को हकमा सम्बन्धित मन्त्रालयबाट र अन्य सार्वजनिक निकायको हकमा सो निकायको सर्वोच्च कार्यकारी निकायले स्वीकृत गरेको नर्म्सबमोजिम गर्नु पर्नेछ।

(१ग) उपदफा (१क) र (१ख) बमोजिम तयार भएको नर्म्स सार्वजनिक खरिद अनुगमन कार्यालयमा अभिलेख तथा प्रकाशनको लागि पठाउनु पर्नेछ।

(१घ) उपदफा (१क) र (१ख) बमोजिम नर्म्स स्वीकृत भई लागु नभएसम्म यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको नर्म्स अनुसार लागत अनुमान तयार गर्न बाधा पर्ने छैन।"

६. **मूल ऐनको दफा ७ मा संशोधन :** मूल ऐनको दफा ७ को,-

(१) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छ :-

"(६) यस ऐन बमोजिम गरिएको खरिद सम्झौताबमोजिमको कार्यको नियमित सुपरिवेक्षण र अनुगमन गर्नु गराउनु तथा सम्झौताको सर्तहरूको परिपालना गरी वा गराई निर्धारित समयमा कार्य सम्पन्न हुने सुनिश्चितता गर्नु सम्बन्धित सार्वजनिक निकायको प्रमुखको कर्तव्य हुनेछ।"

(२) उपदफा ६ पछि देहायका उपदफा (६क) र (६ख) थपिएका छन् :-

"(६क) खरिद कार्यको सम्झौतामा उल्लेख गरिए बमोजिमको स्पेसिफिकेसन तथा मापदण्ड बमोजिमको गुणस्तर कायम गरी निर्धारित परिमाणको कार्य निर्धारित समयमा सम्पन्न गर्ने मुख्य जिम्मेवारी सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकको हुनेछ।

(६ख) यस ऐन बमोजिम गरिने खरिद कार्यको लागि डिजाइन, लागत अनुमान तथा प्राविधिक प्रतिवेदन तयार गर्न नियुक्त गरिएको परामर्शदाताले डिजाइन, लागत अनुमान तथा प्राविधिक प्रतिवेदन तयार गर्दा सुरक्षित, व्यवहारिक, मितव्ययी, कार्यान्वयनयोग्य र आर्थिक रूपमा औचित्यपूर्ण हुने गरी तयार गर्नु पर्नेछ र सोको प्राविधिक तथा आर्थिक औचित्यता सम्बन्धी मुख्य जिम्मेवारी सम्बन्धित परामर्शदाताको हुनेछ।"

७. **<u>मूल ऐनको दफा ८ मा संशोधन</u> :** मूल ऐनको दफा ८ को,-

(१) उपदफा (१) को खण्ड (क) को उपखण्ड (१०) पछि देहायको उपखण्ड (११) थपिएको छ :-

"(११) कबुल अङ्क घटाघट गर्ने (रिभर्स अक्सन) खरिद विधिबाट।,

<u>स्पष्टीकरण</u> : यस उपखण्डको प्रयोजनको लागि "कबुल अङ्क घटाघट गर्ने (रिभर्स अक्सन) खरिद विधि" भन्नाले सार्वजनिक निकायको लागत अनुमानलाई अधिकतम रकम मानी सो रकममा घटाघट गरी कबुल गर्न बोलपत्रदाता वा सेवा प्रदायकलाई निश्चित अवधि उपलब्ध गराउने र सो अवधिमा सबैभन्दा कम अङ्क कबुल गर्ने बोलपत्रदाता वा सेवा प्रदायक छनोट गर्ने विधि सम्झनु पर्छ।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) तोकिएको रकमसम्मको लागत अनुमान भएको खरिद कार्यमा उपदफा (१) को खण्ड (क) को उपखण्ड (११) बमोजिम बोल अङ्क घटाघट गर्ने (रिभर्स अक्सन) विधि प्रयोग गर्न सकिनेछ।"

(३) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमबमोजिम खरिद गर्दा देहायबमोजिम हुने गरी खरिद गर्न हुँदैन :-

(क) एक आपसमा अन्तर सम्बन्धित भई सम्पूर्ण आयोजना वा मालसामान परीक्षण गरेर मात्र स्वीकार गर्नुपर्ने अवस्थामा बाहेक प्रतिस्पर्धालाई सङ्कुचित र सीमित गर्ने गरी ठूला ठूला प्याकेज बनाई, वा

(ख) प्रतिस्पर्धालाई सङ्कुचित र सीमित गर्ने गरी वा खरिद विधि परिवर्तन हुने गरी टुक्रा टुक्रा पारी।"

(४) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) उपदफा (१) को खण्ड (क) को उपखण्ड (७), (८), (९), (१०) र (११) बमोजिमका खरिद विधि सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।"

८. **मूल ऐनको दफा १० मा संशोधन :** मूल ऐनको दफा १० को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिम बोलपत्र सम्बन्धी कागजात वा प्रस्ताव सम्बन्धी कागजातमा योग्यताका आधार उल्लेख गर्दा पेशागत र प्राविधिक योग्यता, उपकरणको उपलब्धता, विगतको कार्य सम्पादनस्तर, प्राविधिक र आर्थिक क्षमता (बिड क्यापासिटी), बिक्री पछिको सेवाको व्यवस्था, जगेडा पाटपूर्जाको उपलब्धता, कानूनी सक्षमता, वित्तीय स्रोत र अवस्था, पेशागत कसुर गरे बापतको सजाय र यस्तै अन्य आधारहरू उल्लेख गर्न सकिनेछ।"

(२) उपदफा (२) पछि देहायका उपदफा (२क) र (२ख) थपिएका छन् :-

"(२क) उपदफा (२) बमोजिम बोलपत्रदाताको योग्यता गणना गर्दा बोलपत्र पेस गर्नु अघि दुई वा सो भन्दा बढी कम्पनी वा फर्म एकीकरण भएकोमा त्यसरी एकीकरण हुनुभन्दा अघि कायम रहेका कम्पनी वा फर्मको योग्यतालाई एकीकरण भई कायम भएको फर्म वा कम्पनीको योग्यतामा गणना गरिनेछ।

(२ख) उपदफा (२) बमोजिम बोलपत्रदाताको योग्यता निर्धारण गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले ठूला र जटिल भनी निर्धारण गरेको निर्माण कार्यको हकमा तोकिएबमोजिम प्राविधिक र आर्थिक प्रस्तावको अङ्कभार निर्धारण गर्न सकिनेछ।"

(३) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छ :-

"(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिमको खरिदमा योग्यता निर्धारण गरिने छैन।"

९. **मूल ऐनको दफा ११ मा संशोधन :** मूल ऐनको दफा ११ को उपदफा (३) पछि देहायका उपदफा (४), (५) र (६) थपिएका छन् :-

"(४) उपदफा (२) बमोजिम खुला रूपमा आह्वान गरिने बोलपत्रमा बोलपत्रदाताको योग्यता आवश्यक नपर्ने किसिमको मालसामान वा अन्य सेवा खरिद वा तोकिएको रकमभन्दा कमको निर्माण कार्यको खरिद गर्दा बोलपत्रदाताले प्राविधिक र आर्थिक प्रस्ताव एउटै खाममा पेस गर्ने एक खाम प्रणाली अवलम्बन गरी खरिद गर्नु पर्नेछ।

(५) उपदफा (२) बमोजिम खुला रूपमा आह्वान गरिने बोलपत्रमा बोलपत्रदाताको योग्यता आवश्यक पर्ने किसिमको मालसामान खरिद वा अन्य सेवा वा तोकिएको रकमभन्दा बढीको निर्माण

कार्यको खरिदमा बोलपत्रदाताले प्राविधिक र आर्थिक प्रस्ताव दुई अलग अलग खाममा पेस गर्ने दुई खाम प्रणाली अवलम्बन गरी खरिद गर्नु पर्नेछ।

(६) उपदफा (४) र (५) बमोजिम बोलपत्र आह्वान तथा मूल्याङ्कन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

१०. **मूल ऐनको दफा १३ मा संशोधन :** मूल ऐनको दफा १३ को,-

(१) उपदफा (२) को,-

(क) खण्ड (ढ४) पछि देहायका खण्ड (ढ५) र (ढ६) थपिएका छन् :-

"(ढ५) बोलपत्रदाताको विगतका खरिद सम्झौताहरूको कार्य सम्पादन स्तर प्रमाणित गर्न कागजात पेस गर्नुपर्ने भएमा सोसम्बन्धी ब्यहोरा,

(ढ६) मालसामान खरिदको हकमा सञ्चालन तथा मर्मत सम्भार खर्च, पुनः बिक्री मूल्य तथा निसर्ग (डिस्पोजल) को खर्च प्रमाणित गर्ने कागजात पेस गर्नुपर्ने भएमा सोसम्बन्धी ब्यहोरा,

(ख) खण्ड (द) को सट्टा देहायको खण्ड (द) राखिएको छ :-

"(द) एकै खाममा माग गरिने भए प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव एउटै खाममा पेस गर्नुपर्ने ब्यहोरा र दुई खाममा माग गरिने भएमा प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा राखी सिलबन्दी गरी ती छुट्टा छुट्टै खामलाई पुनः अर्को एउटै खामभित्र राखी सिलबन्दी गरी पेस गर्नु पर्ने ब्यहोरा ।"

(ग) खण्ड (ध) पछि देहायका खण्ड (न) र (प) थपिएका छन् :-

"(न) निर्माण कार्यमा संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) बाट कार्य सम्पन्न गर्ने गरी बोलपत्र प्रक्रियामा समावेश भई ठेक्का प्राप्त गरेको अवस्थामा संयुक्त उपक्रमका सबै सदस्यले दायित्व बहन गरी सम्झौताअनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्ने तथा त्यस्तो कार्यको जिम्मेवारी संयुक्त उपक्रमका कुनै एक सदस्य वा सीमित सदस्य वा अन्य कसैलाई हस्तान्तरण गर्न नपाइने विषय,

(प) योग्यताका आधारको लागि अङ्कभार निर्धारण गरिएको अवस्थामा प्राविधिक र आर्थिक प्रस्तावको अङ्कभार।"

(२) उपदफा (३) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर विद्युतीय खरिद प्रणालीबाट बोलपत्रको सूचना आह्वान गरिएकोमा त्यस्तो दस्तुर लाग्ने छैन ।"

११. **मूल ऐनको दफा १४ मा संशोधन :** मूल ऐनको दफा १४ को,-

(१) उपदफा (१) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर विद्युतीय खरिद प्रणाली मार्फत बोलपत्र वा पूर्व योग्यता निर्धारणको प्रस्ताव आह्वान गरिएको अवस्थामा यस्तो आह्वानको सूचना विद्युतीय खरिद प्रणाली बाहेक अन्य माध्यमबाट प्रकाशन गर्नुपर्ने छैन।"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिम विद्युतीय खरिद प्रणाली मार्फत बोलपत्र वा पूर्व योग्यता निर्धारणको प्रस्ताव आह्वान नगरिएको अवस्थामा त्यस्तो सूचना सार्वजनिक निकायले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइटमा राख्नु पर्नेछ र त्यस्तो सार्वजनिक निकायको वेबसाइट भए सोमा र नभएमा सम्बन्धित सार्वजनिक निकायको सूचनापाटीमा समेत राख्नु पर्नेछ।"

(३) उपदफा (४) मा रहेका "कम्तीमा तिस दिन" भन्ने शब्दहरूको सट्टा "कम्तीमा एक्काइस दिन" भन्ने शब्दहरू र "कम्तीमा पैँतालीस दिनको" भन्ने शब्दहरूको सट्टा "कम्तीमा तिस दिनको" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपदफा (४क) मा रहेका "कम्तीमा पन्ध्र दिन" भन्ने शब्दहरूको सट्टा "कम्तीमा सात दिन" भन्ने शब्दहरू र "कम्तीमा एक्काइस दिनको" भन्ने शब्दहरूको सट्टा "कम्तीमा पन्ध्र दिनको" भन्ने शब्दहरू राखिएका छन्।

(५) उपदफा (४ख) मा रहेका "सात दिनसम्मको" भन्ने शब्दहरूको सट्टा "कम्तीमा तीन दिनको" भन्ने शब्दहरू राखिएका छन्।

(६) उपदफा (८) पछि देहायको उपदफा (८क) थपिएको छ :-

"(८क) सार्वजनिक निकायले खरिद गर्दा स्वदेशी मालसामानलाई तोकिएबमोजिम प्राथमिकता दिनु पर्नेछ। त्यसरी प्राथमिकता दिने कुरा बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गर्नु पर्नेछ।"

१२. **<u>मूल ऐनको दफा २५ मा संशोधन</u> :** मूल ऐनको दफा २५ को,-

(१) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छ :-

"(५) बोलपत्रको प्राविधिक प्रस्तावको मूल्याङ्कन बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नु पर्नेछ।"

(२) उपदफा (५) पछि देहायका उपदफा (५क) र (५ख) थपिएका छन् :-

"(५क) एक खाम प्रणाली अवलम्वन गरिएको अवस्थामा दफा २३ बमोजिम बोलपत्र परीक्षणमा योग्य भएका बोलपत्रदाताहरूले कबुल गरेको बोल अङ्कको औसत अङ्क यकिन गरी सो औसत अङ्कसँग सबैभन्दा नजिक भएको र लागत अनुमान भन्दा सारभूतरूपमा बढी नभएको बोलपत्र निर्धारण गर्नु पर्नेछ।

(५ख) उपदफा (५क) बमोजिम निर्धारण गरिएको बोलपत्र पेस गर्ने बोलपत्रदाताको योग्यता बोलपत्रसम्बन्धी कागजातमा उल्लिखित योग्यता मूल्याङ्कनका आधार अनुरूप भए नभएको जाँच गर्नु पर्नेछ।"

(३) उपदफा (६) र (७) को सट्टा देहायको उपदफा (६) र (७) राखिएका छन्:-

"(६) दुई खाममा बोलपत्र माग गरिएको खरिदमा पहिला प्राविधिक प्रस्तावको खाम खोली उपदफा (५) बमोजिम उक्त प्रस्तावको मूल्याङ्कन गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम गरिएको प्राविधिक प्रस्तावको मूल्याङ्कनमा सफल हुने सारभूतरूपमा प्रभावग्राही बोलपत्रदाताको मात्र आर्थिक प्रस्ताव खोली मूल्याङ्कन गर्नु पर्नेछ।"

(४) उपदफा (७) पछि देहायको उपदफा (७क) र (७ख) थपिएका छन्:-

"(७क) उपदफा (७) बमोजिम आर्थिक प्रस्तावको मूल्याङ्कन गर्दा सारभूतरूपमा प्रभावग्राही बोलपत्रदाताहरूले कबुल गरेको बोल अङ्कको औसत अङ्क यकिन गरी सो औसत अङ्कसँग सबैभन्दा नजिक भएको र लागत अनुमान भन्दा सारभूतरूपमा बढी नभएको बोलपत्र निर्धारण गर्नु पर्नेछ।

(७ख) यस दफाबमोजिम मूल्याङ्कन गर्दा स्वीकृत लागत अनुमानको तिस प्रतिशतभन्दा बढी घटेर कबुल गर्ने बोलपत्रदातालाई मूल्याङ्कन प्रक्रियाबाट हटाउनु पर्नेछ।"

(५) उपदफा (८) को सट्टा देहायको उपदफा (८) राखिएको छ:-

"(८) मूल्याङ्कन समितिले यस दफा बमोजिम गरिएको मूल्याङ्कनको आधार, तरिका र छनोटको कारण समेत खुल्ने गरी मूल्याङ्कन प्रतिवेदन तयार गरी सार्वजनिक निकाय समक्ष पेस गर्नु पर्नेछ।"

(६) उपदफा (८) पछि देहायको उपदफा (९) थपिएको छ:-

"(९) प्राविधिक र आर्थिक प्रस्तावलाई अङ्कभार छुट्याएर बोलपत्र आह्वान गरिएको अवस्थामा तोकिएबमोजिम मूल्याङ्कन गरी लागत अनुमान भन्दा सारभूतरूपमा बढी बोल अङ्क कबुल नगरेको उच्चतम अङ्क प्राप्त गर्ने बोलपत्रदाताको बोलपत्र निर्धारण गर्नु पर्नेछ।"

१३. **<u>मूल ऐनको दफा २६ मा संशोधन</u>** : मूल ऐनको दफा २६ को,-

(१) उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ:-

"(ख) दफा २५ को उपदफा (५क), (७क) वा (९) बमोजिम बोलपत्र निर्धारण गर्दा सबै बोलपत्रदाताको बोलपत्रको बोल अङ्क लागत अनुमानभन्दा सारभूतरूपमा बढी भएमा"

(२) उपदफा (१ख) पछि देहायको उपदफा (१ग) र (१घ) थपिएका छन्:-

"(१ग) उपदफा (१) र (१क) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि बोलपत्रको बोल अङ्क लागत अनुमानभन्दा सारभूतरूपमा बढी भएको अवस्थामा सार्वजनिक

निकायले त्यस्तो बोलपत्रदातासँग वार्ता गरेर बोल अङ्क घटाई स्वीकृत लागत अनुमानभित्र पार्नका लागि एकमुस्ट छुट प्रतिशतमा सहमति गरी खरिद कारबाही अघि बढाउन सक्नेछ।

(१घ) उपदफा (१ग) बमोजिम वार्ताबाट कायम गरिएको एकमुस्ट छुट प्रतिशतका आधारमा बोल अङ्क घटाउने सहमति गर्दा बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित स्पेशिफिकेसनमा संशोधन तथा गुणस्तरमा कमी हुने गरी कुनै सहमति गर्न पाइने छैन।"

१४. **<u>मूल ऐनको दफा २७ मा संशोधन</u>** : मूल ऐनको दफा २७ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) सार्वजनिक निकायले दफा २५ को उपदफा (५क), (७क) वा (९) बमोजिम निर्धारित बोलपत्र मात्र स्वीकृतिको लागि छनोट गर्नु पर्नेछ।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) र (१ख) थपिएका छन् :-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि दफा २५ को उपदफा (५क) वा (७क) बमोजिम मूल्याङ्कन गर्दा दुई वा दुईभन्दा बढी बोलपत्रदाताले औसत अङ्कसँग बराबर हुने गरी बोल अङ्क कबुल गरेमा वा सोही दफाको उपदफा (९) बमोजिम मूल्याङ्कन गर्दा दुई वा दुईभन्दा बढी बोलपत्रदाताले बराबर उच्चतम अङ्क प्राप्त गरेमा गोलाप्रथाबाट बोलपत्र स्वीकृतिको लागि छनोट गरिनेछ।

(१ख) दफा २५ को उपदफा (५क) वा (७क) बमोजिम मूल्याङ्कन गर्दा दुई वा दुईभन्दा बढी बोलपत्रदाताले कबुल गरेको अङ्क औसत अङ्कभन्दा कम वा बढी हुने गरी समान रूपले नजिक भएमा औसत अङ्कभन्दा कम कबुल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृतिको लागि छनोट गर्नु पर्नेछ।

(३) उपदफा (२) मा रहेका "उपदफा (१) बमोजिम" भन्ने शब्दहरूको सट्टा "उपदफा (१), (१क) वा (१ख) बमोजिम" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपदफा (४), (५) र (६) को सट्टा देहायका उपदफा (४), (५) र (६) राखिएका छन् :-

"(४) उपदफा (३) को अवधिभित्र सम्बन्धित बोलपत्रदाताले कार्य सम्पादन जमानत दाखिला गरी दफा ५२ बमोजिमको खरिद सम्झौता गर्नु पर्नेछ। यसरी जमानत दाखिला गर्दा बोलपत्रदाताले कबुल गरेको अङ्कको पाँच प्रतिशतले हुन आउने रकम बराबरको कार्यसम्पादन जमानत बापत दाखिला गर्नु पर्नेछ।

(५) उपदफा (३) को अवधिभित्र कार्य सम्पादन जमानत दाखिला गरी बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको बोलपत्रको जमानत रकम जफत गरी दफा २५ को उपदफा (५क) वा उपदफा (७क) को हकमा सोभन्दा लगत्तै पछिको अर्को औसत अङ्कसँग सबैभन्दा नजिक हुने गरी कबुल गर्ने बोलपत्र स्वीकृत गरी र सोही दफाको उपदफा (९) को हकमा सोभन्दा लगत्तै अर्को उच्चतम अङ्क प्राप्त गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी खरिद सम्झौता गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको बोलपत्रदाता पनि कार्य सम्पादन जमानत दाखिला गरी खरिद सम्झौता गर्न नआएमा दफा २५ को उपदफा (५क) वा उपदफा (७क) को हकमा त्यस पछिको औसत रकमसँग सबैभन्दा नजिक हुने गरी कबुल गर्ने बोलपत्र क्रमशः स्वीकृत गरी र सोही दफाको उपदफा (९) को हकमा सोभन्दा लगत्तै अर्को उच्चतम अङ्क प्राप्त गर्ने बोलपत्रदाताको बोलपत्र क्रमशः स्वीकृत गरी यस दफाबमोजिम खरिद सम्झौता गर्न सूचना दिनु पर्नेछ।"

१५. **मूल ऐनको दफा ३० मा संशोधन :** मूल ऐनको दफा ३० को,-

(१) उपदफा (१) को अन्त्यमा देहायका प्रतिबन्धात्मक वाक्यांश थपिएका छन् :-

"तर,-

(क) तोकिएको रकमभन्दा कम रकमको परामर्श सेवा खरिद गर्नुपर्दा तोकिए बमोजिमको अवधि दिई सूचना प्रकाशन गर्नु पर्नेछ।

(ख) विद्युतीय खरिद प्रणाली मार्फत आशयपत्र माग गरिएको अवस्थामा विद्युतीय खरिद प्रणाली बाहेक अन्य माध्यमबाट सूचना प्रकाशन गर्नु पर्नेछैन।"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिम विद्युतीय खरिद प्रणाली मार्फत आशयपत्र आह्वान नगरिएको अवस्थामा त्यस्तो सूचना सम्बन्धित सार्वजनिक निकायको वेबसाइट भए सोमा र नभएमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइटमा समेत राख्नु पर्नेछ।"

१६. **मूल ऐनको दफा ३६ मा संशोधन :** मूल ऐनको दफा ३६ को उपदफा (१) पछि देहायको उपदफा (२) थपिएको छ :-

"(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि लागत अनुमान र उपलब्ध बजेटभन्दा छनोट भएको प्रस्तावदाताको कबुल रकम सारभूतरूपमा बढी भएको अवस्थामा निजपछि क्रमशः कम अङ्क प्राप्त गर्ने प्रस्तावदाताको कबुल रकम लागत अनुमान र उपलब्ध बजेटभन्दा सारभूतरूपमा बढी नभएमा सम्पूर्ण खरिद कारबाही रद्द नगरी निजलाई छनोट गरी स्वीकृत गर्न बाधा पर्नेछैन।"

१७. **मूल ऐनको दफा ३८ मा संशोधन :** मूल ऐनको दफा ३८ को,-

(१) उपदफा (३) र (४) को सट्टा देहायका उपदफा (३) र (४) राखिएका छन् :-

"(३) उपदफा (२) बमोजिम सूचना दिएको सात दिनभित्र कुनै प्रस्तावदाताले दफा ४७ बमोजिम निवेदन नगरेमा उपदफा (१) बमोजिम छनोट भएको प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी निजलाई पन्ध्र दिनभित्र खरिद सम्झौता गर्नको लागि कार्यसम्पादन जमानत दाखिला गर्न सूचना दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र कार्यसम्पादन जमानत दाखिला गरी प्रस्तावदाता सम्झौता गर्न उपस्थित भएमा दफा ५२ बमोजिमको सम्झौता गर्नु पर्नेछ। यसरी कार्यसम्पादन जमानत दाखिला गर्दा परामर्शदाताले आर्थिक प्रस्तावमा कबुल गरेको कबुल अङ्कको पाँच प्रतिशत कार्यसम्पादन जमानत दाखिला गर्नु पर्नेछ।"

(२) उपदफा (४) पछि देहायका उपदफा (५), (६) र (७) थपिएका छन्:-

"(५) उपदफा (३) को अवधिभित्र कार्यसम्पादन जमानत दाखिला गरी प्रस्तावदाता उपस्थित नभएमा सार्वजनिक निकायले दफा ३५ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) को प्रस्तावदाताको हकमा त्यसपछिको उच्चतम अङ्क प्राप्त गर्ने र सोही उपदफाको खण्ड (घ) को हकमा सबैभन्दा कम लागत भएको अर्को प्रस्तावदातासँग क्रमैसँग दफा ३७ बमोजिम वार्ता गरी सम्झौता गर्नु पर्नेछ।

(६) ऐनको दफा ३८ बमोजिम सम्झौता गर्ने परामर्शदाताले सम्झौता गरेको तिस दिनभित्र सम्झौताको कूल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निःसर्त भुक्तानी हुने पेशागत दायित्व बिमा (प्रोफेसनल लायबिलिटी इन्सोरेन्स) पेस गर्नु पर्नेछ।

(७) पेशागत दायित्व बिमासम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।"

१८. **मूल ऐनको दफा ४० मा संशोधन :** मूल ऐनको दफा ४० को,-

(१) उपदफा (३) मा रहेका "पन्ध्र दिनको" भन्ने शब्दहरूको सट्टा "सात दिनको" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (३) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर विद्युतीय खरिद प्रणाली मार्फत सिलबन्दी दरभाउपत्र आह्वान गरिएको अवस्थामा यस्तो आह्वानको सूचना विद्युतीय खरिद प्रणाली बाहेक अन्य माध्यमबाट प्रकाशन गर्नुपर्ने छैन।"

१९. **मूल ऐनको दफा ४१ मा संशोधन :** मूल ऐनको दफा ४१ को,-

(१) उपदफा (१) को खण्ड (घ) मा रहेको "साविकको" भन्ने शब्द पछि "वा आधिकारिक" भन्ने शब्दहरू थपिएका छन्।"

(२) उपदफा (१) को खण्ड (च) पछि देहायका खण्ड (छ), (ज) र (झ) थपिएका छन् :-

"(छ) नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबमोजिम नेपालले आतिथ्यता गर्ने अन्तर्राष्ट्रिय सभा, सम्मेलन, सेमिनार वा बैठक आयोजनाका लागि आवश्यक खरिद गर्नु परेमा,

(ज) सार्वजनिक निकाय पक्ष वा विपक्ष भएको विवाद वा मुद्दामा नेपाल बाहिर हुने विवाद समाधान प्रक्रियामा सार्वजनिक निकायको तर्फबाट बहस पैरवी वा परामर्श गर्न आवश्यक विशेषज्ञ वा कानून व्यवसायी नियुक्त गर्नु परेमा,

(झ) राष्ट्रपति वा प्रधानमन्त्रीको नेतृत्वमा हुने विदेश भ्रमणसम्बन्धी खरिद कार्य गर्नु परेमा"

(३) उपदफा (२) मा रहेको "खण्ड (ख)" भन्ने शब्दहरू पछि ", (ग)," भन्ने शब्द थपिएको छ।

(४) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ज) बमोजिम खरिद गर्दा दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा सचिव वा सो सरहको कार्यालय प्रमुखको निर्णयबमोजिम र अन्य सार्वजनिक निकायको हकमा सर्वोच्च कार्यकारी निकायको निर्णयबमोजिम सोझै खरिद गर्न सकिनेछ।"

२०. **मूल ऐनमा दफा ४१क. थप गरिएको :** मूल ऐनको दफा ४१ पछि देहायको दफा ४१क. थपिएको छ :-

"**४१क. सरकारी ई-मार्केटप्लेस सम्बन्धी व्यवस्था :** (१) दफा ४१ मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक खरिद अनुगमन कार्यालयबाट तयार गरिएको सरकारी ई-मार्केटप्लेसमा प्रकाशित मालसामान तथा सेवा तोकिए बमोजिमको रकमसम्म सोझै खरिद गर्न सकिनेछ।

(२) उत्पादक, आपूर्तिकर्ता तथा सेवा प्रदायकले उपदफा (१) मा उल्लिखित प्रणालीमा आफ्नो उत्पादन तथा सेवाका विवरण मूल्य सहित प्रकाशन गर्नु पर्नेछ।

(३) ई-मार्केटप्लेस प्रणालीमा मालसामान तथा सेवाका विवरण प्रकाशन गर्ने तथा खरिद गर्ने सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ।"

२१. **मूल ऐनमा दफा ४२क. थप :** मूल ऐनको दफा ४२ पछि देहायको दफा ४२क. थपिएको छ :-

"**४२क. खरिदसम्बन्धी विशेष व्यवस्था :** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि सार्वजनिक निकायले मल, औषधि, सूचना प्रविधि वा नेपाल सरकारले सूचना प्रकाशन गरी तोकेका मालसामान वा सेवा खरिद गर्दा देहायका विषयमा नेपाल सरकार, मन्त्रिपरिषद्ले स्वीकृत गरेको कार्यविधिबमोजिम गर्नु पर्नेछ :-

(क) लागत अनुमान र सोको स्वीकृति,

(ख) मूल्यवृद्धि,

(ग) बोलपत्रदाताको योग्यता,

(ङ) बोलपत्रको दाखिला,

(च) खरिद सम्झौतामा उल्लेख गरिने विषय, र

(छ) तोकिए बमोजिमको अन्य विषय।

(२) उपदफा (१) बमोजिम स्वीकृत भएको कार्यविधिमा उल्लेख भए बाहेकका अन्य कार्यप्रक्रिया यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीमा व्यवस्था भएबमोजिम नै हुनेछन् ।"

२२. **मूल ऐनमा दफा ४३क. थप :** मूल ऐनको दफा ४३ पछि देहायको दफा ४३क. थपिएको छ :-

"४३क. **जग्गा खरिद गर्ने सम्बन्धी व्यवस्था :** सार्वजनिक निकायले व्यापारिक वा व्यावसायिक प्रयोजनको लागि जग्गा खरिद गर्नुपर्ने भएमा तोकिए बमोजिमको कार्यविधि अपनाई खरिद गर्न सक्नेछ।

तर सार्वजनिक हितको लागि सार्वजनिक निकायले जग्गा प्राप्ति गर्दा जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानूनबमोजिम हुनेछ।"

२३. **मूल ऐनको दफा ४४ मा संशोधन :** मूल ऐनको दफा ४४ को सट्टा देहायको दफा ४४ राखिएको छ :-

"४४. **उपभोक्ता समिति वा लाभग्राही समूहबाट काम गराउन सकिने :** (१) तोकिएबमोजिम लागत अनुमान भएको देहाय बमोजिमको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समूहबाट गराउन सकिनेछ :-

(क) जटिल प्राविधिक क्षमता आवश्यक नपर्ने,

(ख) मितव्ययिता, गुणस्तरीयता र दिगोपना अभिवृद्धि हुने प्रकृतिको कार्य,

(ग) स्थानीय स्रोत, साधन र सीप उपयोग गरी कार्यसम्पादन हुने,

(घ) निर्माण कार्यको मुख्य उद्देश्य स्थानीय तहमा नै रोजगारीको अवसर सृजना गर्ने र त्यस्तो निर्माण कार्यबाट लाभ प्राप्त गर्ने समुदायलाई सहभागी गराउन सकिने, वा

(ङ) निर्माण पश्चात्को आयोजनाको मर्मत सम्भार तथा सञ्चालन उपभोक्ता समिति वा लाभग्राही समूहबाट हुनसक्ने।

(२) उपभोक्ता समिति वा लाभग्राही समूहबाट हुने कार्यमा रोजगारी सृजना हुने गरी तालिम केन्द्र, लघु उद्यम तथा लघु उद्यम व्यवसाय स्थापना र सञ्चालन गर्न सकिने छ।

(३) उपदफा (१) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समूहबाट निर्माण कार्य गर्ने कार्यविधि र उपदफा (२) बमोजिम तालिम केन्द्र, लघु उद्यम तथा लघु उद्यम व्यवसाय स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।"

२४. **मूल ऐनको दफा ४५ मा संशोधन :** मूल ऐनको दफा ४५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) सार्वजनिक निकायले देहायको अवस्थामा अमानतबाट काम गर्न वा गराउन सक्नेछ :-

(क) लागत अनुमान तयार गर्न कठिन हुने सामान्य प्रकृतिको मर्मत सम्भार, सानातिना नियमित कार्य वा सरसफाइ जस्ता कार्य,

(ख) विद्यमान सेवा सञ्चालनमा बाधा नपुग्ने गरी सो सञ्चालनसँग जानकार व्यक्तिहरूबाट नै गर्नु गराउनु पर्ने कार्य,

(ग) विशेष परिस्थिति सृजना भई तत्काल गर्नुपर्ने कार्य,

(घ) जोखिमपूर्ण तथा सुरक्षाको दृष्टिकोणबाट संवेदनशील कार्य, वा

(ङ) तोकिए बमोजिमका अन्य कार्यहरू।"

२५. **मूल ऐनको दफा ५० मा संशोधन :** मूल ऐनको दफा ५० को,-

(१) उपदफा (१) रहेका "दफा ४८" भन्ने शब्दहरूको सट्टा "दफा ४९" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (५) पछि देहायका उपदफा (५क), (५ख) र (५ग) थपिएका छन् :-

"(५क) उपदफा (५) बमोजिम सार्वजनिक खरिद पुनरावलोकन समितिले गरेको निर्णय सम्बन्धित सार्वजनिक निकायले कार्यान्वयन गर्नु पर्नेछ।

(५ख) सम्बन्धित सार्वजनिक निकायको सम्बन्धित पदाधिकारीले उपदफा (५क) बमोजिम निर्णय कार्यान्वयन नगरेमा दफा ४९ बमोजिम निवेदन दिने बोलपत्रदाता वा प्रस्तावदाताले सार्वजनिक खरिद पुनरावलोकन समितिमा निवेदन दिन सक्नेछ।

(५ग) उपदफा (५ख) बमोजिम निवेदन दर्ता भएमा सो सम्बन्धमा जाँचबुझ गरी कार्यान्वयन भएको नपाइएमा सार्वजनिक खरिद पुनरावलोकन समितिले त्यस्ता पदाधिकारीउपर प्रचलित कानूनबमोजिम विभागीय कारबाही गर्न अख्तियारप्राप्त अधिकारीसमक्ष लेखी पठाउन सक्नेछ।"

२६. **मूल ऐनको दफा ५२क. मा संशोधन :** मूल ऐनको दफा ५२क. को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) सार्वजनिक निकायले खरिद सम्झौता पश्चात् निर्माण कार्यका हकमा निर्माण कार्य सुरु गर्न आवश्यक पर्ने निर्माणस्थल तयारी, अस्थायी क्याम्प, कामदारको व्यवस्था तथा कामदार आवास गृह निर्माण, मेसिन उपकरण व्यवस्थापन जस्ता कार्यका लागि र मालसामान आपूर्ति र परामर्श सेवाको हकमा आवश्यकता र औचित्य हेरी आपूर्तिकर्ता, निर्माण व्यावसायी वा सेवा प्रदायकलाई अग्रिम बैङ्क जमानत लिई खरिद सम्झौता रकमको बढीमा बिस प्रतिशतसम्म मोबिलाइजेसन पेश्की दिन सक्नेछ। त्यसरी मोबिलाइजेसन पेश्की दिनुअघि सार्वजनिक निकायले मुख्य क्रियाकलाप र सोको कार्यतालिका माग गर्नु पर्नेछ।"

२७. **मूल ऐनमा दफा ५२ख., ५२ग. र ५२घ. थप :** मूल ऐनको दफा ५२क. पछि देहायका दफा ५२ख., ५२ग. र ५२घ. थपिएका छन् :-

"**५२ख. सामाजिक सुरक्षा कोषमा आबद्धता सम्बन्धी व्यवस्था :** (१) खरिद सम्झौतामा सामाजिक सुरक्षा कोषमा आबद्धता गर्ने सम्बन्धी व्यवस्था उल्लेख गर्नु पर्नेछ।

(२) निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता तथा सेवा प्रदायकले खरिद सम्झौता अनुसार कार्य गर्दा सो कार्यमा संलग्न श्रमिक, कर्मचारी वा अन्य जनशक्तिलाई प्रचलित कानून बमोजिम सामाजिक सुरक्षा कोषमा आबद्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) मा उल्लिखित श्रमिक, कर्मचारी वा जनशक्तिको पारिश्रमिक, सुविधा तथा अन्य भुक्तानी बैङ्क वा वित्तीय संस्थामार्फत सम्बन्धित व्यक्तिको खातामा उपलब्ध गराउनु तथा गैर नेपाली जनशक्तिको हकमा प्रचलित कानूनबमोजिम आवश्यक श्रम स्वीकृति प्राप्त भएको सुनिश्चित गर्नु सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकको दायित्व हुनेछ।

५२ग. <u>सब-कन्ट्रयाक्टर, सहायक आपूर्तिकर्ता तथा सहायक सेवा प्रदायक सम्बन्धी व्यवस्था</u> : (१) यस ऐनबमोजिम खरिद सम्झौता गर्ने निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकले सम्झौता बमोजिमको कार्य गर्ने सिलसिलामा कुनै सब-कन्ट्रयाक्टर, सामग्री आपूर्तिकर्ता, उपकरण आपूर्तिकर्ता, सहायक सेवा प्रदायक वा अन्य व्यक्ति वा संस्था नियुक्त वा संलग्न गराउनु अघि त्यस्तो व्यक्ति वा संस्थाबाट गराइने कामको प्रकृति, दायरा र जिम्मेवारी स्पष्ट खुलाई सम्बन्धित सार्वजनिक निकायलाई पूर्व सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम संलग्न गराइने सब-कन्ट्रयाक्टर, सामग्री आपूर्तिकर्ता, उपकरण आपूर्तिकर्ता, सहायक सेवा प्रदायक वा अन्य व्यक्ति वा संस्थासँग निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकले कामको दायरा, जिम्मेवारी, गुणस्तर, अवधि, भुक्तानी, सुरक्षा, श्रमसम्बन्धी दायित्व तथा कार्यसम्पादन सम्बन्धी सर्त स्पष्ट खुलाई लिखित सम्झौता गर्नु पर्नेछ।

(३) सब-कन्ट्रयाक्टर, सामग्री आपूर्तिकर्ता, उपकरण आपूर्तिकर्ता, सहायक सेवा प्रदायक वा अन्य व्यक्ति वा संस्थासँग उपदफा (२) मा उल्लिखित सम्झौता गरेको कारणले मुख्य निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायक खरिद सम्झौता बमोजिमको दायित्वबाट उन्मुक्ति भएको मानिने छैन।

(४) निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकले उपदफा (२) बमोजिम सम्झौता गरेका सब-कन्ट्रयाक्टर, सामग्री आपूर्तिकर्ता, उपकरण आपूर्तिकर्ता, सहायक सेवा प्रदायक वा अन्य व्यक्ति वा संस्थालाई सम्झौताको सर्त बमोजिम गरेको भुक्तानीको विवरण सार्वजनिक निकायलाई उपलब्ध गराउनु पर्नेछ ।

(५) निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकले उपदफा (२) बमोजिम सम्झौता गरेका सब-कन्ट्रयाक्टर, सामग्री आपूर्तिकर्ता, उपकरण आपूर्तिकर्ता, सहायक सेवा प्रदायक वा अन्य व्यक्ति वा संस्थालाई सम्झौताको सर्तबमोजिम भुक्तानी गरेको नपाइएमा सार्वजनिक निकायले सब-कन्ट्रयाक्टर, सामग्री आपूर्तिकर्ता, उपकरण आपूर्तिकर्ता, सहायक सेवा प्रदायक वा अन्य व्यक्ति वा संस्थाले भुक्तानी पाउनु पर्ने रकम यकिन गरी कार्य सम्पादन जमानत जफत गरेर वा रिटेन्सन मनी वा निजले पाउनु पर्ने अन्य रकमबाट भुक्तानी गर्न सक्नेछ ।

(६) उपदफा (२) अनुसार सम्झौता गरिएका सब-कन्ट्रयाक्टर, सामग्री आपूर्तिकर्ता, उपकरण आपूर्तिकर्ता, सहायक सेवा प्रदायक वा अन्य व्यक्ति वा संस्थालाई सार्वजनिक निकायबाट कुनै पनि अनुभवको प्रमाणपत्र प्रदान गरिने छैन ।

तर खरिद सम्झौतामा उल्लिखित कार्यको केही अंश सम्पादन गर्ने गरी सार्वजनिक निकायको अनुमति लिएर नियुक्त गरिएको सब-कन्ट्रयाक्टरलाई निजले सम्पादन गरेको कार्यको मात्र अनुभवको प्रमाण पत्र प्रदान गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(७) उपदफा (१) बमोजिम पूर्व सूचना नदिई तथा उपदफा (२) बमोजिम सम्झौता नगरी खरिद सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने सिलसिलामा कुनै व्यक्ति वा संस्थालाई संलग्न गराइएको पाइएमा निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकलाई प्रचलित कानून तथा खरिद सम्झौताको सर्तबमोजिम कारबाही गरिनेछ।

(८) यस दफामा उल्लिखित ब्यहोरा सार्वजनिक निकायले खरिद सम्झौतामा उल्लेख गर्नु पर्नेछ ।"

५२घ. <u>खरिद सम्झौताका सर्त विपरीत हुने गरी दबाब दिन नहुने वा अधिकार परित्याग गराउन नहुने</u> : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम, बोलपत्रसम्बन्धी कागजात वा खरिद सम्झौतामा भएका व्यवस्था विपरीत हुने गरी सम्झौताबाट प्राप्त वैधानिक वा करारगत अधिकार परित्याग गर्न, सीमित गर्न वा सोसम्बन्धी कुनै प्रतिबद्धता, मञ्जुरीनामा, सर्त वा कागजातमा हस्ताक्षर गर्न बाध्य गराउन हुँदैन।

(२) उपदफा (१) विपरीत दबाब, डर, कारबाहीको धम्की, भुक्तानी रोक्का, म्याद थप रोक्का वा अन्य कुनै तरिकाबाट गराइएको अधिकार परित्याग, मञ्जुरीनामा, प्रतिबद्धता वा सर्त अमान्य हुनेछ र त्यस्तो कागजातको आधारमा खरिद सम्झौता बमोजिम प्राप्त अधिकारबाट सम्बन्धित पक्ष वञ्चित भएको मानिने छैन।

(३) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा खरिद सम्झौताका सर्तको प्रतिकूल हुने गरी कुनै परिपत्र, निर्देशन, निर्णय, प्रतिवेदन वा पत्राचारबाट करारगत अधिकार सीमित गर्न वा निषेध गर्न सकिने छैन।"

(४) उपदफा (१), (२) र (३) विपरीत कार्य गरेको पाइएमा सम्बन्धित पदाधिकारीलाई विभागीय कारबाही गर्न सकिनेछ।"

२८. <u>मूल ऐनको दफा ५४ मा संशोधन</u> : मूल ऐनको दफा ५४ को सट्टा देहायको दफा ५४ राखिएको छ :-

"५४. **भेरिएशन आदेश** : (१) खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई देहाय बमोजिमको अधिकारीले तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्नेछ :-

(क) पाँच प्रतिशतसम्मको भेरिएसन सम्बन्धित सार्वजनिक निकायको राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको प्रमुखले,

(ख) दश प्रतिशतसम्मको भेरिएसन सम्बन्धित सार्वजनिक निकायको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको प्रमुखले,

(ग) पन्ध्र प्रतिशतसम्मको भेरिएसन सम्बन्धित सार्वजनिक निकायको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको प्रमुखले, र

(घ) पन्ध्र प्रतिशतभन्दा माथिको भेरिएसन विभागीय प्रमुखले।

(२) भेरिएशन आदेश जारी गर्ने अधिकारीले विशेषज्ञहरूको समूह गठन गरी सो समूह मार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिसको आधारमा भेरिएशन आदेश जारी गर्न सक्नेछ।"

२९. **मूल ऐनको दफा ५५ मा संशोधन** : मूल ऐनको दफा ५५ को उपदफा (१) पछि देहायका उपदफा (१क) र (१ख) थपिएका छन् :-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तर्राष्ट्रिय कारण, युद्ध, आपूर्ति शृङ्खलामा अवरोध, महामारी, नाकाबन्दी वा अन्य विशेष परिस्थितिका कारण निर्माण सामग्री, श्रम, इन्धन, उपकरण वा ढुवानी लागतमा अस्वाभाविक मूल्यवृद्धि भएको वा प्रचलित मूल्य समायोजन प्रणालीबाट त्यस्तो मूल्यवृद्धि समुचित रूपमा सम्बोधन हुन नसक्ने अवस्था सृजना भएमा सोको पुष्टि गरी सार्वजनिक निकायले नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत कार्यविधि अनुरूप विशेष मूल्य समायोजन गर्न सकिनेछ।

(१ख) उपदफा (१) बमोजिम विशेष मूल्य समायोजन गर्दा वास्तविक लागत वृद्धि, आयोजना कार्यान्वयनको निरन्तरता तथा सार्वजनिक हितलाई समेत विचार गर्नु पर्नेछ।"

३०. **मूल ऐनको दफा ५८क. थप** : मूल ऐनको दफा ५८ पछि देहायको दफा ५८क. थपिएको छ :-

"५८क. **सार्वजनिक निर्माण कार्यको निरन्तरता, सहजीकरण तथा जिम्मेवारी सम्बन्धी व्यवस्था** : (१) सार्वजनिक निर्माण कार्यको कार्यान्वयनका लागि आवश्यक कार्यस्थल उपलब्ध गराउने, पहुँच मार्ग खुलाउने, निर्माण सामग्रीको आपूर्ति सहजीकरण गर्ने, वन क्षेत्र प्रयोग गर्न दिने, रुख हटाउने अनुमति, वातावरणीय स्वीकृति वा अन्य वैधानिक प्रक्रियासम्बन्धी सहजीकरण गर्ने, विद्युत, खानेपानी, ढल, दूरसञ्चार लगायतका सेवा तथा पूर्वाधार स्थानान्तरण गर्ने, यातायात तथा सुरक्षा व्यवस्थापन गर्ने र सम्बन्धित निकायबाट गर्नुपर्ने समन्वय तथा सहजीकरण समयमै सम्पन्न गर्ने दायित्व सङ्घ, प्रदेश, स्थानीय तह तथा सम्बन्धित निकायको हुनेछ।

(२) अदालत वा अधिकारप्राप्त निकायबाट अन्यथा आदेश भएकोमा बाहेक अन्तरनिकाय विवाद, सेवा तथा पूर्वाधार स्थानान्तरण, प्रशासनिक ढिलाइ वा अन्य समन्वयसम्बन्धी कारणले सार्वजनिक निर्माण कार्य अनावश्यक रूपमा अवरुद्ध गर्न पाइने छैन। सार्वजनिक निर्माण कार्य रोक्ने गरी अन्तरिम वा अन्य आदेश माग भएको अवस्थामा अदालत वा अधिकार प्राप्त निकायले आयोजनाको निरन्तरता, सार्वजनिक सेवा प्रवाह तथा व्यापक सार्वजनिक हितलाई समेत ध्यानमा राख्नु पर्नेछ।

(३) खरिद सम्झौता प्राप्त गर्ने निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा अन्य पक्षले खरिद सम्झौताबमोजिम कार्य गर्न सक्ने अवस्था हुँदाहुँदै बदनियतपूर्वक पेश्की परिचालन, सार्वजनिक निकायबाट प्राप्त भुक्तानी वा खरिद सम्झौता कार्यान्वयनका लागि उपलब्ध गराइएको रकम सम्झौताको उद्देश्य विपरीत प्रयोग गरेको, झूटा विवरण वा कागजात पेस गरी भुक्तानी लिएको, भुक्तानी प्राप्त गरेपछि पनि सोबमोजिम कार्य नगरी काम परित्याग गरेको, सम्झौताको गम्भीर उल्लङ्घन गरेको वा सार्वजनिक निकाय वा राज्यलाई हानि नोक्सानी पुऱ्याएको अनुसन्धान वा छानबिनबाट देखिएमा सो कार्यमा संलग्न सञ्चालक, प्रतिनिधि वा जिम्मेवार पदाधिकारीलाई ठगी वा कीर्ते लगायतको प्रचलित फौजदारी कानून बमोजिमको कसुर गरेको मानी कारबाही चलाइनेछ।

(४) कुनै पदाधिकारी वा सार्वजनिक निकायले कानूनबमोजिम वा आफ्नो अधिकारक्षेत्रभित्र गर्नुपर्ने निर्णय, स्वीकृति, सहमति, सिफारिस, समन्वय वा सहजीकरण समयमै नगरेको वा अनावश्यक ढिलाइ, लापरवाही, बदनियत वा कानून बमोजिमको दायित्व पालना नगरेको कारणबाट सार्वजनिक निर्माण कार्य अनावश्यक रूपमा अवरुद्ध भई राज्यलाई आर्थिक क्षति पुगेमा वा सार्वजनिक सेवामा प्रतिकूल असर परेमा त्यस्तो पदाधिकारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्न सकिनेछ र त्यस्तो सार्वजनिक निकायलाई नेपाल सरकारले उपलब्ध गराउने अनुदान रोक्का गर्न सकिनेछ।"

३१. <u>मूल ऐनको दफा ५९ मा संशोधन</u> : मूल ऐनको दफा ५९ को,-

(१) उपदफा (८) को सट्टा देहायको उपदफा (८) राखिएको छ :-

"(८) उपदफा (७) बमोजिम सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पूरै कार्यसम्पादन जमानत जफत हुनेछ। सो अवस्थामा सम्झौता बमोजिमको बाँकी कार्यसम्पन्न गर्न सार्वजनिक निकायले गरेको अद्यावधिक लागत अनुमानको आधारमा आउने रकम र सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट नै उक्त कार्यसम्पन्न हुँदा लाग्ने रकमको तुलनाका आधारमा सार्वजनिक निकायले ब्यहोर्नु पर्ने थप रकमको दायित्व यकिन गरी त्यसरी सम्झौता बमोजिम काम सम्पन्न नगर्ने आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट उक्त थप रकम सरकारी बाँकी सरह असुल गरिनेछ। त्यसरी सम्झौताको अन्त्य गरिएको अवस्थामा उक्त अद्यावधिक लागत अनुमान बमोजिमको बाँकी कार्य पूरा गर्न सार्वजनिक निकायले बोलपत्र आह्वान गर्न बाधा पर्नेछैन।"

(२) उपदफा (९) मा रहेका "उपदफा (७)" भन्ने शब्दहरूको अगाडि "सम्झौता भएको मितिले एक वर्षभित्र" भन्ने शब्दहरू थपिएका छन्।

३२. **मूल ऐनको दफा ६१क. मा संशोधन** : मूल ऐनको दफा ६१क. को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) तालुक कार्यालय वा अख्तियार प्राप्त निकायले अनुगमन गर्दा देहायको अवस्था देखिएमा सम्बन्धित पदाधिकारीलाई प्रचलित कानूनबमोजिम विभागीय कारबाही गर्न अख्तियार प्राप्त अधिकारीसमक्ष लेखी पठाउनु पर्नेछ :-

(क) निर्धारित समयभित्रै खरिद कार्य सम्पन्न हुने गरी खरिद सम्बन्धी कारबाही प्रारम्भ नगरेको वा तत्सम्बन्धमा आवश्यक निर्णय नगरेको,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिए बमोजिम सार्वजनिक खरिद प्रक्रियामा भाग लिन रोक लगाउनु पर्नेमा सो बमोजिम लेखी नपठाएको वा असुल वा जफत गर्नु पर्नेमा नगरेको,

(ग) खरिद सम्झौता कार्यान्वयनको चरणमा गर्नुपर्ने साइट तथा डिजाइन ड्रइङ उपलब्ध गराउने, भेरिएशन आदेश जारी गर्ने, अवधि थप गर्ने, पेस भएको बिलको भुक्तानी गर्ने लगायत सम्झौतामा उल्लिखित विषयका सम्बन्धमा आवश्यक निर्णय समयमा नगरेको,

(घ) निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकले गरेको दावी उपर सम्झौतामा निर्धारित समयभित्र निर्णय गरी जानकारी नदिएको तथा भुक्तानीका लागि कार्यालयमा दर्ता गरिएका बिल अभिलेख नराखी फिर्ता गरेको,

(ङ) कालो सूचीमा राख्न लेखी पठाउनु पर्नेमा लेखी नपठाएको,

(ङ) दफा ६१ बमोजिमको आचरण पालना नगरेको,

(छ) बोलपत्र वा प्रस्तावसम्बन्धी कागजातमा उल्लिखित मूल्याङ्कनका आधार विपरीत वा त्रुटिपूर्ण मूल्याङ्कन गरेको वा तोकिएको जिम्मेवारी पूरा नगरेको,

(ज) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित अन्य जिम्मेवारी पूरा नगरेको।"

३३. **मूल ऐनको दफा ६१ख. थप** : मूल ऐनको दफा ६१क. पछि देहायको दफा ६१ख. थपिएको छ :-

"**६१ख. कर्मचारीलाई प्रोत्साहन सुविधा दिन सक्ने :** दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा नेपाल सरकार र अन्य सार्वजनिक निकायको हकमा त्यस्तो निकायको सर्वोच्च कार्यकारी निकायले खरिद सम्बन्धी कार्य निर्धारित सुरु समयावधिभित्रै गुणस्तरीय रूपमा सम्पादन गरी उत्कृष्ट नतिजा प्राप्त भएको आधारमा त्यस्तो खरिद कार्यमा संलग्न कर्मचारीलाई तोकिए बमोजिम प्रोत्साहन सुविधा दिन सक्नेछ।"

३४. **मूल ऐनमा दफा ६२क. थप** : मूल ऐनको दफा ६२ पछि देहायको दफा ६२क. थपिएको छः-

"६२क. **निर्माण व्यवसायीलाई पुरस्कार र प्रशंसापत्र दिन सक्ने** : दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा नेपाल सरकार र अन्य सार्वजनिक निकायको हकमा त्यस्तो निकायको सर्वोच्च कार्यकारी निकायले निर्धारित सुरु समयावधिभित्रै गुणस्तरीय रुपमा निर्माण सम्बन्धी कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई तोकिए बमोजिमको प्रोत्साहन र प्रशंसापत्र दिन सक्नेछ ।"

३५. **मूल ऐनको दफा ६३ मा संशोधन** : मूल ऐनको दफा ६३ को,-

(१) दफा शीर्षकमा रहेको "र फुकुवा गर्ने" भन्ने शब्दहरू झिकिएका छन्।

(२) उपदफा (१) मा रहेको "प्रस्तावदाता," भन्ने शब्द पछि "सिलबन्दी दरभाउपत्रदाता," भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा (१) को खण्ड (क) पछि देहायको खण्ड (क१) र (क२) थपिएका छन् :-

"(क१) दफा १९ को उपदफा (१) मा उल्लिखित अवधि समाप्त भएपछि बोलपत्र संशोधन वा फिर्ता माग गरेमा,

(क२) दफा २३ को उपदफा (४) बमोजिम माग गरेको विषयमा जानकारी वा जवाफ नदिएमा वा त्यस्तो जानकारी वा जवाफ दिँदा मूल्य वा सारभूत कुरा परिवर्तन गरेमा"

(४) उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) दफा २७, ३८ वा ४० बमोजिम स्वीकृतिको लागि छनोट भएका बोलपत्रदाता वा प्रस्तावदाता वा शिलबन्दी दरभाउपत्रदाता खरिद सम्झौता गर्न नआएमा"

(५) उपदफा (२) मा रहेको "प्रस्तावदाता," भन्ने शब्द पछि "शिलबन्दी दरभाउपत्रदाता," भन्ने शब्दहरू थपिएका छन्।

(६) उपदफा (६) झिकिएको छ।

३६. **मूल ऐनको दफा ६५ मा संशोधन** : मूल ऐनको दफा ६५ को उपदफा (१) को,-

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) टर्न की, ई.पी.सी (इन्जिनियरिङ, प्रोक्युर्मेन्ट एण्ड कन्स्ट्रक्सन), डिजाइन र निर्माण, संरचनात्मक वा एकाई दर सम्झौता र निर्मित संरचनाको सञ्चालन तथा व्यवस्थापनका लागि गरिने सम्झौताका लागि आवश्यक पर्ने प्राविधिक मार्गदर्शन जारी गर्ने।"

(२) खण्ड (ग) मा रहेका "तयार गर्ने" भन्ने शब्दहरूको सट्टा "जारी गर्ने" भन्ने शब्दहरू राखिएका छन्।

(३) खण्ड (घ१) झिकिएको छ।

(४) खण्ड (घ३) पछि देहायको खण्ड (घ४) थपिएको छ :-

"(घ४) सरकारी ई-मार्केटप्लेससँग सम्बन्धित प्रणालीको विकास तथा सञ्चालन गर्ने,"

(५) खण्ड (ठ१) को सट्टा देहायको खण्ड (ठ१) राखिएको छ :-

"(ठ१) खरिद विज्ञ र खरिदसम्बन्धी तालिम दिने व्यक्ति वा संस्थाको तोकिएबमोजिम प्रमाणीकरण गर्ने,"

३७. **मूल ऐनमा दफा ६६क. थप** : मूल ऐनको दफा ६६ पछि देहायका दफा ६६क. र ६६ख थपिएका छन् :-

"६६क. **ई.पी.सी (ईन्जिनियरिङ, प्रोक्युर्मेन्ट एण्ड कन्स्ट्रक्सन), डिजाइन र निर्माण, टर्न की र संरचनात्मक सम्झौतासम्बन्धी विशेष व्यवस्था** : (१) सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेबमोजिमको जटिल तथा विशेष प्राविधिक क्षमता आवश्यक पर्ने आयोजनाहरूको लागि सार्वजनिक निकायले तोकिए बमोजिमको अधिकारीबाट स्वीकृति लिई ई.पी.सी (ईन्जिनियरिङ, प्रोक्युर्मेन्ट एण्ड कन्स्ट्रक्सन), डिजाइन र निर्माण वा टर्न की सम्झौता गर्न सक्नेछ ।

(२) सार्वजनिक निकायले खरिद सम्झौतामा उल्लिखित मालसामान वा अन्य सेवा माग गरेको समयमा खरिद सम्झौतामा उल्लिखित दर र सर्तबमोजिम एक वा एकभन्दा बढी आपूर्तिकर्ताबाट प्राप्त गर्ने व्यवस्था गर्नको लागि संरचनात्मक सम्झौताका माध्यमबाट खरिद गर्न सक्नेछ।

(३) ई.पी.सी (ईन्जिनियरिङ, प्रोक्युर्मेन्ट एण्ड कन्स्ट्रक्सन), डिजाइन र निर्माण, टर्न की, संरचनात्मक वा एकाई दर सम्झौतासम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६६ख. **सरकारी खरिद सेवा कार्यालयको स्थापना** : (१) ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमका सार्वजनिक निकायलाई आपूर्तिकर्ता छनोट तथा मालसामान खरिदमा सहयोग गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत एक सरकारी खरिद सेवा कार्यालय रहनेछ।

(२) सरकारी खरिद सेवा कार्यालयको काम, कर्तव्य तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।"

३८. **मूल ऐनको दफा ६७ मा संशोधन** : मूल ऐनको दफा ६७ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (घ) मा "महोत्सव," भन्ने शब्द पछि "विज्ञापन," भन्ने शब्द तथा "जस्ता कार्यको" भन्ने शब्दहरु पछि "तथा विदेशमा गरिने मालसामान वा अन्य सेवा खरिदको" भन्ने शब्दहरू थपिएका छन्।

(ख) खण्ड (ङ) र (च) को सट्टा देहायका खण्ड (ङ) र (च) राखिएका छन् :-

"(ङ) विदेशस्थित नेपाली राजदूतावास, नियोग तथा विदेशमा कार्यालय भएका अन्य सार्वजनिक निकायले मालसामान वा निर्माण कार्य, परामर्श सेवा, अन्य सेवा वा चल अचल सम्पत्ति खरिद गर्नु परेमा,

(च) विमान सेवा सञ्चालन गर्न स्वीकृतिप्राप्त सार्वजनिक निकायले विमान, एभिएशन वा विमानसँग सम्बन्धित उपकरण खरिद गर्नु परेमा वा भाडामा लिनु परेमा।"

(ग) खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छ :-

"(च१) पूर्वाधार कम्पनीले जिम्मा पाएको निर्माण कार्य गर्दा आवश्यक पर्ने निर्माण सामग्री खरिद तथा मेशिन उपकरणहरू भाडामा लिने सम्बन्धी कार्य गर्दा"

(२) उपदफा (३) मा रहेका "(ङ) र (च)" भन्ने शब्दहरुको सट्टा पछि "(ङ), (च) र (च१)" राखिएका छन्।

३९. <u>मूल ऐनको दफा ७४ मा संशोधन</u> : मूल ऐनको दफा ७४ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-

"(४) नेपाल सरकार, नेपाल सरकारका मन्त्रालय वा कुनै निकायबाट हुने कुनै काम वा निर्णय गर्न यस ऐनमा कुनै निकाय वा पदाधिकारी तोकिएकोमा प्रदेश सरकार र स्थानीय तहबाट त्यस्तो काम वा निर्णय गर्नको लागि प्रदेश सरकार र स्थानीय तहले सम्बन्धित तहको निकाय वा पदाधिकारी तोक्ने गरी व्यवस्था गर्नु पर्नेछ।"

क्र.सं.	संशोधन गर्नु पर्ने दफा	साविकको व्यवस्था	प्रस्तावित व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
१.	<u>दफा २ मा संशोधनः</u>	(ग) "मालसामान" भन्नाले चल वा अचल, सजीव वा निर्जीव जुनसुकै किसिमको वस्तु सम्झनु पर्छ र सो शब्दले त्यस्तो वस्तु आपूर्ति गर्ने कार्यको आनुषङ्गिक सेवा समेतलाई जनाउनेछ।	(ग) मालसामान" भन्नाले चल वा अचल, सजीव वा निर्जीव, मूर्त वा अमूर्त जुनसुकै किसिमको वस्तु सम्झनु पर्छ र सो शब्दले त्यस्तो वस्तु आपूर्ति गर्ने कार्यको आनुषङ्गिक सेवालाई समेत जनाउँछ ।	सूचना प्रविधिसँग सम्बन्धित अभौतिक मालसामानको खरिदलाई संवोधन गर्न
		(च) "अन्य सेवा" भन्नाले सवारी साधन, उपकरण वा मालसामान भाडामा लिने, ढुवानी गर्ने, मालसामान मर्मत सम्भार गर्ने कार्य सम्झनु पर्छ।	(च) "अन्य सेवा" भन्नाले सवारी साधन, उपकरण वा मालसामान भाडामा लिने, ढुवानी गर्ने, मालसामान मर्मत सम्भार गर्ने कार्य, विज्ञापन गर्ने , सुरक्षा सेवा लिने, सरसफाई सेवा लिने, हवाइ टिकट लिने, पूर्वाधार व्यवस्थापन, सञ्चालन तथा मर्मत गर्ने लगायत परामर्श सेवामा नसमेटिएका अन्य गैर परामर्श सेवाहरू सम्झनु पर्छ ।	बारम्बार खरिद भई रहने विज्ञापन, सुरक्षा सेवा, हवाइ टिकट लिने जस्ता खरिद कार्यलाइ अन्य सेवाको परिभाषामा थप गरि अझ स्पष्टपारिएको।
			खण्ड (न) पछि देहायको खण्ड (न१) थपिएको छः-(न१) "स्वदेशी मालसामान" भन्नाले स्वदेशी कच्चा पदार्थ प्रयोग गरी उत्पादन गरिएको वा अन्य देशबाट पैठारी गरिएको कच्चा पदार्थमा स्वदेशी श्रम, स्वदेशी कच्चा पदार्थ र सामग्रीको अंशहरूको हिस्सा कम्तीमा तीस प्रतिशत मूल्य अभिवृद्धि भई स्वदेशी उद्योगबाट उत्पादन भएको मालसामान सम्झनु पर्छ। तर विदेशबाट पैठारी गरी नेपालमा ब्रान्डिङ्ग भएका मालसामानलाई स्वदेशी मालसामान मानिने छैन।	स्वदेशी मालसामानलाई स्पष्ट पार्न परिभाषा समावेश गर्न आवश्यक देखिएकोले ।

२.	**<u>दफा ४क. थपः</u>**	.....	**४क. पूर्वतयारी गर्नु पर्नेः**(१) सार्वजनिक निकायले खरिदको लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारबाही सुरु गर्नु हुँदैन । (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बहुवर्षीय सम्झौता बमोजिम गरिने खरिदको हकमा पहिलो वर्षको लागि आवश्यक बजेट व्यवस्था भई अन्य वर्षको लागि श्रोत सुनिश्चित भएपछि खरिद कारबाही शुरु गर्न सकिनेछ। (३) सार्वजनिक निकायले देहायबमोजिम नभई बोलपत्र आह्वान गर्नु हुँदैन :- (ङ) निर्माण स्थलको व्यवस्था, (च) निर्माण स्थलबाट हटाउनु पर्ने रुख बिरुवा लगायतका संरचना हटाउने सुनिश्चितता, (छ) मुआब्जा वा क्षतिपूर्ति वितरण गर्नु पर्नेमा सोको लागि बजेटको सुनिश्चितता, र (ज) प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत।	पूर्वतयारीबिना खरिदसम्बन्धी प्रक्रिया अगाडि बढाउँदा खरिद कार्य असफल भई रूग्न हुन सक्ने सम्भावना भएकोले सो अवस्था हटाउनको लागि यो प्रावधान ऐनमा राखी बाध्यात्मक बनाइएको।

३.	दफा ५ मा संशोधन	उपदफा (१) पछि उपदफा (१क), (१ख), (१ग) र (१घ थपिएको	(१क) उपदफा (१) बमोजिम सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकार, मन्त्रिपरिषद्ले स्वीकृत गरेको नर्म्स अनुसार गर्नु पर्नेछ। तर त्यस्तो नर्म्स बमोजिम काम गर्दै जाँदा खास कामको लागि खास प्रकारको नर्म्स आवश्यक परेमा सम्बन्धित सार्वजनिक निकायको प्रमुखले त्यस्तो निकायको प्राविधिकबाट र त्यस्तो प्राविधिक नभए अन्य सार्वजनिक निकायका सम्बन्धित प्राविधिकबाट आवश्यक नर्म्स तयार गर्न लगाउनु पर्नेछ। यसरी तयार भएको नर्म्स सम्बन्धित विभागीय प्रमुखले स्वीकृत गर्नु पर्नेछ। (१ख) परामर्श सेवा वा अन्य सेवाको लागत अनुमान तयार गर्दा दफा (२) को खण्ड (ख) को उपखण्ड (१) को हकमा सम्बन्धित मन्त्रालयबाट र अन्य सार्वजनिक निकायको हकमा सो निकायको सर्वोच्च कार्यकारी निकायले स्वीकृत गरेको नर्म्सबमोजिम गर्नु पर्नेछ। (१ग) उपदफा (१क) र (१ख) बमोजिम तयार भएको नर्म्स सार्वजनिक खरिद अनुगमन कार्यालयमा अभिलेख तथा प्रकाशनको लागि पठाउनु पर्नेछ।	विभिन्न निकायहरुबाट नर्म्स तयार गरि नेपाल सरकारबाट स्विकृत गराउँदा एउटै कामको लागि पनि फरक फरक नर्म्स भएको देखिएकोले एकरुपता ल्याउनको नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्विकृत हुन मनासिब देखिएकोले ।

			(१घ) उपदफा (१क) र (१ख) बमोजिम नर्म्स स्वीकृत भई लागु नभएसम्म यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको नर्म्स अनुसार लागत अनुमान तयार गर्न बाधा पर्ने छैन।	
४.	**<u>दफा ७ मा संशोधनः</u>**	उपदफा (६) को सट्टा उपदफा (६) राखी त्यसपछि उपदफा (६क) र (६ख) थपिएको	(६) यस ऐन बमोजिम गरिएको खरिद सम्झौता बमोजिमको कार्यको नियमित सुपरिवेक्षण र अनुगमन गर्नु गराउनु तथा सम्झौताको सर्तहरूको परिपालना गरी वा गराई निर्धारित समयमा कार्य सम्पन्न हुने सुनिश्चितता गर्नु सम्बन्धित सार्वजनिक निकायको प्रमुखको कर्तव्य हुनेछ। (६क) खरिद कार्यको सम्झौतामा उल्लेख गरिए बमोजिमको स्पेसिफिकेसन तथा मापदण्ड बमोजिमको गुणस्तर कायम गरी निर्धारित परिमाणको कार्य निर्धारित समयमा सम्पन्न गर्ने मुख्य जिम्मेवारी सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकको हुनेछ। (६ख) यस ऐन बमोजिम गरिने खरिद कार्यको लागि डिजाइन, लागत अनुमान तथा प्राविधिक प्रतिवेदन तयार गर्न नियुक्त गरिएको परामर्शदाताले डिजाइन, लागत अनुमान तथा प्राविधिक प्रतिवेदन तयार गर्दा सुरक्षित, व्यवहारिक, मितव्ययी, कार्यान्वयनयोग्य र आर्थिक रूपमा औचित्यपूर्ण हुने गरी तयार गर्नु पर्नेछ र सोको प्राविधिक	सम्बन्धित सार्वजनिक निकाय, निर्माणकर्ता, आपूर्तिकर्ता, परामर्शदातालाई बढी जिम्मेवार बनाउनु पर्ने देखिएकोले ।

			तथा आर्थिक औचित्यता सम्बन्धी मुख्य जिम्मेवारी सम्बन्धित परामर्शदाताको हुनेछ।	
५.	**<u>दफा ८ मा संशोधनः</u>**	उपदफा (१) को खण्ड (क) को उपखण्ड (१०) पछि उपखण्ड (११) थपिएको र उपदफा (१) पछि उपदफा (१क) थपिएको	(११) कबुल अङ्क घटाघट गर्ने (रिभर्स अक्सन) खरिद विधिबाट, <u>स्पष्टीकरणः</u> यस उपखण्डको प्रयोजनको लागि "बोल अङ्क घटाघट गर्ने (रिभर्स अक्सन) खरिद विधि" भन्नाले सार्वजनिक निकायको लागत अनुमानलाई अधिकतम रकम मानी सो रकममा घटाघट गरी कबुल गर्न बोलपत्रदाता वा सेवा प्रदायकलाई निश्चित अवधि उपलब्ध गराउने र सो अवधिमा सबैभन्दा कम अङ्क कबुल गर्ने बोलपत्रदाता वा सेवा प्रदायक छनोट गर्ने विधि सम्झनु पर्छ। (१क) तोकिएको रकमसम्मको लागत अनुमान भएको खरिद कार्यमा उपदफा (१) को खण्ड (क) को उपखण्ड (११) बमोजिम बोल अङ्क घटाघट गर्ने (रिभर्स अक्सन) विधि प्रयोग गर्न सकिनेछ।	बोल अङ्क घटाघट गर्ने (रिभर्स अक्सन) विधि र फ्रेमवर्क सम्झौता विधि सम्बन्धी व्यवस्था थपनु आवश्यक देखिएकोले।
		(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु हुदैन।	"(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमबमोजिम खरिद गर्दा देहाय बमोजिम हुने गरी खरिद गर्न हुँदैनः- (क) एक आपसमा अन्तर सम्बन्धित भई सम्पूर्ण आयोजना वा मालसामान परीक्षण गरेर मात्र स्वीकार गर्नु पर्ने अवस्थामा बाहेक प्रतिष्पर्धालाई सङ्कुचित र सीमित गर्ने गरी ठूला ठूला प्याकेज बनाई वा (ख) प्रतिष्पर्धालाई सङ्कुचित र सीमित गर्ने गरी वा खरिद विधि परिवर्तन हुने गरी टुक्रा टुक्रा पारी।	ठूला ठूला प्याकेज बनाएर भए पनि प्रतिस्पर्धालाइ सिमित हुने गरि बोलपत्र आव्हान गर्ने गरेको देखिएकोले बढी प्रतिस्पर्धा हुने साइजको प्याकेज बनाएर बोलपत्र आव्हान गर्नुपर्ने व्यवस्था गर्न उपयुक्त देखिएकोले ।

		(३) उपदफा (१) को खण्ड (क) को उपखण्ड (७), (८), (९) र (१०) बमोजिमका खरिद विधि सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।	(३) उपदफा (१) को खण्ड (क) को उपखण्ड (७), (८), (९), (१०) र (११) बमोजिमका खरिद विधि सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।	उपखण्ड(११) र (१२) थप प्रस्ताव भएकोले उल्लेख गर्नु परेको।
६.	**<u>दफा १० मा संशोधनः</u>**	(२) उपदफा (१) बमोजिम बोलपत्र सम्बन्धी कागजात वा प्रस्ताव सम्बन्धी कागजातमा योग्यताका आधार उल्लेख गर्दा पेशागत र प्राविधिक योग्यता, उपकरणको उपलब्धता, विगतको कार्य सम्पादन, बिक्री पछिको सेवाको व्यवस्था, जगेडा पाटपूर्जाको उपलब्धता, कानूनी सक्षमता, वित्तीय स्रोत र अवस्था, पेशागत कसूर गरे बापतको सजाय र यस्तै अन्य आधारहरु उल्लेख गर्न सकिनेछ ।	(२) उपदफा (१) बमोजिम बोलपत्र सम्बन्धी कागजात वा प्रस्ताव सम्बन्धी कागजातमा योग्यताका आधार उल्लेख गर्दा पेशागत र प्राविधिक योग्यता, उपकरणको उपलब्धता, विगतको कार्य **सम्पादनस्तर, प्राविधिक र आर्थिक क्षमता (बिड क्यापासिटी)**, बिक्री पछिको सेवाको व्यवस्था, जगेडा पाटपूर्जाको उपलब्धता, कानूनी सक्षमता, वित्तीय स्रोत र अवस्था, पेशागत कसुर गरे बापतको सजाय र यस्तै अन्य आधारहरू उल्लेख गर्न सकिनेछ।	बोलपत्रदाताको क्षमता अनुसार मात्र खरिद कार्यको लागि छनौट गर्नुपर्ने व्यवस्था गर्न उपयुक्त देखिएकोले।
		उपदफा (२) पछि देहायको उपदफा (२क) र (२ख) थपिएको छः	(२क) उपदफा (२) बमोजिम बोलपत्रदाताको योग्यता गणना गर्दा बोलपत्र पेस गर्नु अघि दुई वा सो भन्दा बढी कम्पनी वा फर्म एकीकरण भएकोमा त्यसरी एकीकरण हुनुभन्दा अघि कायम रहेका कम्पनी वा फर्मको योग्यतालाई एकीकरण भई कायम भएको फर्म वा कम्पनीको योग्यतामा गणना गरिनेछ। (२ख) उपदफा (२) बमोजिम बोलपत्रदाताको योग्यता निर्धारण गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले ठूला र जटिल भनी निर्धारण गरेको निर्माण कार्यको	(२क) दुई वा दुईभन्दा बढी फर्म एकिकरण भएको वा गाभिएको अवस्थामा एकीकरण हुनु वा गाभिनु अघि भएको फर्महरुको योग्यता गणना गर्ने सम्बन्धी व्यवस्थालाई स्पष्ट पार्नु पर्ने देखिएकोले। (२ख)ठूला र जटिल प्रकृतिका खरिद कार्यमा बोलपत्रदाताको योग्यता अत्यन्त महत्वपूर्ण हुने हुनाले बढी योग्यता भएका निर्माणव्यवसायी वा

			हकमा तोकिएबमोजिम प्राविधिक र आर्थिक प्रस्तावको अङ्कभार निर्धारण गर्न सकिनेछ।	आपूर्तिकर्तालाई प्राथमिकता दिन तथा न्यून लागतमा कबोल गर्ने प्रवृत्ति रोक्नको लागि rated criteria को अवधारणाबमोजिम व्यवस्था गर्न उपयुक्त भएकोले।
		(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि योग्यता आवश्यक पर्ने भनी सार्वजनिक निकायबाट निश्चित गरिएका निर्माण कार्यमा बाहेक दुई करोड रुपैयाँसम्मको लागत अनुमानभन्दा कम लागत अनुमान भएको निर्माण कार्यको खरिदमा योग्यता निर्धारण गरिने छैन ।	(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिमको खरिदमा योग्यता निर्धारण गरिने छैन।	रकमको सिलिङ ऐनमा उल्लेख गर्न उपयुक्त नदेखिएको र यस्ता रकमको सिलिङलाइ नियमावलीमा उल्लेख गर्न उपयुक्त हुने देखिएकोले ।
७.	**<u>दफा ११ मा संशोधनः</u>**	उपदफा (४),(५) र (६) थपिएको	(४) उपदफा (२) बमोजिम खुला रूपमा आह्वान गरिने बोलपत्रमा बोलपत्रदाताको योग्यता आवश्यक नपर्ने किसिमको मालसामान वा अन्य सेवा खरिद वा तोकिएको रकमभन्दा कमको निर्माण कार्यको खरिद गर्दा बोलपत्रदाताले प्राविधिक र आर्थिक प्रस्ताव एउटै खाममा पेस गर्ने एक खाम प्रणाली अवलम्बन गरी खरिद गर्नु पर्नेछ। (५) उपदफा (२) बमोजिम खुला रूपमा आह्वान गरिने बोलपत्रमा बोलपत्रदाताको योग्यता आवश्यक पर्ने किसिमको मालसामान खरिद वा अन्य सेवा वा तोकिएको रकमभन्दा	दुई खाम प्रणालीको व्यवस्था ऐनमा नै उल्लेख गर्न उपयुक्त देखिएकोले तथा एक खाम प्रणालीलाई समेत थप स्पष्ट व्यवस्था गर्न उपयुक्त देखिएकोले।

			बढीको निर्माण कार्यको खरिदमा बोलपत्रदाताले प्राविधिक र आर्थिक प्रस्ताव दुई अलग अलग खाममा पेस गर्ने दुई खाम प्रणाली अवलम्बन गरी खरिद गर्नु पर्नेछ। (६) उपदफा (४) र (५) बमोजिम बोलपत्र आह्वान तथा मूल्याङ्कन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।	
८.	**<u>दफा १३ मा संशोधनः</u>**	उपदफा (ढ५) र (ढ६) थपिएको	(ढ५) बोलपत्रदाताको विगतका खरिद सम्झौताहरुको कार्य सम्पादन स्तर प्रमाणित गर्न कागजात पेश गर्नुपर्ने भएमा सोसम्बन्धी व्यहोरा (ढ६) मालसामान खरिदको हकमा सञ्चालन तथा मर्मत सम्भार खर्च, पुनः बिक्री मूल्य तथा निसर्ग (डिस्पोजल)को खर्च प्रमाणित गर्ने कागजात पेश गर्नु पर्ने भएमा सोसम्बन्धी व्यहोरा	(ढ५)बोलपत्रको मूल्याङ्कन गर्दा बोलपत्रदाताको विगतको कार्यसम्पादन स्तरलाई समेत आधार बनाउन उपयुक्त हुने हुँदा थपिएको (ढ६) मालसामान खरिद कार्यमाvalue for money लाई विचार गर्नको लागि सुरू लागत बाहेक त्यसको सञ्चालन खर्च तथा पुनः बिक्री मूल्यलाई समेत मूल्याङ्कन गर्न आवश्यक भएकोले
		(द) प्राविधिक क्षमतालाई प्रमाणित गर्ने कागजात तथा आर्थिक प्रस्ताव (बोल अङ्क) एउटै खाममा पेश गर्नु पर्ने व्यहोरा, र	(द) एकै खाममा माग गरिने भए प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव एउटै खाममा पेस गर्नुपर्ने व्यहोरा र दुई खाममा माग गरिने भएमा प्राविधिक प्रस्ताव र आर्थिक	दुई खाम प्रणालीमा बोलपत्र पेश गर्ने सम्बन्धी प्रक्रियालाइ स्पष्ट पारिएको ।

			प्रस्ताव छुट्टाछुट्टै खाममा राखी सिलबन्दी गरी ती छुट्टा छुट्टै खामलाई पुनः अर्को एउटै खामभित्र राखी सिलबन्दी गरी पेस गर्नु पर्ने व्यहोरा	
		खण्ड (न) र खण्ड (प) थपिएको	(न) निर्माण कार्यमा संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) बाट कार्य सम्पन्न गर्ने गरी बोलपत्र प्रक्रियामा समावेश भई ठेक्का प्राप्त गरेको अवस्थामा संयुक्त उपक्रमका सबै सदस्यले दायित्व बहन गरी सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्ने तथा त्यस्तो कार्यको जिम्मेवारी संयुक्त उपक्रमका कुनै एक सदस्य वा सीमित सदस्य वा अन्य कसैलाई हस्तान्तरण गर्न नपाइने विषय। (प) योग्यताका आधारको लागि अङ्कभार निर्धारण गरिएको अवस्थामा प्राविधिक र आर्थिक प्रस्तावको अङ्कभार।	आर्थिक र प्राविधिक योग्यता पुऱ्याउन बोलपत्रदाताहरु संयुक्त उपक्रम गर्ने तर कार्यको दायित्व एउटामात्र साझेदारले बहन गर्ने प्रवृत्ति निरूत्साहित गर्न Rated criteria को व्यवस्था बमोजिम राखिएको
		उपदफा (३) मा प्रतिबन्धात्मक वाक्यांश थपिएको	तर विद्युतीय खरिद प्रणालीबाट बोलपत्रको सूचना आह्वान गरिएकोमा त्यस्तो दस्तुर लाग्ने छैन ।	बोलपत्रसम्बन्धी कागजातको फोटोकपी गर्ने लगायत कार्यालयको प्रशासनिक खर्चको लागि त्यस्तो दस्तुर लिने गरिएकोमा विद्युतीय खरिद प्रणलीमा त्यस्तो आवश्यकता नहुने हुँदा दस्तुर लिन नपर्ने व्यवस्था गरिएको
९.	**<u>दफा १४ मा संशोधनः</u>**	उपदफा (१) को अन्त्यमा प्रतिबन्धात्मक वाक्यांश थपिएको	तर विद्युतीय खरिद प्रणाली मार्फत बोलपत्र वा पूर्व योग्यता निर्धारणको प्रस्ताव आह्वान गरिएको अवस्थामा यस्तो आह्वानको सूचना विद्युतीय खरिद प्रणाली बाहेक अन्य माध्यमबाट प्रकाशन गर्नुपर्ने छैन।	विद्युतीय खरिद प्रणालीमा बोलपत्र आव्हान गरिसकेपछअन्य माध्यममा

				बोलपत्र आव्हानको सूचना प्रकाशन नगर्दा मितव्ययी हुने
		(२) उपदफा (१) बमोजिमको सूचना केन्द्रीयस्तरको सार्वजनिक निकायको हकमा सो निकाय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेब साईटमा राख्नु पर्नेछ र जिल्लास्तरीय सार्वजनिक निकायको हकमा त्यस्तो सूचना सो निकाय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेब साईटमा राख्न सकिनेछ।	(२) उपदफा (१) बमोजिम विद्युतीय खरिद प्रणाली मार्फत बोलपत्र वा पूर्व योग्यता निर्धारणको प्रस्ताव आह्वान नगरिएको अवस्थामा त्यस्तो सूचना सार्वजनिक निकायले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइटमा राख्नु पर्नेछ र त्यस्तो सार्वजनिक निकायको वेबसाइट भए सोमा र नभएमा सम्बन्धित सार्वजनिक निकायको सूचनापाटीमा समेत राख्नु पर्नेछ।	वेव साइटमा सूचना प्रकाशन गर्ने सम्बन्धी व्यवस्थालाइ थप स्पष्ट पारिएको ।
		(४) उपदफा (१) बमोजिमको सूचना प्रकाशन गर्दा राष्ट्रियस्तरको बोलपत्र वा पूर्व योग्यता निर्धारणको प्रस्ताव आह्वानको सूचनाको हकमा कम्तीमा तीस दिन र अन्तर्राष्ट्रियस्तरको बोलपत्र वा पूर्व योग्यता निर्धारणको प्रस्ताव आह्वानको सूचनाको हकमा कम्तीमा पैंतालीस दिनको अवधि दिनुपर्नेछ ।	(४) उपदफा (१) बमोजिमको सूचना प्रकाशन गर्दा राष्ट्रियस्तरको बोलपत्र वा पूर्व योग्यता निर्धारणको प्रस्ताव आह्वानको सूचनाको हकमा **कम्तीमा तिस दिन** र अन्तर्राष्ट्रियस्तरको बोलपत्र वा पूर्व योग्यता निर्धारणको प्रस्ताव आह्वानको सूचनाको हकमा **कम्तीमा तिस दिनको** अवधि दिनुपर्नेछ ।	खरिद प्रकृयालाई छिटो बनाउन।
		(४क) दफा २६ को उपदफा (५) बमोजिमको अवस्थामा बाहेक उपदफा (४) बमोजिम बोलपत्र वा पूर्व योग्यता सम्बन्धी प्रस्ताव पेश गर्न दिइएको अवधिभित्र कुनै बोलपत्र वा पूर्व योग्यता सम्बन्धी प्रस्ताव नपरेमा वा परे पनि सारभूत रुपमा प्रभावग्राही नभई पुनःबोलपत्र वा पूर्व योग्यता सम्बन्धी प्रस्ताव आह्वान गर्नु परेमा सार्वजनिक निकायले आवश्यकता अनुसार	(४क) दफा २६ को उपदफा (५) बमोजिमको अवस्थामा बाहेक उपदफा (४) बमोजिम बोलपत्र वा पूर्व योग्यता सम्बन्धी प्रस्ताव पेश गर्न दिइएको अवधिभित्र कुनै बोलपत्र वा पूर्व योग्यता सम्बन्धी प्रस्ताव नपरेमा वा परे पनि सारभूत रुपमा प्रभावग्राही नभई पुनःबोलपत्र वा पूर्व योग्यता सम्बन्धी प्रस्ताव आह्वान गर्नु परेमा सार्वजनिक निकायले आवश्यकता अनुसार राष्ट्रियस्तरको बोलपत्र वा पूर्व योग्यता सम्बन्धी प्रस्तावको हकमा **कम्तीमा सात दिन**	खरिद प्रक्रियालाई छोटो र छिटो बनाउन

		राष्ट्रियस्तरको बोलपत्र वा पूर्व योग्यता सम्बन्धी प्रस्तावको हकमा कम्तीमा पन्ध्र दिन र अन्तर्राष्ट्रियस्तरको बोलपत्र वा पूर्व योग्यता सम्बन्धी प्रस्तावको हकमा कम्तीमा एक्काइस दिनको समयावधि दिई पुनः बोलपत्र वा पूर्व योग्यता निर्धारण प्रस्ताव आह्वान गर्न सक्नेछ ।	र अन्तर्राष्ट्रियस्तरको बोलपत्र वा पूर्व योग्यता सम्बन्धी प्रस्तावको हकमा **कम्तीमा पन्ध्र दिन**को समयावधि दिई पुनः बोलपत्र वा पूर्व योग्यता निर्धारण प्रस्ताव आह्वान गर्न सक्नेछ ।	
		(४ख) उपदफा (४क) बमोजिम दिइएको अवधिभित्र पनि कुनै बोलपत्र वा पूर्व योग्यता सम्बन्धी प्रस्ताव नपरेमा वा परे पनि सारभूत रुपमा प्रभावग्राही नभएमा र तत्काल खरिद नगरे सार्वजनिक निकायलाई हानी नोक्सानी हुने वा सो निकायको कुनै काम रोकिने भएमा सार्वजनिक निकायले त्यसको औचित्य खुलाई राष्ट्रियस्तरको बोलपत्र वा पूर्व योग्यता सम्बन्धी प्रस्तावको हकमा एक तह माथिको अधिकारीको स्वीकृति लिई सात दिनसम्मको अवधि दिई पुनः बोलपत्र आह्वान गरी वा दफा ८ बमोजिम कुनै खरिद विधि छनौट गरी सोही प्रकृया अनुरुप खरिद गर्न सक्नेछ ।	(४ख) उपदफा (४क) बमोजिम दिइएको अवधिभित्र पनि कुनै बोलपत्र वा पूर्व योग्यता सम्बन्धी प्रस्ताव नपरेमा वा परे पनि सारभूत रुपमा प्रभावग्राही नभएमा र तत्काल खरिद नगरे सार्वजनिक निकायलाई हानी नोक्सानी हुने वा सो निकायको कुनै काम रोकिने भएमा सार्वजनिक निकायले त्यसको औचित्य खुलाई राष्ट्रियस्तरको बोलपत्र वा पूर्व योग्यता सम्बन्धी प्रस्तावको हकमा एक तह माथिको अधिकारीको स्वीकृति लिई **कम्तीमा तीन दिन**को अवधि दिई पुनः बोलपत्र आह्वान गरी वा दफा ८ बमोजिम कुनै खरिद विधि छनौट गरी सोही प्रकृया अनुरुप खरिद गर्न सक्नेछ ।	खरिद प्रक्रियालाई छोटो र छिटो बनाउन।
		उपदफा (८क) थपिएको	(८क) सार्वजनिक निकायले गर्ने खरिदमा स्वदेशी मालसामानलाई तोकिए बमोजिम प्राथमिकता दिनु पर्नेछ। यसरी प्राथमिकता दिने कुरा बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गर्नु पर्नेछ।	स्वदेशी मालसामानलाई प्राथमिकता दिने व्यवस्था अनिवार्य गर्न उपयुक्त हुने ।

१०.	**<u>दफा २५ मा संशोधनः</u>**	(५) बोलपत्रको मूल्याङ्कन बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नु पर्नेछ र त्यसरी मूल्याङ्कन गर्दा प्रत्येक बोलपत्रको मूल्याङ्कित रकम अर्को बोलपत्रको मूल्याङ्कित रकमसँग तुलना गरी न्यूनतम बोल अङ्क कबुल गर्ने बोलपत्र निर्धारण गर्नु पर्नेछ ।	(५) बोलपत्रको प्रविधिक प्रस्तावको मूल्याङ्कन बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको आधार र तरिका अनुसार गर्नु पर्नेछ ।	दुई खाम र एक खामसम्बन्धी व्यवस्था विस्तृत गरिएको
		उपदफा (५) पछि देहायको उपदफा (५क) र (५ख) थपिएका छन्:	(५क) एक खाम प्रणाली अवलम्वन गरिएको अवस्थामा दफा २३ बमोजिम बोलपत्र परीक्षणमा योग्य भएका बोलपत्रदाताहरूले कबुल गरेको बोल अङ्कको औसत अङ्क यकिन गरी सो औसत अङ्कसँग सबैभन्दा नजिक भएको र लागत अनुमान भन्दा सारभूतरूपमा बढी नभएको बोलपत्र निर्धारण गर्नु पर्नेछ। (५ख) उपदफा (५क) बमोजिम निर्धारण गरिएको बोलपत्र पेस गर्ने बोलपत्रदाताको योग्यता बोलपत्रसम्बन्धी कागजातमा उल्लिखित योग्यता मूल्याङ्कनका आधार अनुरूप भए नभएको जाँच गर्नु पर्नेछ।	न्यून्तम मूल्याङ्कन विधिबाट सिर्जना हुन सक्ने समस्याको सम्बोधन गर्न औसत बोलपत्र मूल्याङ्कन विधि अवलम्वन गर्न उपयोक्त देखिएकाले।
		(६) उपदफा (३) को खण्ड (च) बमोजिम बोलपत्र वा पूर्व योग्यता सम्बन्धी प्रस्ताव पेश गर्ने वा पठाउने स्थान खुलाउँदा एउटै सार्वजनिक निकायमा मात्र पेश गर्ने वा पठाउने व्यवस्था गर्नु पर्नेछ ।	(६) दुई खाममा बोलपत्र माग गरिएको खरिदमा पहिला प्राविधिक प्रस्तावको खाम खोली उक्त प्रस्तावको उपदफा (५) बमोजिम मूल्याङ्कन गर्नु पर्नेछ।	दुई खाम विधिका लागि समेत औसत बोलपत्र मूल्याङ्कन विधि अवलम्वन गर्न उपयोक्त देखिएकाले।

		(७) उपदफा (६) बमोजिम बोलपत्र वा पूर्व योग्यता सम्बन्धी प्रस्ताव पेश गर्न वा पठाउनको लागि कुनै सार्वजनिक निकाय, बोलपत्रदाता वा प्रस्तावदाताले सुरक्षा माग गरेमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले अनिवार्यरुपमा सुरक्षाको व्यवस्था तुरुन्त मिलाई दिनुपर्नेछ ।	(७) उपदफा (६) बमोजिम गरिएको प्राविधिक प्रस्तावको मूल्याङ्कनमा सफल हुने सारभूतरूपमा प्रभावग्राही बोलपत्रदाताको मात्र आर्थिक प्रस्ताव खोली मूल्याङ्कन गर्नु पर्नेछ।	दुई खाम विधिका लागि समेत औसत बोलपत्र मूल्याङ्कन विधि अवलम्बन गर्न उपयोक्त देखिएकाले।
		उपदफा (७) पछि देहायको उपदफा (७क) र (७ख) थपिएका छन्	(७क) उपदफा (७) बमोजिम आर्थिक प्रस्तावको मूल्याङ्कन गर्दा सारभूतरूपमा प्रभावग्राही बोलपत्रदाताहरूले कबुल गरेको बोल अङ्कको औसत अङ्क यकिन गरी सो औसत अङ्कसँग सबैभन्दा नजिक भएको र लागत अनुमान भन्दा सारभूतरूपमा बढी नभएको बोलपत्र निर्धारण गर्नु पर्नेछ। (७ख) यस दफाबमोजिम मूल्याङ्कन गर्दा स्वीकृत लागत अनुमानको तिस प्रतिशतभन्दा बढी घटेर कबुल गर्ने बोलपत्रदातालाई मूल्याङ्कन प्रक्रियाबाट हटाउनु पर्नेछ।	खरिद प्रकृतिका आधारमा मूल्याङ्कन विधि अवलम्बन गर्ने प्रयोजनार्थ। न्यून्तम मूल्याङ्कन विधिबाट सिर्जना हुन सक्ने समस्याको सम्बोधन गर्नतीस प्रतिशतभन्दा बढी घटेर कबोल गर्नलाई मूल्याङ्कनबाट हटाउन उपयुक्त देखिएकोले।
		(८) मूल्याङ्कन समितिले उपदफा (६) बमोजिम न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रको मूल्याङ्कनको आधार र तरिका समेत खुल्ने गरी मूल्याङ्कन प्रतिवेदन तयार गरी सार्वजनिक निकाय समक्ष पेश गर्नु पर्नेछ ।	(८) मूल्याङ्कन समितिले यस दफाबमोजिम गरिएको मूल्याङ्कनको आधार, तरिका र छनोटको कारण समेत खुल्ने गरी मूल्याङ्कन प्रतिवेदन तयार गरी सार्वजनिक निकाय समक्ष पेश गर्नु पर्नेछ।	न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रको मूल्याङ्कन विधिको सट्टा औसत बोलपत्र मूल्याङ्कन विधि र गुणस्तर लागत तथा अङ्काधारित मूल्याङ्कन विधि अवलम्बन गर्ने प्रयोजनार्थ।

		उपदफा (९) थपिएको	(९) प्राविधिक र आर्थिक प्रस्तावलाई अङ्कभार छुट्याएर बोलपत्र आह्वान गरिएको अवस्थामा तोकिएबमोजिम मूल्याङ्कन गरी लागत अनुमान भन्दा सारभूतरूपमा बढी बोल अङ्क कबुल नगरेको उच्चतम अङ्क प्राप्त गर्ने बोलपत्रदाताको बोलपत्र निर्धारण गर्नु पर्नेछ।	न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रको मूल्याङ्कन विधिको सट्टा औसत बोलपत्र मूल्याङ्कन विधि र गुणस्तर लागत तथा अङ्काधारित मूल्याङ्कन विधि अवलम्बन गर्ने प्रयोजनार्थ।
११.	**<u>दफा २६ मा संशोधनः</u>**	(ख) न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रको बोल अङ्क लागत अनुमानभन्दा सारभूत रुपमा बढी भएमा, वा उपदफा (१ख) पछि उपदफा (१ग) र (१घ) थपिएको	(ख) दफा २५ को उपदफा (५क), (७क) वा (९) बमोजिम बोलपत्र निर्धारण गर्दा सबै बोलपत्रदाताको बोलपत्रको बोल अङ्क लागत अनुमानभन्दा सारभूतरूपमा बढी भएमा" (१ग) उपदफा (१) र (१क) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि बोलपत्रको बोल अङ्क लागत अनुमानभन्दा सारभूतरूपमा बढी भएको अवस्थामा सार्वजनिक निकायले त्यस्तो बोलपत्रदातासँग वार्ता गरेर बोल अङ्क घटाई स्वीकृत लागत अनुमानभित्र पार्नका लागि एकमुष्ठ छुट प्रतिशतमा सहमति गरी खरिद कारबाही अघि बढाउन सक्नेछ। (१घ) उपदफा (१ग) बमोजिम वार्ताबाट कायम गरिएको एकमुष्ठ छुट प्रतिशतका आधारमा बोल अङ्क घटाउने सहमति गर्दा बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित स्पेशिफिकेसनमा संशोधन तथा गुणस्तरमा कमी हुने गरी कुनै सहमति गर्न पाइने छैन।"	बोलपत्रदाताले कबोल गरेकोअङ्क लागत भन्दा सारभुतरुपमा बढी भइ खरिद कारवाही रद्द गरि पुन बोलपत्र आव्हान गर्दा खरिद प्रक्रियामा ढिलाइ भइ समयमा खरिद गर्न नसकिने हुनाले न्यून कबोल गर्ने बोलपत्रदाताले बोलअङ्क घटाउन सहमत गरेको खण्डमा सो बोलअंक घटाउँदा खरिद कारवाही रद्द गर्नुपर्ने अवस्था नहुने हुनाले समयमा नै खरिद गर्न सकिने हुँदा सो लागि आवश्यक प्रावधान राखिएको ।

१२.	**<u>दफा २७ मा संशोधनः</u>**	(१) सार्वजनिक निकायले दफा २५ बमोजिम न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्र मात्र स्वीकृतिको लागि छनौट गर्नु पर्नेछ । उपदफा (१) पछि उपदफा (१क) र (१ख) थपिएको	(१) सार्वजनिक निकायले दफा २५ को उपदफा (५क), (७क) वा (९) बमोजिम निर्धारित बोलपत्र मात्र स्वीकृतिको लागि छनोट गर्नु पर्नेछ। (१क) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि दफा २५ को उपदफा (५क) वा (७क) बमोजिम मूल्याङ्कन गर्दा दुई वा दुईभन्दा बढी बोलपत्रदाताले औसत अङ्कसँग बराबर हुने गरी बोल अङ्क कबुल गरेमा वा सोही दफाको उपदफा (९) बमोजिम मूल्याङ्कन गर्दा दुई वा दुईभन्दा बढी बोलपत्रदाताले बराबर उच्चतम अङ्क प्राप्त गरेमा गोलाप्रथाबाट बोलपत्र स्वीकृतिको लागि छनोट गरिनेछ। (१ख) दफा २५ को उपदफा (५क) वा (७क) बमोजिम मूल्याङ्कन गर्दा दुई वा दुईभन्दा बढी बोलपत्रदाताले कबुल गरेको अङ्क औसत अङ्कभन्दा कम वा बढी हुने गरी समान रूपले नजिक भएमा औसत अङ्कभन्दा कम कबुल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृतिको लागि छनोट गर्नु पर्नेछ।	दुई वा दुई भन्दा बढी सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताहरुको बोलअङ्क बराबरहुन आएमा निर्णय हुन कठीन हुने अवस्था देखिएकोले आवश्यक व्यवस्था गरिएको । साथै औसत अङ्कसँग बराबर नजिक हुने गरी कम र बढी समेत कबुल गर्न सकिने भएकोले सो सम्बन्धमा स्पष्ट पार्न समेत व्यवस्था गर्न आवश्यक भएको।
		(२) उपदफा (१) बमोजिम बोलपत्र छनौट भएको सात दिनभित्र सार्वजनिक निकायले सम्बन्धित बोलपत्रदातालाई निजको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना दिनुपर्नेछ । त्यसरी छनौट भएको बोलपत्रको बोलपत्रदाताको	(२) उपदफा (१), **(१क)** वा **(१ख)** बमोजिम बोलपत्र छनौट भएको सात दिनभित्र सार्वजनिक निकायले सम्बन्धित बोलपत्रदातालाई निजको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना दिनुपर्नेछ । त्यसरी छनौट भएको	(२) उपदफा (१क) र (१ख) थप प्रस्ताव भएकोले। (४) थप जमानत लिएमा बोलपत्रदाताले न्यून रकम कबोल गर्ने प्रवृति कम हुने भनी यो व्यवस्था राखिएकोमा

		नाम, ठेगाना र रकमको जानकारी अन्य बोलपत्रदातालाई समेत दिनुपर्नेछ । (४) उपदफा (३) को अवधिभित्र सम्बन्धित बोलपत्रदाताले कार्य सम्पादन जमानत दाखिला गरी दफा ५२ बमोजिमको खरिद सम्झौता गर्नु पर्नेछ ।यसरी जमानत दाखिला गर्दा बोलपत्रदाताले लागत अनुमानभन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कबुल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशतभन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध प्रतिशतभन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अङ्कको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत बापत दाखिला गर्नु पर्नेछ । (५) उपदफा (३) को अवधिभित्र कार्य सम्पादन जमानत दाखिला गरी बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको बोलपत्रको जमानत रकम जफत गरी सोभन्दा लगत्तै पछिको अर्को न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी खरिद सम्झौता गर्नु पर्नेछ । (६) उपदफा (५) बमोजिमको बोलपत्रदाता पनि कार्य सम्पादन जमानत दाखिला गरी खरिद सम्झौता गर्न नआएमा त्यस पछिको न्यूनतम मूल्याङ्कित सारभूतरुपमा	बोलपत्रको बोलपत्रदाताको नाम, ठेगाना र रकमको जानकारी अन्य बोलपत्रदातालाई समेत दिनुपर्नेछ । (४) उपदफा (३) को अवधिभित्र सम्बन्धित बोलपत्रदाताले कार्य सम्पादन जमानत दाखिला गरी दफा ५२ बमोजिमको खरिद सम्झौता गर्नु पर्नेछ।यसरी जमानत दाखिला गर्दा बोलपत्रदाताले कबुल गरेको अङ्कको पाँच प्रतिशतले हुन आउने रकम बराबरको कार्यसम्पादन जमानत बापत दाखिला गर्नु पर्नेछ। (५) उपदफा (३) को अवधिभित्र कार्य सम्पादन जमानत दाखिला गरी बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको बोलपत्रको जमानत रकम जफत गरी दफा २५ को उपदफा (५क) वा उपदफा (७क) को हकमा सोभन्दा लगत्तै पछिको अर्को औसत रकमसँग सबैभन्दा नजिक हुने गरी कबुल गर्ने बोलपत्र स्वीकृत गरी र उपदफा (९) को हकमा सोभन्दा लगत्तै अर्को उच्चतम अङ्क प्राप्त गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी खरिद सम्झौता गर्नु पर्नेछ। (६) उपदफा (५) बमोजिमको बोलपत्रदाता पनि कार्य सम्पादन जमानत दाखिला गरी खरिद सम्झौता गर्न नआएमा दफा २५ को उपदफा (५क) वा उपदफा (७क) को हकमा त्यस पछिको औसत रकमसँग सबैभन्दा नजिक हुने गरी कबुल गर्ने बोलपत्र क्रमशः स्वीकृत गरी र उपदफा (९) को हकमा सोभन्दा लगत्तै अर्को उच्चतम	बोलपत्रदाताले न्यून रकम कबोल गर्ने प्रवृति नहटेको हुँदा यसको औचित्य नरहेको र साथै थप जमानत लिँदा ठूला आयोजनाको लागत महँगो हुने सम्भावना देखिएको । उपदफा (१) र (३) सँग तादम्यता मिलाउन उपदफा (४) र (५) मा सोहीबमोजिम संशोधन गर्न आवश्यक भएको।

		प्रभावग्राही बोलपत्रदाताको बोलपत्र क्रमशः स्वीकृत गरी निजलाई यस दफा बमोजिम खरिद सम्झौता गर्न सूचना दिनुपर्नेछ ।	अङ्क प्राप्त गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी यस दफाबमोजिम खरिद सम्झौता गर्न सूचना दिनुपर्नेछ।"	
१३.	**<u>दफा ३० मा संशोधनः</u>**	(१) तोकिएको रकमभन्दा बढी रकमको परामर्श सेवा खरिद गर्नुपर्ने भएमा सार्वजनिक निकायले त्यस्तो परामर्श सेवा दिन इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट सो सम्बन्धी आशय पत्र संकलन गर्न कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तरको समाचारपत्रमा तोकिए बमोजिमका कुराहरु खुलाई सूचना प्रकाशन गर्नु पर्नेछ ।	(१) तोकिएको रकमभन्दा बढी रकमको परामर्श सेवा खरिद गर्नुपर्ने भएमा सार्वजनिक निकायले त्यस्तो परामर्श सेवा दिन इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट सो सम्बन्धी आशय पत्र संकलन गर्न कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तरको समाचारपत्रमा तोकिए बमोजिमका कुराहरु खुलाई सूचना प्रकाशन गर्नु पर्नेछ । **तर,** **१. तोकिएको रकम भन्दा कम रकमको परामर्श सेवा खरिद गर्नु पर्दा तोकिए बमोजिमको अवधि दिई सूचना प्रकाशन गर्न सकिनेछ।** **२. विद्युतीय खरिद प्रणाली मार्फत आशयपत्र माग गरिएको अवस्थामा विद्युतीय खरिद प्रणाली बाहेक अन्य माध्यमबाट सूचना प्रकाशन गर्नु पर्नेछैन।**	खरिद प्रणाली विद्युतीय खरिद प्रणालीमा आबद्ध भएकोले ।
		(२) उपदफा (१) बमोजिमको सूचना सार्वजनिक निकायको सम्बन्धित मन्त्रालयको वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेब साईटमा राख्न सकिनेछ ।	(२) उपदफा (१) बमोजिम विद्युतीय खरिद प्रणाली मार्फत आशयपत्र आह्वान नगरिएको अवस्थामा त्यस्तो सूचना सम्बन्धित सार्वजनिक निकायको वेबसाइट भए सोमा र नभएमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइटमा समेत राख्नु पर्नेछ।	विद्युतीय खरिद प्रणाली मार्फत आशयपत्र आह्वान नगरिएको अवस्थामा सूचना प्रकाशन गर्ने सम्बन्धमा व्यवस्था गर्न

१४.	**दफा ३६ मा संशोधनः**	उपदफा (२) थपिएको	(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि लागत अनुमान र उपलब्ध बजेटभन्दा छनोट भएको प्रस्तावदाताको कबुल रकम सारभूतरूपमा बढी भएको अवस्थामा निजपछि क्रमशः कम अङ्क प्राप्त गर्ने प्रस्तावदाताको कबुल रकम लागत अनुमान र उपलब्ध बजेटभन्दा सारभूतरूपमा बढी नभएमा सम्पूर्ण खरिद कारबाही रद्द नगरी निजलाई छनोट गरी स्वीकृत गर्न बाधा पर्नेछैन।	छनौट भएको प्रस्तावदाताको लागत सारभूत रुपमा बढी भएमा, सो भन्दा कम अङ्क प्राप्त गर्ने प्रस्तावदाताको कबोल रकम लागत अनुमान र उपलब्ध बजेटभन्दा सारभूतरूपमा बढी नभएमा छनोट गर्न सक्ने व्यवस्था थप भएको।
१५.	**मूल ऐनको दफा ३८ मा संशोधनः**	(३) उपदफा (२) बमोजिम सूचना दिएको सात दिनभित्र कुनै प्रस्तावदाताले दफा ४७ बमोजिम निवेदन नगरेमा उपदफा (१) बमोजिम छनौट भएको प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरिनेछ र निजलाई सम्झौता गर्न आउन पन्ध्र दिनको अवधि दिई सूचना दिनुपर्नेछ । (४) उपदफा (३) बमोजिमको अवधिभित्र निज सम्झौता गर्न उपस्थित भएमा निजले दफा ५२ बमोजिमको सम्झौता गर्नु पर्नेछ र उपस्थित नभएमा सार्वजनिक निकायले दफा ३५ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) को प्रस्तावकको हकमा त्यसपछिको उच्चतम अङ्क प्राप्त गर्ने र खण्ड (घ) को हकमा सबैभन्दा कम लागत भएको अर्को प्रस्तावदातासँग क्रमैसँग दफा ३७ बमोजिम वार्ता गरी दफा ५२ बमोजिमको सम्झौता गर्नु पर्नेछ ।	(३) उपदफा (२) बमोजिम सूचना दिएको सात दिनभित्र कुनै प्रस्तावदाताले दफा ४७ बमोजिम निवेदन नगरेमा उपदफा (१) बमोजिम छनोट भएको प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी निजलाई पन्ध्र दिनभित्र खरिद सम्झौता गर्नको लागि कार्यसम्पादन जमानत दाखिला गर्न सूचना दिनु पर्नेछ। (४) उपदफा (३) बमोजिमको अवधिभित्र कार्यसम्पादन जमानत दाखिला गरी प्रस्तावदाता सम्झौता गर्न उपस्थित भएमा दफा ५२ बमोजिमको सम्झौता गर्नु पर्नेछ। यसरी कार्यसम्पादन जमानत दाखिला गर्दा परामर्शदाताले आर्थिक प्रस्तावमा कबुल गरेको कबुल अङ्कको पाँच प्रतिशत कार्यसम्पादन जमानत दाखिला गर्नु पर्नेछ।	परामर्शदाताहरुबाट समेत सम्झौताबमोजिम कार्य सम्पन्न नगर्ने प्रवृति बढिरहेको सन्दर्भमा थप जिम्मेवार बनाउन आवश्यक भएकोले परामर्शदातालाई समेत कार्यसम्पादन जमानतको व्यवस्था गर्न आवश्यक भएको

		थपिएको	(५) उपदफा (३) को अवधिभित्र कार्यसम्पादन जमानत दाखिला गरी प्रस्तावदाता उपस्थित नभएमा सार्वजनिक निकायले दफा ३५ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) को प्रस्तावदाताको हकमा त्यसपछिको उच्चतम अङ्क प्राप्त गर्ने र सोही उपदफाको खण्ड (घ) को हकमा सबैभन्दा कम लागत भएको अर्को प्रस्तावदातासँग क्रमैसँग दफा ३७ बमोजिम वार्ता गरी सम्झौता गर्नु पर्नेछ। (६) ऐनको दफा ३८ बमोजिम सम्झौता गर्ने परामर्शदाताले सम्झौता गरेको तिस दिनभित्र सम्झौताको कूल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निःसर्त भुक्तानी हुने पेशागत दायित्व बिमा (प्रोफेसनल लायबिलिटी इन्सोरेन्स) पेस गर्नु पर्नेछ। (७) पेशागत दायित्व बिमासम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।	परामर्शदाताको व्यक्तिगत त्रुटिका कारण भएको क्षतिलाई बिमाको बाट पूर्ति गर्न आवश्यक देखिएको
१६.	**<u>दफा ४० मा संशोधनः</u>**	(३) सिलबन्दी दरभाउपत्र माग गर्दा राष्ट्रिय वा स्थानीयस्तरको समाचार पत्रमा कम्तीमा पन्ध्र दिनको अवधि दिई सूचना प्रकाशन गर्नु पर्नेछ।	(३) सिलबन्दी दरभाउपत्र माग गर्दा राष्ट्रिय वा स्थानीयस्तरको समाचार पत्रमा कम्तीमा सात दिनको अवधि दिई सूचना प्रकाशन गर्नु पर्नेछ। **"तर विद्युतीय खरिद प्रणाली मार्फत सिलबन्दी दरभाउपत्र आह्वान गरिएको अवस्थामा यस्तो आह्वानको सूचना विद्युतीय खरिद प्रणाली बाहेक अन्य माध्यमबाट प्रकाशन गर्नुपर्ने छैन।"**	विद्युतीय खरिद प्रणालीमा सिलबन्दी दरभाउपत्र आव्हान गरिसकेपछि अन्य माध्यममा प्रकाशन नगर्दा मितव्ययी हुने ।
१७.	**<u>दफा ४१ मा संशोधनः</u>**	(१)(घ) मौजुदा मालसामान वा सेवा वा जडित संयन्त्रको पार्टपूर्जाको प्रतिस्थापन वा विस्तार गर्न आपूर्तिकर्ता वा परामर्शदाता वा सेवाप्रदायक	(१)(घ) मौजुदा मालसामान वा सेवा वा जडित संयन्त्रको पार्टपूर्जाको प्रतिस्थापन वा विस्तार गर्न आपूर्तिकर्ता वा परामर्शदाता वा सेवाप्रदायक परिवर्तन	प्रोप्राइटरी स्वरुपको मालसामान वा सेवा खरिद आधिकारिक आपूर्तिकर्ता वा

		परिवर्तन गरेमा सार्वजनिक निकायमा रहेको मालसामान वा सेवाहरु प्रतिस्थापन वा विस्तार गर्न नसकिने कुरा प्रमाणित भई साविकको आपूर्तिकर्ता वा परामर्शदाता वा सेवाप्रदायकबाट तोकिएको सीमाभित्रको प्रोप्राइटरी स्वरुपको अतिरिक्त मालसामान वा सेवा खरिद गर्नु परेमा,	गरेमा सार्वजनिक निकायमा रहेको मालसामान वा सेवाहरु प्रतिस्थापन वा विस्तार गर्न नसकिने कुरा प्रमाणित भई साविकको **वा आधिकारिक** आपूर्तिकर्ता वा सेवाप्रदायकबाट वा साविकको परामर्शदाताबाट तोकिएको सीमाभित्रको प्रोप्राइटरी स्वरुपको अतिरिक्त मालसामान वा सेवा खरिद गर्नु परेमा,	सेवाप्रदायकबाट पनि गर्न सकिने प्रावधान राख्न उपयुक्त हुने देखिएकोले
		उपदफा (१) को खण्ड (च) पछि थपिएको	(छ) नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबमोजिम नेपालले आतिथ्यता गर्ने अन्तर्राष्ट्रिय सभा, सम्मेलन, सेमिनार वा बैठक आयोजनाका लागि आवश्यक खरिद गर्नु परेमा, (ज) सार्वजनिक निकाय पक्ष वा विपक्ष भएको विवाद वा मुद्दामा नेपाल बाहिर हुने विवाद समाधान प्रक्रियामा सार्वजनिक निकायको तर्फबाट बहस पैरवी वा परामर्श गर्न आवश्यक विशेषज्ञ वा कानून व्यवसायी नियुक्त गर्नु परेमा, (झ) राष्ट्रपति वा प्रधानमन्त्रीको नेतृत्वमा हुने विदेश भ्रमणसम्बन्धी खरिद कार्य गर्नु परेमा	(छ) पूर्वतयारी गर्ने समय नहुने हुनाले तुरून्तै खरिद गर्नको लागि (ज) कानूनी परामर्श वा विज्ञलाई प्रतिस्पर्धाबाट नियुक्ति गर्ने प्रक्रिया लामो हुने हुँदा तुरून्त नियुक्त गर्नको लागि (झ) राष्ट्रपति वा प्रधानमन्त्रीको नेतृत्वमा हुने विदेश भ्रमण व्यवस्थित गर्न
		(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ख) (ङ) र (च) बमोजिम खरिद गर्दा दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा देहाय बमोजिमको समितिको सिफारिसको आधारमा नेपाल सरकार,	(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ख), **(ग),** (ङ) र (च) बमोजिम खरिद गर्दा दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा देहाय बमोजिमको समितिको सिफारिसको आधारमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट निर्णय भए बमोजिम खरिद गर्नु	साविकको ऐनमा खण्ड(ग) राख्न छुट्टिएकोले सोलाई मिलाइएको।

		मन्त्रिपरिषद्बाट निर्णय भए बमोजिम खरिद गर्नु पर्नेछ र अन्य सार्वजनिक निकायको हकमा सो निकायको सर्वोच्च कार्यकारी निकायबाट निर्णय भए बमोजिम खरिद गर्नु पर्नेछ :-	पर्नेछ र अन्य सार्वजनिक निकायको हकमा सो निकायको सर्वोच्च कार्यकारी निकायबाट निर्णय भए बमोजिम खरिद गर्नु पर्नेछ :-	
		उपदफा (२क) थपिएको	(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ज) बमोजिम खरिद गर्दा दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा सचिव वा सो सरहको कार्यालय प्रमुखको निर्णयबमोजिम र अन्य सार्वजनिक निकायको हकमा सर्वोच्च कार्यकारी निकायको निर्णयबमोजिम सोझै खरिद गर्न सकिनेछ।	राष्ट्रपति वा प्रधानमन्त्रीको नेतृत्वमा हुने विदेश भ्रमण व्यवस्थित गर्न
१८.	**<u>दफा ४१क.थपः</u>**	.....	**४१क.<u>सरकारी ई-मार्केटप्लेस सम्बन्धी व्यवस्थाः</u>**(१) दफा ४१ मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक खरिद अनुगमन कार्यालयबाट तयार गरिएको सरकारी ई-मार्केटप्लेसमा प्रकाशित मालसामान तथा सेवा तोकिए बमोजिमको रकमसम्म सोझै खरिद गर्न सकिनेछ। (२) उत्पादक, आपूर्तिकर्ता तथा सेवा प्रदायकले उपदफा (१) मा उल्लिखित प्रणालीमा आफ्नो उत्पादन तथा सेवाका विवरण मूल्य सहित प्रकाशन गर्नु पर्नेछ। (३) ई-मार्केटप्लेस प्रणालीमा मालसामान तथा सेवाका विवरण प्रकाशन गर्ने तथा खरिद गर्ने सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ।	सार्वजनिक खरिदको लागि छोटो समयमा नै खरिद प्रक्रिया टुंगाउन आवश्यक देखिएको र नयाँ विधिको प्रयोग गर्न पनि आवश्यक देखिएले सार्वजनिक खरिद अनुगमन कार्यालयबाट विद्युतीय प्रणाली मार्फत नयाँ खरिद विधि थप गरिएको ।

१९.	<u>दफा ४२क.थपः</u>	.....	**४२क. खरिदसम्बन्धी विशेष व्यवस्थाः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि सार्वजनिक निकायले मल, औषधि, सूचना प्रविधि वा नेपाल सरकारले सूचना प्रकाशन गरी तोकेका मालसामान वा सेवा खरिद गर्दा देहायका विषयमा नेपाल सरकार, मन्त्रिपरिषद्ले स्वीकृत गरेको कार्यविधिबमोजिम गर्नु पर्नेछ :- (क) लागत अनुमान र सोको स्वीकृति, (ख) मूल्यवृद्धि, (ग) बोलपत्रदाताको योग्यता, (ङ) बोलपत्रको दाखिला, (च) खरिद सम्झौतामा उल्लेख गरिने विषय, र (छ) तोकिए बमोजिमको अन्य विषय। (२) उपदफा (१) बमोजिम स्वीकृत भएको कार्यविधिमा उल्लेख भए बाहेकका अन्य कार्यप्रक्रिया यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीमा व्यवस्था भएबमोजिम नै हुनेछ् ।	यो ऐन विषय क्षेत्रसँग सम्बन्धित सबै सार्वजनिक निकायले खरिद गर्दा प्रयोग गरिने छाता ऐनको रूपमा रहेको हुँदा कुनै क्षेत्रमा खरिद गरिने मालसामान वा सेवाको हकमा यो ऐनका व्यवस्था र प्रक्रिया सान्दर्भिक र व्यावहारिक नभएको हुँदा त्यस्तो विशेष क्षेत्रको हकमा छुट्टै खरिद कार्यविधि बनाई लागु गर्न सकिने व्यवस्था गर्न आवश्यक भएको
२०.	<u>दफा ४३क. थपिएको</u>	.....	"**४३क. <u>जग्गा खरिद गर्ने सम्बन्धी व्यवस्था</u>:**सार्वजनिक निकायले व्यापारिक वा व्यावसायिक प्रयोजनको लागि	व्यवसायिक प्रयोजनको लागि जग्गा खरिद गर्न को लागि स्पष्ट कानूनी व्यवस्था

			जग्गा खरिद गर्नुपर्ने भएमा तोकिएबमोजिमको कार्यविधि अपनाई खरिद गर्न सक्नेछ। तर सार्वजनिक हितको लागि सार्वजनिक निकायले जग्गा प्राप्ति गर्दा जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानूनबमोजिम हुनेछ।"	नभएको हुँदा सोकार्यको लागि कानूनी व्यवस्था यस ऐनमा राख्न उपयुक्त देखिएको ।
२१.	**दफा ४४ मा संशोधन**	४४. **<u>उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिने:</u>** उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माणकार्य गराउदा वा सोसम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिए बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कार्य गराउन वा सेवा लिन सकिनेछ।	४४. **<u>उपभोक्ता समितिबाट निर्माण कार्य गराउन सकिने</u>**:(१) तोकिएबमोजिम लागत अनुमान भएको देहायबमोजिमको निर्माण कार्य उपभोक्तासमितिबाट गराउन सकिनेछ: (च) जटिल प्रविधिक क्षमता आवश्यक नपर्ने, (छ) मितव्ययिता, गुणस्तरीयता र दिगोपना अभिवृद्धि हुने प्रकृतिको कार्य, (ज) स्थानीय स्रोत, साधन र सीप उपयोग गरी स्थानीय स्तरमा कार्यसम्पादन हुने, (झ) निर्माण कार्यको मुख्य उद्देश्य स्थानीय तहमा नै रोजगारीको अवसर सृजना गर्ने र त्यस्तो निर्माण कार्यबाट लाभ प्राप्त गर्ने समुदायलाई सहभागी गराउन सकिने, र (ञ) निर्माण पश्चात्को आयोजनाको मर्मत सम्भार तथा सञ्चालन उपभोक्ता समिति वा लाभग्राही समूहबाट हुनसक्ने।	सबै किसिमको कामहरु उपभोक्ता समिति बाट गराउने प्रचलन दिनप्रतिदिन बढ्दै गएको र समस्याहरु पनि थपिदै गएको कारण उपभोक्ता समितिबाट गराउन सकिने कामलाइ ऐनमा नै स्पष्ट पार्न आवश्यक देखिएकोले ।

			(२) उपभोक्ता समिति वा लाभग्राही समूहबाट हुने कार्यमा रोजगारी सृजनाहुने गरी तालीम केन्द्र, लघु उद्यम तथा लघु उद्यम व्यवसाय स्थापना र सञ्चालन गर्न सकिने छ। (३) उपदफा (१) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समूहबाट निर्माण कार्य गर्ने कार्यविधि र उपदफा (२) बमोजिम तालीम केन्द्र, लघु उद्यम तथा लघु उद्यम व्यवसाय स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।	
२२.	**<u>दफा ४५ मा संशोधनः</u>**	(१) सामान्य प्रकृतिको मर्मत सम्भार, सानातिना नियमित कार्य वा सरसफाई जस्ता कार्य अमानतबाट काम गर्न वा उपभोक्ता समितिबाट काम गराउन सकिनेछ।	(१) सार्वजनिक निकायले तोकिएबमोजिम लागत अनुमान भएको देहायको अवस्थामा अमानतबाट काम गर्न वा गराउन सक्नेछः- (क) लागत अनुमान तयार गर्न कठिन हुने सामान्य प्रकृतिको मर्मत सम्भार, सानातिना नियमित कार्य वा सरसफाई जस्ता कार्य, (ख) विद्यमान सेवा सञ्चालनलाई बाधा नपुग्ने गरी सो सञ्चालनसँग जानकार व्यक्तिहरुबाट नै गर्नु गराउनु पर्ने कार्य, (ग) विशेष परिस्थिति सृजना भई तत्काल गर्नु पर्ने कार्य, (घ) जोखिमपूर्ण तथा सुरक्षाको दृष्टिकोणबाट संवेदनशील कार्य वा (ङ) तोकिए बमोजिमका अन्य कार्यहरु।"	अमानतबाट काम गर्न वा गराउन सक्ने कुरालाई थप स्पष्ट पारिएको।

२३.	**<u>दफा ५० मा संशोधनः</u>**	(१) दफा ४८ बमोजिमको पुनरावलोकनको लागि पुनरावलोकन समिति समक्ष निवेदन दिने बोलपत्रदाता वा परामर्शदाताले दफा ४९ को खण्ड (क) को विषयको हकमा सात दिनभित्र र खण्ड (ख) को हकमा त्यस्तो सम्झौता भएको मितिले तीस दिनको अवधिभित्र पुनरावलोकन समितिमा निवेदन दिनु पर्नेछ ।	(१) **दफा ४९** बमोजिमको पुनरावलोकनको लागि पुनरावलोकन समिति समक्ष निवेदन दिने बोलपत्रदाता वा परामर्शदाताले दफा ४९ को खण्ड (क) को विषयको हकमा सात दिनभित्र र खण्ड (ख) को हकमा त्यस्तो सम्झौता भएको मितिले तीस दिनको अवधिभित्र पुनरावलोकन समितिमा निवेदन दिनु पर्नेछ ।	Cross referencingमिलाइएको
		उपदफा (५क), (५ख) र (५ग) थपिएको	(५क) उपदफा (५) बमोजिम सार्वजनिक खरिद पुनरावलोकन समितिले गरेको निर्णय सम्बन्धित सार्वजनिक निकायले कार्यान्वयन गर्नु पर्नेछ। (५ख) सम्बन्धित सार्वजनिक निकायको सम्बन्धित पदाधिकारीले उपदफा (५क) बमोजिम निर्णय कार्यान्वयन नगरेमा दफा ४९ बमोजिम निवेदन दिने बोलपत्रदाता वा प्रस्तावदाताले सार्वजनिक खरिद पुनरावलोकन समितिमा निवेदन दिन सक्नेछ। (५ग) उपदफा (५ख) बमोजिम निवेदन दर्ता भएमा सो सम्बन्धमा जाँचबुझ गरी कार्यान्वयन भएको नपाइएमा सार्वजनिक खरिद पुनरावलोकन समितिले त्यस्ता पदाधिकारीउपर प्रचलित कानूनबमोजिम विभागीय कारबाही गर्न अख्तियारप्राप्त अधिकारीसमक्ष लेखी पठाउन सक्नेछ।	पुनरावलोकन समितिले गरेको निर्णय सार्वनजनिक निकायले कार्यान्वयन नगर्ने प्रवृत्ति बढेकोले
२४.	**<u>दफा ५२क. मा संशोधनः</u>**	(१) सार्वजनिक निकायले खरिद सम्झौता पश्चात आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकबाट अग्रिम बैङ्क जमानत लिई खरिद	(१) सार्वजनिक निकायले खरिद सम्झौता पश्चात् निर्माण कार्यका हकमा निर्माण कार्य सुरु गर्न आवश्यक पर्ने निर्माणस्थल तयारी, अस्थायी क्याम्प, कामदारको	खरिद कार्यको लागि सार्वजनिक निकायबाट उपलब्ध गराइने पेश्कीको दुरुपयोग हुन नदिन पेश्की

		सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सक्नेछ ।	व्यवस्था तथा कामदार आवास गृह निर्माण, मेसिन उपकरण व्यवस्थापन जस्ता कार्यका लागि र मालसामान आपूर्ति र परामर्श सेवाको हकमा आवश्यकता र औचित्य हेरी आपूर्तिकर्ता, निर्माण व्यावसायी वा सेवा प्रदायकलाई अग्रिम बैङ्क जमानतलिई खरिद सम्झौता रकमको बढीमा बिस प्रतिशतसम्म मोबिलाइजेसन पेश्की दिन सक्नेछ। त्यसरी मोबिलाइजेसन पेश्की दिनुअघि सार्वजनिक निकायले मुख्य क्रियाकलाप र सोको कार्यतालिका माग गर्नु पर्नेछ।	कुन कुन कार्यको लागि प्रयोग गर्ने हो भन्ने सम्बन्धमा स्पष्ट हुने गरी व्यवस्था गर्न आवश्यक भएकोले।
२५.	**<u>दफा ५२ख.थप गरिएको</u>**		५२ख. **<u>सामाजिक सुरक्षा कोषमा आबद्धता सम्बन्धी व्यवस्थाः</u>** (१) खरिद सम्झौतामा सामाजिक सुरक्षा कोषमा आबद्धता गर्ने सम्बन्धी व्यवस्था उल्लेख गर्नु पर्नेछ। (२) निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता तथा सेवा प्रदायकले खरिद सम्झौता अनुसार कार्य गर्दा सो कार्यमा संलग्न श्रमिक, कर्मचारी वा अन्य जनशक्तिलाई प्रचलित कानून बमोजिम सामाजिक सुरक्षा कोषमा आबद्ध गराउनु पर्नेछ। (३) उपदफा (२) मा उल्लिखित श्रमिक, कर्मचारी वा जनशक्तिको पारिश्रमिक, सुविधा तथा अन्य भुक्तानी बैङ्क वा वित्तीय संस्थामार्फत सम्बन्धित व्यक्तिको	सामाजिक सुरक्षामा सम्पूर्ण श्रमिकहरूलाई समावेश गराई संवैधानिक अधिकार सुनिश्चित गर्न ।

			खातामा उपलब्ध गराउनु तथा गैर नेपाली जनशक्तिको हकमा प्रचलित कानूनबमोजिम आवश्यक श्रम स्वीकृति प्राप्त भएको सुनिश्चित गर्नु सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकको दायित्व हुनेछ। (२) उपदफा (१) बमोजिम दायित्व पालन नगरेको अवस्थामा प्रचलित कानून तथा खरिद सम्झौताको शर्त बमोजिम कारबाही गर्न सकिनेछ।	
२६.	**<u>दफा ५२ग.थप गरिएको</u>**		**५२ग. <u>सब-कन्ट्रयाक्टर, सहायक आपूर्तिकर्ता तथा सहायक सेवा प्रदायक सम्बन्धी व्यवस्था</u> :** (१) यस ऐनबमोजिम खरिद सम्झौता गर्ने निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकले सम्झौता बमोजिमको कार्य गर्ने सिलसिलामा कुनै सब-कन्ट्रयाक्टर, सामग्री आपूर्तिकर्ता, उपकरण आपूर्तिकर्ता, सहायक सेवा प्रदायक वा अन्य व्यक्ति वा संस्था नियुक्त वा संलग्न गराउनु अघि त्यस्तो व्यक्ति वा संस्थाबाट गराइने कामको प्रकृति, दायरा र जिम्मेवारी स्पष्ट खुलाई सम्बन्धित सार्वजनिक निकायलाई पूर्व सूचना दिनु पर्नेछ। (२) उपदफा (१) बमोजिम संलग्न गराइने सब-कन्ट्रयाक्टर, सामग्री आपूर्तिकर्ता, उपकरण आपूर्तिकर्ता, सहायक सेवा प्रदायक वा अन्य व्यक्ति वा संस्थासँग निर्माण व्यवसायी, आपूर्तिकर्ता,	निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकले सम्झौता बमोजिमको कार्य गर्ने सिलसिलामा कुनै सब-कन्ट्रयाक्टर, सामग्री आपूर्तिकर्ता, उपकरण आपूर्तिकर्ता, सहायक सेवा प्रदायक वा अन्य व्यक्ति वा संस्था नियुक्त वा संलग्न गराई आफू सम्झौताबमोजिम कार्य गर्ने प्रति गैर जिम्मेवार हुने प्रवृत्ति बढेकोले सोलाई नियन्त्रण गर्न आवश्यक

			परामर्शदाता वा सेवा प्रदायकले कामको दायरा, जिम्मेवारी, गुणस्तर, अवधि, भुक्तानी, सुरक्षा, श्रमसम्बन्धी दायित्व तथा कार्यसम्पादन सम्बन्धी सर्त स्पष्ट खुलाई लिखित सम्झौता गर्नु पर्नेछ। (३) सब-कन्ट्रयाक्टर, सामग्री आपूर्तिकर्ता, उपकरण आपूर्तिकर्ता, सहायक सेवा प्रदायक वा अन्य व्यक्ति वा संस्थासँग उपदफा (२) मा उल्लिखित सम्झौता गरेको कारणले मुख्य निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायक खरिद सम्झौता बमोजिमको दायित्वबाट उन्मुक्ति भएको मानिने छैन। (४) निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकले उपदफा (२) बमोजिम सम्झौता गरेका सब-कन्ट्रयाक्टर, सामग्री आपूर्तिकर्ता, उपकरण आपूर्तिकर्ता, सहायक सेवा प्रदायक वा अन्य व्यक्ति वा संस्थालाई सम्झौताको सर्त बमोजिम गरेको भुक्तानीको विवरण सार्वजनिक निकायलाई उपलब्ध गराउनु पर्नेछ । (५) निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकले उपदफा (२) बमोजिम सम्झौता गरेका सब-कन्ट्रयाक्टर, सामग्री आपूर्तिकर्ता, उपकरण आपूर्तिकर्ता, सहायक सेवा प्रदायक वा अन्य व्यक्ति वा संस्थालाई सम्झौताको सर्तबमोजिम भुक्तानी गरेको	भएकोले यो व्यवस्था गरिएको।

			नपाइएमा सार्वजनिक निकायले सब-कन्ट्रयाक्टर, सामग्री आपूर्तिकर्ता, उपकरण आपूर्तिकर्ता, सहायक सेवा प्रदायक वा अन्य व्यक्ति वा संस्थाले भुक्तानी पाउनु पर्ने रकम यकिन गरी कार्य सम्पादन जमानत जफत गरेर वा रिटेन्सन मनी वा निजले पाउनु पर्ने अन्य रकमबाट भुक्तानी गर्न सक्नेछ । (६) उपदफा (२) अनुसार सम्झौता गरिएका सब-कन्ट्रयाक्टर, सामग्री आपूर्तिकर्ता, उपकरण आपूर्तिकर्ता, सहायक सेवा प्रदायक वा अन्य व्यक्ति वा संस्थालाई सार्वजनिक निकायबाट कुनै पनि अनुभवको प्रमाणपत्र प्रदान गरिने छैन । तर खरिद सम्झौतामा उल्लिखित कार्यको केही अंश सम्पादन गर्ने गरी सार्वजनिक निकायको अनुमति लिएर नियुक्त गरिएको सब-कन्ट्रयाक्टरलाई निजले सम्पादन गरेको कार्यको मात्र अनुभवको प्रमाण पत्र प्रदान गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन । (७) उपदफा (१) बमोजिम पूर्व सूचना नदिई तथा उपदफा (२) बमोजिम सम्झौता नगरी खरिद सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने सिलसिलामा कुनै व्यक्ति वा संस्थालाई संलग्न गराइएको पाइएमा निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकलाई प्रचलित कानून तथा खरिद सम्झौताको सर्तबमोजिम कारबाही गरिनेछ।	

			(८) यस दफामा उल्लिखित ब्यहोरा सार्वजनिक निकायले खरिद सम्झौतामा उल्लेख गर्नु पर्नेछ ।	
२७.	**<u>दफा ५२घ.थप गरिएको</u>**		"**५२घ. <u>ऐन नियमविपरीत गर्न नहुने:</u>** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम, बोलपत्रसम्बन्धी कागजात वा खरिद सम्झौतामा भएका व्यवस्था विपरीत हुने गरी सम्झौताबाट प्राप्त वैधानिक वा करारगत अधिकार परित्याग गर्न, सीमित गर्न वा सोसम्बन्धी कुनै प्रतिबद्धता, मञ्जुरीनामा, सर्त वा कागजातमा हस्ताक्षर गर्न बाध्य गराउन हुँदैन। (२) उपदफा (१) विपरीत दबाब, डर, कारबाहीको धम्की, भुक्तानी रोक्का, म्याद थप रोक्का वा अन्य कुनै तरिकाबाट गराइएको अधिकार परित्याग, मञ्जुरीनामा, प्रतिबद्धता वा सर्त अमान्य हुनेछ र त्यस्तो कागजातको आधारमा खरिद सम्झौता बमोजिम प्राप्त अधिकारबाट सम्बन्धित पक्ष वञ्चित भएको मानिने छैन। (३) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा खरिद सम्झौताका सर्तको प्रतिकूल हुने गरी कुनै परिपत्र, निर्देशन, निर्णय, प्रतिवेदन वा पत्राचारबाट करारगत अधिकार सीमित गर्न वा निषेध गर्न सकिने छैन।	सार्वजनिक निकायले निर्माणव्यवसायी, आपूर्तिकर्ता वा परामर्शदातालाई सम्झौता विपरीत हुने कुनै कार्य गराउने वा सम्झौत विपरीत हुने गरी कुनै निर्णय लिने अवस्थालाई नियन्त्रण गर्न आवश्यक भएकोले

			(४) उपदफा (१), (२) र (३) विपरीत कार्य गरेको पाइएमा सम्बन्धित पदाधिकारीलाई विभागीय कारबाही गर्न सकिनेछ।	
२८.	**<u>दफा ५४ मा संशोधनः</u>**	भेरिएसन आदेशः (१) खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई देहाय बमोजिमको अधिकारीले तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्नेछः— (क) पाँच प्रतिशतसम्मको भेरिएशन सम्बन्धित सार्वजनिक निकायको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको प्रमुखले, (ख) दश प्रतिशतसम्मको भेरिएशन सार्वजनिक निकायको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको प्रमुखले, (ग) पन्ध्र प्रतिशतसम्मको भेरिएशन विभागीय प्रमुखले, (घ) पन्ध्र प्रतिशत देखि माथि पच्चीस प्रतिशतसम्मको भेरिएशन सम्बन्धित मन्त्रालयको सचिव वा सो सरहको सम्बन्धित निकायको प्रमुखले, (ङ) पच्चीस प्रतिशतभन्दा माथिको भेरिएशन दफा २ को खण्ड (ख) को उपखण्ड (१)	**भेरिएशन आदेश :** (१) खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई देहाय बमोजिमको अधिकारीले तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्नेछ :- (क) पाँच प्रतिशतसम्मको भेरिएसन सम्बन्धित सार्वजनिक निकायको राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको प्रमुखले, (ख) दश प्रतिशतसम्मको भेरिएसन सम्बन्धित सार्वजनिक निकायको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको प्रमुखले, (ग) पन्ध्र प्रतिशतसम्मको भेरिएसन सम्बन्धित सार्वजनिक निकायको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको प्रमुखले, र (घ) पन्ध्र प्रतिशतभन्दा माथिको भेरिएसन विभागीय प्रमुखले। (२) भेरिएशन आदेश जारी गर्ने अधिकारीले विशेषज्ञहरूको समूह गठन गरी सो समूह मार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिसको आधारमा भेरिएशन आदेश जारी गर्न सक्नेछ।	भेरियसन आदेश स्विकृती सम्बन्धी प्रक्रिया सहज गर्न

		बमोजिमको सार्वजनिक निकायको हकमा नेपाल सरकार मन्त्रिपरिषद्ले, (च) दफा २ को खण्ड (ख) को उपखण्ड (२) बमोजिमको सार्वजनिक निकायको हकमा पन्ध्र प्रतिशत देखि माथिको भेरिएशन सो निकायको सर्वोच्च कार्यकारी निकायले । (२) उपदफा (१) को खण्ड (ङ) बमोजिम भेरिएशन आदेश गर्दा दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा सम्बन्धित मन्त्रालयले विशेषज्ञहरुको समूह गठन गरी सो समूह मार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिस सहित सम्बन्धित मन्त्रालयको प्रस्तावमा नेपाल सरकार, मन्त्रिपरिषद्ले र दफा २ को खण्ड (ख) को उपखण्ड (२) बमोजिमको सार्वजनिक निकायको हकमा सो निकायको सर्वोच्च कार्यकारी निकायले विशेषज्ञहरुको समूह गठन गरी सो समूह मार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिसको आधारमा मात्र भेरिएसन आदेश जारी गर्न सक्नेछ ।		
		(३) उपदफा (१) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि लागत अनुमान स्वीकृत गर्ने अधिकारीभन्दा तल्लो तहको अधिकारीले भेरिएशन आदेश जारी गर्न हुँदैन ।	उपदफा (३) र (४) झिकिएको छ।	

		(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साठीलाख रुपैयाँसम्मको खरिद कार्यको पन्ध्र प्रतिशतभन्दा माथिको भेरिएशन आदेश विभागीय प्रमुखले जारी गर्न सक्नेछ ।		
२९.	**<u>दफा ५५ मा संशोधन</u>**	दफा ५५ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-	(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तर्राष्ट्रिय कारण, युद्ध, आपूर्ति शृङ्खलामा अवरोध, महामारी, नाकाबन्दी वा अन्य विशेष परिस्थितिका कारण निर्माण सामग्री, श्रम, इन्धन, उपकरण वा ढुवानी लागतमा अस्वाभाविक मूल्यवृद्धि भएको वा प्रचलित मूल्य समायोजन प्रणालीबाट त्यस्तो मूल्यवृद्धि समुचित रूपमा सम्बोधन हुन नसक्ने अवस्था सृजना भएमा सोको पुष्टि गरी सार्वजनिक निकायले नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत कार्यविधि अनुरूप विशेष मूल्य समायोजन गर्न सकिनेछ। (१ख) उपदफा (१) बमोजिम विशेष मूल्य समायोजन गर्दा वास्तविक लागत वृद्धि, आयोजना कार्यान्वयनको निरन्तरता तथा सार्वजनिक हितलाई समेत विचार गर्नु पर्नेछ।	हालको मूल्य समायोजन व्यवस्था सामान्य बजार उतारचढाव र प्रचलित सूचकाङ्कमा आधारित भएकाले अन्तर्राष्ट्रिय कारण, युद्ध, आपूर्ति शृङ्खलामा अवरोध, महामारी, नाकाबन्दी वा अन्य विशेष परिस्थितिबाट सिर्जना हुने अस्वाभाविक मूल्यवृद्धिलाई पर्याप्त रूपमा सम्बोधन गर्न सक्दैन। यस्तो अवस्थामा निर्माण सामग्री, श्रम, इन्धन, उपकरण तथा ढुवानी लागत अत्यधिक बढ्दा खरिद सम्झौताको आर्थिक सन्तुलन बिग्रने, निर्माण कार्य अवरुद्ध हुने र आयोजना कार्यान्वयनमा प्रतिकूल असर पर्ने जोखिम रहन्छ। प्रचलित मूल्य समायोजन प्रणालीबाट यस्तो मूल्यवृद्धि समुचित रूपमा

				सम्बोधन हुन नसक्ने अवस्थामा तोकिए बमोजिमको आधार र कार्यविधि अनुरूप विशेष मूल्य समायोजन गर्न सकिने व्यवस्था गरी आयोजना कार्यान्वयनको निरन्तरता, सार्वजनिक हित र राज्यको आर्थिक क्षति न्यूनीकरण गर्न आवश्यक भएकाले।
३०.	**<u>दफा ५८क. थपिएको</u>**		**५८क. <u>सार्वजनिक निर्माण कार्यको निरन्तरता सहजीकरण तथा जिम्मेवारी सम्बन्धी व्यवस्थाः</u>** (१) सार्वजनिक निर्माण कार्यको कार्यान्वयनका लागि आवश्यक कार्यस्थल उपलब्ध गराउने, पहुँच मार्ग खुलाउने, निर्माण सामग्रीको आपूर्ति सहजीकरण गर्ने, वन क्षेत्र प्रयोग गर्न दिने, रुख हटाउने अनुमति, वातावरणीय स्वीकृति वा अन्य वैधानिक प्रक्रियासम्बन्धी सहजीकरण गर्ने, विद्युत, खानेपानी, ढल, दूरसञ्चार लगायतका सेवा तथा पूर्वाधार स्थानान्तरण गर्ने, यातायात तथा सुरक्षा व्यवस्थापन गर्ने र सम्बन्धित निकायबाट गर्नुपर्ने समन्वय तथा सहजीकरण समयमै सम्पन्न गर्ने दायित्व सङ्घ, प्रदेश, स्थानीय तह तथा सम्बन्धित निकायको हुनेछ।	सार्वजनिक निर्माण कार्यहरू कार्यस्थल उपलब्धता, पहुँच मार्ग, निर्माण सामग्री आपूर्ति, वन क्षेत्र प्रयोग, रुख हटाउने अनुमति, वातावरणीय स्वीकृति, सेवा तथा पूर्वाधार स्थानान्तरण, यातायात तथा सुरक्षा व्यवस्थापन र अन्तरनिकाय समन्वयको अभावका कारण लामो समय अवरुद्ध हुने गरेको छ। यस्ता अवरोधले राज्यलाई आर्थिक क्षति पुऱ्याउने, सार्वजनिक सेवा प्रवाह प्रभावित गर्ने र आयोजना लागत तथा समय बढाउने जोखिम रहन्छ।

			(२) अदालत वा अधिकारप्राप्त निकायबाट अन्यथा आदेश भएकोमा बाहेक अन्तरनिकाय विवाद, सेवा तथा पूर्वाधार स्थानान्तरण, प्रशासनिक ढिलाइ वा अन्य समन्वयसम्बन्धी कारणले सार्वजनिक निर्माण कार्य अनावश्यक रूपमा अवरुद्ध गर्न पाइने छैन। सार्वजनिक निर्माण कार्य रोक्ने गरी अन्तरिम वा अन्य आदेश माग भएको अवस्थामा अदालत वा अधिकारप्राप्त निकायले आयोजनाको निरन्तरता, सार्वजनिक सेवा प्रवाह तथा व्यापक सार्वजनिक हितलाई समेत ध्यानमा राख्नु पर्नेछ। (३) खरिद सम्झौता प्राप्त गर्ने निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा अन्य पक्षले खरिद सम्झौताबमोजिम कार्य गर्न सक्ने अवस्था हुँदाहुँदै बदनियतपूर्वक पेश्की परिचालन, सार्वजनिक निकायबाट प्राप्त भुक्तानी वा खरिद सम्झौता कार्यान्वयनका लागि उपलब्ध गराइएको रकम सम्झौताको उद्देश्य विपरीत प्रयोग गरेको, झूटा विवरण वा कागजात पेस गरी भुक्तानी लिएको, भुक्तानी प्राप्त गरेपछि पनि सोबमोजिम कार्य नगरी काम परित्याग गरेको, सम्झौताको गम्भीर उल्लङ्घन गरेको वा सार्वजनिक निकाय वा राज्यलाई हानि नोक्सानी पुऱ्याएको अनुसन्धान वा छानबिनबाट देखिएमा	साथै, निर्माण व्यवसायी वा अन्य सम्झौता पक्षले पेश्की, भुक्तानी वा उपलब्ध रकम सम्झौताको उद्देश्य विपरीत प्रयोग गर्ने, झूटा विवरण पेश गरी भुक्तानी लिने, काम परित्याग गर्ने वा बदनियतपूर्वक राज्यलाई हानि पुऱ्याउने अवस्थालाई स्पष्ट रूपमा उत्तरदायी बनाउन आवश्यक छ। अर्कोतर्फ, निकाय वा पदाधिकारीले आफ्नो अधिकारक्षेत्रभित्र गर्नुपर्ने निर्णय, स्वीकृति, सहमति, सिफारिस, समन्वय वा सहजीकरण समयमै नगर्दा पनि आयोजना अवरुद्ध हुने भएकाले त्यस्तो दायित्वहीनतामा उत्तरदायित्व स्थापित गर्न आवश्यक छ। सार्वजनिक निर्माण कार्यको निरन्तरता, अन्तरनिकाय सहजीकरण, contractor-side accountability र official-side accountability सुनिश्चित

			सो कार्यमा संलग्न सञ्चालक, प्रतिनिधि वा जिम्मेवार पदाधिकारीलाई ठगी वा कीर्ते लगायतको प्रचलित फौजदारी कानून बमोजिमको कसुर गरेको मानी कारबाही चलाइनेछ। (४) कुनै पदाधिकारी वा सार्वजनिक निकायले कानूनबमोजिम वा आफ्नो अधिकारक्षेत्रभित्र गर्नुपर्ने निर्णय, स्वीकृति, सहमति, सिफारिस, समन्वय वा सहजीकरण समयमै नगरेको वा अनावश्यक ढिलाइ, लापरवाही, बदनियत वा कानून बमोजिमकाे दायित्व पालना नगरेको कारणबाट सार्वजनिक निर्माण कार्य अनावश्यक रूपमा अवरुद्ध भई राज्यलाई आर्थिक क्षति पुगेमा वा सार्वजनिक सेवामा प्रतिकूल असर परेमा त्यस्तो पदाधिकारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्न सकिनेछ र त्यस्तो सार्वजनिक निकायलाई नेपाल सरकारले उपलब्ध गराउने अनुदान रोक्का गर्न सकिनेछ।	गर्न यो व्यवस्था आवश्यक भएकाले।
३१.		(८) उपदफा (७) बमोजिम सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पूरै जमानत जफत हुनेछ । सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न	(८) उपदफा (७) बमोजिम सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पूरै कार्यसम्पादन जमानत जफत हुनेछ। सो अवस्थामा सम्झौता बमोजिमको बाँकी कार्यसम्पन्न गर्न सार्वजनिक निकायले गरेको अद्यावधिक	खरिद सम्झौता अन्त्य भएपछि बाँकी कार्य सम्पन्न गर्न सार्वजनिक निकायले अतिरिक्त लागत व्यहोर्नुपर्ने अवस्था

		जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।	लागत अनुमानको आधारमा आउने रकम र सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट नै उक्त कार्यसम्पन्न हुँदा लाग्ने रकमको तुलनाका आधारमा सार्वजनिक निकायले ब्यहोर्नु पर्ने थप रकमको दायित्व यकिन गरी त्यसरी सम्झौता बमोजिम काम सम्पन्न नगर्ने आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट उक्त थप रकम सरकारी बाँकी सरह असुल गरिनेछ। त्यसरी सम्झौताको अन्त्य गरिएको अवस्थामा उक्त अद्यावधिक लागत अनुमान बमोजिमको बाँकी कार्य पूरा गर्न सार्वजनिक निकायले बोलपत्र आह्वान गर्न बाधा पर्नेछैन।	आउने गरेको छ। सम्झौता बमोजिम काम सम्पन्न नगर्ने आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको कारण सार्वजनिक निकायलाई थप आर्थिक दायित्व सिर्जना भएमा त्यस्तो थप रकम सम्बन्धित पक्षबाट असुल गर्न स्पष्ट व्यवस्था आवश्यक छ। कार्यसम्पादन जमानत जफत गर्ने, बाँकी कार्यका लागि अद्यावधिक लागत अनुमानका आधारमा थप लागत यकिन गर्ने र उक्त रकम सरकारी बाँकीसरह असुल गर्ने व्यवस्था भएमा सम्झौता उल्लङ्घन गर्ने पक्षको जवाफदेहिता सुनिश्चित हुनेछ। साथै, सम्झौता अन्त्य भएको अवस्थामा बाँकी कार्य पूरा गर्न बोलपत्र आह्वान गर्न बाधा नपर्ने व्यवस्था गर्दा आयोजना कार्यान्वयनको निरन्तरता कायम हुने भएकाले।

		(९) उपदफा (७) बमोजिम सम्झौता अन्त्य भएमा त्यस्तो सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्नका लागि दफा २५ बमोजिम छनौट भएका बोलपत्रदाताहरु मध्येबाट पन्ध्र दिनको म्याद दिई तोकिए बमोजिम आर्थिक प्रस्ताव माग गरी सम्झौता गर्न सकिनेछ ।	(९)**सम्झौता भएको मितिले एक वर्षभित्र** उपदफा (७) बमोजिम सम्झौता अन्त्य भएमा त्यस्तो सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्नका लागि दफा २५ बमोजिम छनौट भएका बोलपत्रदाताहरु मध्येबाट पन्ध्र दिनको म्याद दिई तोकिए बमोजिम आर्थिक प्रस्ताव माग गरी सम्झौता गर्न सकिनेछ ।	एक वर्षभित्र छनौट भएका बोलपत्रदाताहरु बाट आर्थिक प्रस्ताव माग गर्न उपयुक्त देखिएकोले।
३२.	**<u>दफा ६१क. मा संशोधनः</u>**	(१) तालुक कार्यालय वा अख्तियार प्राप्त निकायले अनुगमन गर्दा सम्बन्धित पदाधिकारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित जिम्मेवारी पूरा नगरेको वा आचरण पालना नगरेको देखिएमा त्यस्ता पदाधिकारी उपर प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्न अख्तियार प्राप्त अधिकारीसमक्ष लेखी पठाउन सक्नेछ ।	(१) तालुक कार्यालय वा अख्तियार प्राप्त निकायले अनुगमन गर्दा देहायको अवस्था देखिएमा सम्बन्धित पदाधिकारीलाई प्रचलित कानूनबमोजिम विभागीय कारबाही गर्न अख्तियार प्राप्त अधिकारीसमक्ष लेखी पठाउनु पर्नेछ :- (क) निर्धारित समयभित्रै खरिद कार्य सम्पन्न हुने गरी खरिद सम्बन्धी कारबाही प्रारम्भ नगरेको वा तत्सम्बन्धमा आवश्यक निर्णय नगरेको, (ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिए बमोजिम सार्वजनिक खरिद प्रक्रियामा भाग लिन रोक लगाउनु पर्नेमा सो बमोजिम लेखी नपठाएको वा असुल वा जफत गर्नु पर्नेमा नगरेको, (ग) खरिद सम्झौता कार्यान्वयनको चरणमा गर्नुपर्ने साइट तथा डिजाइन ड्रइङ उपलब्ध गराउने, भेरिएशन आदेश जारी गर्ने, अवधि	खरिद प्रक्रिया तथा सम्झौता कार्यान्वयनमा सम्बन्धित पदाधिकारीले समयमै आवश्यक निर्णय, सिफारिस, असुली, जफत, कालोसूचीको प्रक्रिया, म्याद थप, भुक्तानी, साइट/डिजाइन उपलब्धता तथा मूल्याङ्कनसम्बन्धी जिम्मेवारी पूरा नगर्दा सार्वजनिक खरिद प्रक्रिया अवरुद्ध हुने, राज्यलाई आर्थिक क्षति पुग्ने र सार्वजनिक सेवा प्रभावित हुने अवस्था देखिएको छ। त्यसैले अनुगमनका क्रममा त्यस्तो जिम्मेवारी पालना नगरेको पाइएमा सम्बन्धित पदाधिकारीउपर विभागीय कारबाहीका लागि लेखी पठाउने व्यवस्था स्पष्ट

			थप गर्ने, पेस भएको बिलको भुक्तानी गर्ने लगायत सम्झौतामा उल्लिखित विषयका सम्बन्धमा आवश्यक निर्णय समयमा नगरेको, (घ) निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकले गरेको दावी उपर सम्झौतामा निर्धारित समयभित्र निर्णय गरी जानकारी नदिएको तथा भुक्तानीका लागि कार्यालयमा दर्ता गरिएका बिल अभिलेख नराखी फिर्ता गरेको, (ङ) कालो सूचीमा राख्न लेखी पठाउनु पर्नेमा लेखी नपठाएको, (ङ) दफा ६१ बमोजिमको आचरण पालना नगरेको, (छ) बोलपत्र वा प्रस्तावसम्बन्धी कागजातमा उल्लिखित मूल्याङ्कनका आधार विपरीत वा त्रुटिपूर्ण मूल्याङ्कन गरेको वा तोकिएको जिम्मेवारी पूरा नगरेको, (ज) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित अन्य जिम्मेवारी पूरा नगरेको।	गरी सार्वजनिक खरिदमा समयबद्ध निर्णय, उत्तरदायित्व र अनुशासन कायम गर्न आवश्यक भएकाले।

३३.	**दफा ६१ख. थपः**	.....	**६१ख. कर्मचारीलाई प्रोत्साहन सुविधा दिन सक्नेः** दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा नेपाल सरकार र अन्य सार्वजनिक निकायको हकमा त्यस्तो निकायको सर्वोच्च कार्यकारी निकायले खरिद सम्बन्धी कार्य निर्धारित सुरु समयावधिभित्रै गुणस्तरीय रूपमा सम्पादन गरी उत्कृष्ट नतिजा प्राप्त भएको आधारमा त्यस्तो खरिद कार्यमा संलग्न कर्मचारीलाई तोकिए बमोजिम प्रोत्साहन सुविधा दिन सक्नेछ।	कर्मचारीलाई प्रोत्साहन सुविधा दिई खरिद कार्य समयमा सम्पन्न गर्न तथा थप पारदर्शी बनाउन उत्प्रेरित गराउनको लागि आवश्यक देखिएकोले ।
३४.	**दफा ६२क. थपः**	.....	**६२क.निर्माण व्यवसायीलाई पुरस्कार र प्रसंशापत्र दिन सक्नेः** दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा नेपाल सरकार र अन्य सार्वजनिक निकायको हकमा त्यस्तो निकायको सर्वोच्च कार्यकारी निकायले निर्धारित सुरु समयावधिभित्रै गुणस्तरीय रुपमा निर्माण सम्बन्धी कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई तोकिए बमोजिमको प्रोत्साहन र प्रशंसापत्र दिन सक्नेछ ।	निर्माण ब्यवसायीलाई प्रोत्साहन सुविधा दिई खरिद कार्य थप पारदर्शी तथा व्यवस्थित बनाउन।
३५.	**दफा ६३ मा संशोधनः**	**६३. कालोसूचीमा राख्ने र फुकुवा गर्नेः** (१) देहायको अवस्थामा बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई निजको कार्यको गाम्भीर्यताको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्षदेखि तीन वर्षसम्म कालो सूचीमा राख्न सक्नेछः—	**६३. कालोसूचीमा राख्नेः** (१) देहायको अवस्थामा बोलपत्रदाता, प्रस्तावदाता, **सिलबन्दी दरभाउपत्रदाता,**परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई निजको कार्यको गाम्भीर्यताको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्षदेखि तीन वर्षसम्म कालो सूचीमा राख्न सक्नेछः—	अदालतको आदेशले वा समयावधि समाप्त भएर स्वतः फुकुवा हुने भएकोले मापदण्ड आवश्यक नभएको। सिलबन्दी दरभाउपत्रदातालाई समेत कालोसूचीमा राख्नु पर्ने देखिएकोले।

			(क१) दफा १९ को उपदफा (१) मा उल्लिखित अवधि समाप्त भएपछि बोलपत्र संशोधन वा फिर्ता माग गरेमा, **(क२) दफा २३ को उपदफा (४) बमोजिम माग गरेको विषयमा जानकारी वा जवाफ नदिएमा वा त्यस्तो जानकारी वा जवाफ दिँदा मूल्य वा सारभूत कुरा परिवर्तन गरेमा** **(ख) दफा २७, ३८ वा ४० बमोजिम स्वीकृतिको लागि छनोट भएका बोलपत्रदाता वा प्रस्तावदाता वा शिलबन्दी दरभाउपत्रदाता खरिद सम्झौता गर्न नआएमा**,	खण्ड (क१), (क२) थप गरी तथा खण्ड (ख) मा संशोधन गरी कालोसूची सम्बन्धी व्यवस्थालाई थप परिष्कृत गर्न।
		(२) उपदफा (१) बमोजिम कालोसूचीमा राखिएको बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीले सोही अवधिसम्म सार्वजनिक निकायको खरिद कारबाहीमा भाग लिन सक्ने छैन ।	(२) उपदफा (१) बमोजिम कालोसूचीमा राखिएको बोलपत्रदाता, प्रस्तावदाता, **सिलबन्दी दरभाउपत्रदाता,**परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीले सोही अवधिसम्म सार्वजनिक निकायको खरिद कारबाहीमा भाग लिन सक्ने छैन ।	सिलबन्दी दरभाउपत्रदातालाई समेत कालोसूचीमा राख्नु पर्ने देखिएकोले।
		(६) उपदफा (१), (२), (३), (४) र (५) बमोजिम कालो सूचीमा रहेका बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तीकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई कालो सूचीबाट फुकुवा गर्ने सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको मापदण्ड अनुसार कालो सूचीबाट फुकुवा गरिनेछ ।	उपदफा (६) झिकिएको छ।	अदालतबाट कालोसूची सम्बन्धी निर्णय फुकुवा हुने हुनाले।
		(ख) टर्नकि, ई.पि.सि, संरचनात्मक वा इकाई दर सम्झौता, व्यवस्थापन सम्झौता, जस्ता खरिद	(ख) टर्न की, ई.पी.सी (इन्जिनियरिङ, प्रोक्युर्मेन्ट एण्ड कन्स्ट्रक्सन), डिजाइन र निर्माण, संरचनात्मक वा	डिजाइन एण्ड विल्डको लगि पनि छुट्टै निर्देशिका, कार्यविधि

३६.	**<u>दफा ६५को उपदफा (१) मा संशोधनः</u>**	विधिका विषयमा आवश्यक पर्ने निर्देशिका, कार्यविधि र प्राविधिक मार्गदर्शन जारी गर्ने ।	एकाई दर सम्झौता र निर्मित संरचनाको सञ्चालन तथा व्यवस्थापनका लागि गरिने सम्झौताका लागि आवश्यक पर्ने प्राविधिक मार्गदर्शन जारी गर्ने।	र प्राविधिक मार्गदर्शन जारी गर्न आवश्यक देखिएको ।
		(ग)सार्वजनिक निकायले खरिद कारबाही सञ्चालन गर्न प्रयोग गर्नुपर्ने बोलपत्र सम्बन्धी कागजात (स्टाण्डर्ड बिडिङ डकुमेन्ट), पूर्व योग्यता सम्बन्धी कागजात (स्टाण्डर्ड प्रिक्वालिफिकेसन डकुमेन्ट) र खरिद सम्झौता सम्बन्धी कागजात (स्टाण्डर्ड कन्ट्रयाक्ट डकुमेन्ट)र प्रस्ताव माग गर्ने सम्बन्धी कागजात (रिक्वेस्ट फर प्रपोजल) को स्टाण्डर्ड नमूना तयार गर्ने	(ग)	सार्वजनिक निकायले खरिद खण्ड (ग) मा उल्लेखित कागजात तयार गर्ने साविकको व्यवस्थालाई जारी गर्ने बाट संशोधन गर्न उपयुक्त देखिएकोले।
		(घ१) खरिद पश्चातको पुनरावलोकन गर्ने, गराउने,	उपदफा (घ१) झिकिएको छ।	सार्वजनिक खरिद अनुगमन कार्यालयले खरिद कार्यको पुनरावलोकन नगराउने हुनाले आवश्यक नदेखिएको ।
		"(घ४) थपिएको	(घ४) सरकारी ई-मार्केटप्लेससँग सम्बन्धित प्रणालीको विकास तथा सञ्चालन गर्ने,	बारम्बार खरिद गरिरहनु पर्ने मालसामानको लागि छिटो छरितो तरिकाले खरिद गर्न सरकारी ई-मार्केटप्लेस(Government E-Market Place)सँग सम्बन्धित प्रणालीको विकास तथा सञ्चालन गरि सो प्रणालीमा दर्ता भएका मालसामानहरु

				तोकिए बमोजिम सोझै खरिद गर्नसकिने गरि नयाँ खरिद विधि थप गरिएको ।
		(ठ१) खरिद विज्ञ प्रमाणीकरण गर्ने गराउने	(ठ१) खरिद विज्ञ र खरिदसम्बन्धी तालिम दिने व्यक्ति वा संस्थाको तोकिएबमोजिम प्रमाणीकरण गर्ने	थप परिष्कृत गरिएको।
३७.	**दफा ६६क. थपः**		६६क. **ई.पी.सी (ईन्जिनियरिङ, प्रोक्युर्मेन्ट एण्ड कन्स्ट्रक्सन), डिजाइन र निर्माण, टर्न की र संरचनात्मक सम्झौतासम्बन्धी विशेष व्यवस्थाः** (१) सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेबमोजिमको जटिल तथा विशेष प्राविधिक क्षमता आवश्यक पर्ने आयोजनाहरूको लागि सार्वजनिक निकायले तोकिए बमोजिमको अधिकारीबाट स्वीकृति लिई ई.पी.सी (ईन्जिनियरिङ, प्रोक्युर्मेन्ट एण्ड कन्स्ट्रक्सन), डिजाइन र निर्माण वा टर्न की सम्झौता गर्न सक्नेछ । (२) सार्वजनिक निकायले खरिद सम्झौतामा उल्लिखित मालसामान वा अन्य सेवा माग गरेको समयमा खरिद सम्झौतामा उल्लिखित दर र सर्तबमोजिम एक वा एकभन्दा बढी आपूर्तिकर्ताबाट प्राप्त गर्ने व्यवस्था गर्नको लागि संरचनात्मक सम्झौताका माध्यमबाट खरिद गर्न सक्नेछ। (३) ई.पी.सी (ईन्जिनियरिङ, प्रोक्युर्मेन्ट एण्ड कन्स्ट्रक्सन), डिजाइन र निर्माण, टर्न की,	ई.पी.सी (ईन्जिनियरिङ, प्रोक्युर्मेन्ट एण्ड कन्स्ट्रक्सन), डिजाइनरनिर्माणवा टर्न कि सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले।

			संरचनात्मक वा एकाई दर सम्झौतासम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।	
३८.	**<u>दफा ६६ख. थपः</u>**		**६६ख. <u>सरकारी खरिद सेवा कार्यालयको स्थापनाः</u>** ऐनको दफा २ को खण्ड (ख) को उपखण्ड (१) बमोजिमका सार्वजनिक निकायलाई आपूर्तिकर्ता छनोट तथा मालसामान खरिदमा सहयोग गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत एक सरकारी खरिद सेवा कार्यालय रहनेछ। (२) सरकारी खरिद सेवा कार्यालयको काम, कर्तव्य तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।	सरकारी खरिद सेवा कार्यालयको व्यवस्था ऐनमा नै गर्न आवश्यक भएकोले
३९.	**<u>दफा ६७ को उपदफा (१) मा संशोधनः</u>**			
		(घ) सामाजिक, सांस्कृतिक कार्यक्रम वा औद्योगिक, आर्थिक, प्रविधि प्रदर्शन र प्रवर्द्धनका लागि विदेशमा आयोजना हुने मेला, महोत्सव, ट्रेडफेयर वा प्रदर्शनी जस्ता कार्यको लागि तोकिए बमोजिम विदेशमा खरिद गर्नु परेमा,	(घ) सामाजिक, सांस्कृतिक कार्यक्रम वा औद्योगिक, आर्थिक, प्रविधि प्रदर्शन र प्रवर्द्धनका लागि विदेशमा आयोजना हुने मेला, महोत्सव, **विज्ञापन**,ट्रेडफेयर वा प्रदर्शनी जस्ता कार्य **तथा विदेशमा गरिने मालसामान वा अन्य सेवा खरिदको** लागि तोकिए बमोजिम विदेशमा खरिद गर्नु परेमा,	विदेशमा खरिद गर्ने कार्य सहज बनाउन आवश्यक भएकोले

		(ङ) विदेश स्थित नेपाली राजदूतावास, नियोग जस्ता सार्वजनिक निकायले मालसामान वा सेवा खरिद गर्नु परेमा,	(ङ) विदेशस्थित नेपाली राजदूतावास, नियोग तथा विदेशमा कार्यालय भएका अन्य सार्वजनिक निकायले मालसामान वा निर्माण कार्य, परामर्श सेवा, अन्य सेवा वा चल अचल सम्पत्ति खरिद गर्नु परेमा	विदेश स्थित नेपाली राजदूतावास, नियोग जस्ता सार्वजनिक निकायले मालसामान वा सेवा बाहेक जग्गा, भवन, अर्पाटमेन्ट समेत खरिद गर्नुपर्ने देखिएको र विद्यमान कानून अपर्याप्त भएको ।
		(च) विमान सेवा सञ्चालन गर्न स्वीकृत प्राप्त सार्वजनिक निकायले एभिएशन वा विमानसँग सम्बन्धित उपकरण खरिद गर्नु परेमा ।	(च) विमान सेवा सञ्चालन गर्न स्वीकृति प्राप्त सार्वजनिक निकायले विमान, एभिएशन वा विमानसँग सम्बन्धित उपकरण खरिद गर्नु परेमा वा भाडामा लिनु परेमा।	विमान खरिद कार्यलाई सहज बनाउन आवश्यक भएको
		खण्ड (च१) थप गरिएको	(च१) पूर्वाधार कम्पनीले जिम्मा पाएको निर्माण कार्य गर्दा आवश्यक पर्ने निर्माण सामग्री खरिद तथा मेशिन उपकरणहरू भाडामा लिने सम्बन्धी कार्य गर्दा	पूर्वाधार कम्पनीले निजी क्षेत्रसँग प्रतिस्पर्धा गरी व्यावसायिक काम गर्ने भएकोले
		(३) सार्वजनिक निकायले उपदफा (१) को खण्ड (ग), (घ), (ङ) र (च) बमोजिमको खरिदको लागि आवश्यक कार्यविधि बनाई सार्वजनिक खरिद अनुगमन कार्यालयको सहमति लिई स्वीकृत गराई लागू गर्नु पर्नेछ ।	(३) सार्वजनिक निकायले उपदफा (१) को खण्ड (ग), (घ), (ङ), (च) र **(च१)** बमोजिमको खरिदको लागि आवश्यक कार्यविधि बनाई सार्वजनिक खरिद अनुगमन कार्यालयको सहमति लिई स्वीकृत गराई लागू गर्नु पर्नेछ ।	उपदफा मिलाइएको
४५.	**<u>दफा ७४ मा उपदफा (४) थपिएको:</u>**	.....	(४) नेपाल सरकार,नेपाल सरकारका मन्त्रालय वा कुनै निकायबाट हुने कुनै काम वा निर्णय गर्न यस ऐनमा कुनै निकाय वा पदाधिकारी तोकिएकोमा प्रदेश सरकार	संघ, प्रदेश र स्थानीय तहको प्रशासनिक संरचना एकआपसमा नमिल्ने हुँदा प्रदेश र स्थानीय तहको

			र स्थानीय तहबाट त्यस्तो काम वा निर्णय गर्नको लागि प्रदेश सरकार र स्थानीय तहले सम्बन्धित तहको निकाय वा पदाधिकारी तोक्ने गरी व्यवस्था गर्नु पर्नेछ।"	प्रशासनिक संरचना अनुसार निर्णय गर्ने पदाधिकारी तिनै निकायको कानूनले तोक्न मिल्ने व्यवस्था गरिएको ।